# जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना (२०७७-२०८७)

**नेपाल सरकार**
**वन तथा वातावरण मन्त्रालय**
सिंहदरवार, काठमाडौं
२०७७

प्रकाशक : नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं, नेपाल

स्वीकृत मिति : २०७७ पौष ३ गते

निर्णय स्तर : नेपाल सरकार (माननीय मन्त्रीस्तर)

प्रकाशित प्रति : २०००

मुद्रण :

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. : ३९८७

सिंहदरबार, काठमाडौं

पत्र संख्या :-

चलानी नं. :-



## प्राक्कथन

नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेका राष्ट्रहरू मध्येमा पर्दछ । नेपालमा जलवायु परिवर्तनको असर र प्रभाव विशेष गरी महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक र सीमान्तकृत समुदाय तथा भौगोलिक विकटताका क्षेत्रमा बढी परेको छ । महिला तथा सीमान्तकृत समुदायहरूको जीविकोपार्जन तुलनात्मक रूपमा प्राकृतिक स्रोतमा बढी निर्भर रहेको र यी स्रोतहरू जलवायु परिवर्तनका असरप्रति अति संवेदनशील रहेका कारण स्रोतहरूको उपलब्धता र गुणस्तरमा आएको क्रमिक ह्रास एवं क्षतिका कारणले ती समुदायको जीविकोपार्जनमा प्रत्यक्ष असर पारेको छ । साथै जीविकोपार्जनका वैकल्पिक अवसरहरूको अभावका कारण उनीहरू परिवर्तित प्रतिकूल परिस्थितिको सामना गर्न असमर्थ हुने गरेका छन् ।

नेपालको संविधानले महिला, संकटासन्न तथा विभिन्न सामाजिक समूहका नागरिकहरूको समान हकलाई सुनिश्चित गरेको छ र लैङ्गिक समानता तथा सामाजिक समावेशिताका लागि पर्याप्त आधारहरू स्थापित गरेको छ । परम्परागत रूपमा समाजमा रहेका विभेदलाई प्रतिवन्ध गर्ने तथा सकारात्मक विभेदका असल प्रावधानहरूलाई प्रोत्साहन गरिएको छ । नेपालको राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ ले जलवायुमैत्री नीति निर्माण तथा कार्यान्वयनमा लैङ्गिक समानता तथा सामाजिक समावेशितालाई मूलप्रवाहीकरण गर्ने कुरा प्राथमिकतामा राखेको छ । यसका साथै नीतिले महिला तथा आधारभूत अधिकारवाट वञ्चित भएका समूहहरूमा जलवायु परिवर्तनका असरहरूको जोखिम न्यूनीकरण र अनुकूलन क्षमता विकासका लागि जोड दिएको छ ।

वन तथा वातावरण मन्त्रालयले जलवायु परिवर्तन सम्बन्धी विभिन्न नीतिगत दस्तावेजहरूलाई अद्यावधिक गर्ने, परिमार्जन गर्ने तथा आवश्यकता अनुसार थप नीति निर्माण समेत गर्ने प्रकृयालाई अगाडि बढाइरहेको छ । यसरी, देशको वद्लिदो राजनैतिक संरचना, लैङ्गिक तथा सामाजिक समावेशिताको क्षेत्रमा राज्यले अघि सारेका संवैधानिक र नीतिगत प्रावधानहरू एवं जलवायु परिवर्तनसँग सम्वन्धित विभिन्न क्षेत्रगत नीतिहरू लगायत अन्तरराष्ट्रिय स्तरमा विकास भएका नीतिहरूसँग सामञ्जस्यता कायम गर्न समयसापेक्ष रणनीतिको अपरिहार्यता महसुस गरिएको हो ।

यस पृष्ठभूमिमा राष्ट्रिय जलावयु परिवर्तनका क्षेत्रगत तथा उपक्षेत्रगत नीति, रणनीति तथा कार्यनीतिमा लैङ्गिक मूलप्रवाहीकरण गर्न र संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन प्रारूप महासन्धि अन्तर्गतको प्राबधानहरूलाई सम्बोधन गर्न यो जलवायु परिवर्तन सम्वन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना तयार गरिएको हो । यो रणनीति तथा कार्ययोजनाको तयारीको क्रममा सरोकारवालाहरूको सहभागिता तथा प्राप्त सुझावहरूलाई समेत ग्रहण गरी अन्तिम रूप दिईएको हुँदा यसको प्रभावकारी कार्यान्वयन हुनेमा म आशाबादी छु ।

अन्तमा, यो रणनीति तथा कार्ययोजना तयार गर्ने कार्यमा संलग्न वन तथा वातावरण मन्त्रालयका साथै रचनात्मक सुझाव प्रदान गर्नु हुने सम्पूर्ण सरोकारवालाहरूलाई धन्यबाद दिन चाहन्छु ।

(प्रेमबहादुर आले)

मन्त्री

पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. : ३८
सिंहदरबार, काठम

पत्र संख्या :-

चलानी नं. :-

प्राप्त पत्र संख्या र मिति :-

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं



## दुई शब्द

जलवायु परिवर्तनको प्रतिकूल प्रभाव नेपालमा तुलनात्मक रूपमा बढी परिरहेको छ । नेपालको औसत तापक्रम वृद्धिदर समग्र विश्वको औसत वृद्धिदर भन्दा बढी छ भने वर्षा, हिमपात आदिको प्रवृत्ति र स्वरूपमा आएको परिवर्तनले अतिवृष्टि, अनावृष्टि तथा खण्डवृष्टि बढिरहेको छ । बाढी, पहिरो तथा डढेलो जस्ता मौसमजन्य प्रकोपहरूमा तीव्रता आएका कारण नेपालमा प्राकृतिक श्रोत एवम् धनजनको क्षति हुनुको साथै जीविकोपार्जनमा समेत प्रतिकूल प्रभाव परेको छ ।

नेपालको संवेदनशील भौगोलिक अवस्था एवं अन्तरनिहित गरिबीका कारण जलवायु परिवर्तनको संकटासन्नता थप जटिल बनेको छ । आर्थिक, सामाजिक र शैक्षिक रूपमा पछाडि परेका समुदाय र खासगरी गरिब, महिला, दलित, आदिवासी जनजाति, मधेसी अन्य सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, भौगोलिक विकटतामा रहेका वासिन्दाहरूमा जलवायु परिवर्तनको असर र प्रभाव अत्याधिक रूपमा रहेको छ । नेपाल सरकारले जलवायु परिवर्तनका कारण सिर्जित समस्याहरूलाई सम्बोधन गर्न अन्तर्राष्ट्रिय प्रतिबद्धता र राष्ट्रिय आवश्यकता अनुरूप आफ्नो दायित्व निर्वाह गर्दै आएको छ । यसका लागि नेपालले राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ लगायत विभिन्न नीतिहरूको तर्जुमा गरी कार्यान्वयन समेत गरिसकेको छ ।

राष्ट्रिय जलवायु परिवर्तन नीतिले जलवायु परिवर्तन सम्बन्धी नीति निर्माण, संस्थागत संरचना तथा कार्यक्रम कार्यान्वयनमा सुशासन र लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्दै जीविकोपार्जनमा सहजीकरण गर्ने प्रावधान समावेश गरेको छ । साथै अनुकूलनका क्षेत्रमा गरिएका विभिन्न अभ्यासहरूवाट हासिल गरिएका अनुभव तथा अध्ययन अनुसन्धानवाट प्राप्त सुझाव अनुसार नेपालका जलवायु परिवर्तन सम्बन्धी नीतिहरूमा समाजमा विद्यमान सामाजिक, आर्थिक, राजनैतिक पक्षहरूलाई थप गहिराईमा पुगेर विश्लेषण गर्दै सामाजिक न्यायको सवाललाई उच्च प्राथमिकतामा राख्नुपर्ने आवश्यकता महसुस गरिएको हो । संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन प्रारूप महासन्धिको पक्ष राष्ट्रको हैसियतले नेपालले उक्त महासन्धीको प्रावधानहरू कार्यान्वयन गर्नका लागि जलवायु परिवर्तनका क्षेत्रमा लैङ्गिक समानतालाई उच्च प्राथमिकतामा राखेको छ ।

तसर्थ, राष्ट्रिय आवश्यकता र अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूलाई प्रभावकारी रूपमा सम्बोधन गर्न वन तथा वातावरण मन्त्रालयको पहलमा यो जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना (२०७७-२०८७) तयार गरिएको हो । यो रणनीति तथा कार्ययोजनाको तयारीको लागि बिभिन्न चरणहरूमा जलवायु परिवर्तनका क्षेत्रमा कार्यरत बिभिन्न सरोकारवालाहरूसँग प्रत्यक्ष रूपमा परामर्श गरिएको र प्राप्त सुझावहरूका आधारमा मस्यौदालाई अन्तिम रूप दिईएको हो । यसको कार्यान्वयनमा सबै सरोकारवालाहरूबाट अपनत्व ग्रहण हुने र सोही अनुरूपका कार्यक्रमहरू तर्जुमा हुने विश्वास लिएको छु । यो रणनीति तथा कार्ययोजना तयार गर्ने कार्यमा संलग्न वन तथा वातावरण मन्त्रालय मातहतका जलवायु परिवर्तन व्यवस्थापन महाशाखा, योजना, अनुगमन तथा समन्वय महाशाखा, कानुन तथा फैसला कार्यान्वयन शाखाका पदाधिकारीहरू, आर्थिक, प्राविधिक तथा रचनात्मक सुझाव प्रदान गर्नु हुने परियोजना तथा सम्पूर्ण सरोकारवालाहरूलाई धन्यबाद दिन चाहन्छु ।

(डा. विश्वनाथ ओली)

सचिव

# विषयसूची


| | |
|---|---|
| १. पृष्ठभूमि | १ |
| २. राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू | २ |
| ३. नयाँ रणनीति र कार्ययोजनाको आवश्यकता | ३ |
| ४. परिकल्पना, लक्ष्य तथा उद्देश्यहरू | ४ |
| ५. क्षेत्रगत रणनीतिहरू | ५ |
| ६. अन्तर विषयगत सवालहरू सम्बन्धी रणनीति | ११ |
| ७. रणनीति र कार्ययोजनाको अवधि र मूल्यांकनका सूचकहरू | १५ |
| ८. संस्थागत संरचना | १६ |
| | |
| क्षेत्रगत कार्ययोजना | १८ |
| ५.१ कृषि तथा खाद्य सुरक्षा | १८ |
| ५.२ वन, जैविक विविधता तथा जलाधार संरक्षण | २३ |
| ५.३ जलस्रोत तथा ऊर्जा | २७ |
| ५.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन | ३१ |
| ५.५ स्वास्थ्य, खानेपानी तथा सरसफाई | ३५ |
| ५.६ ग्रामीण र शहरी बसोबास | ३८ |
| ५.७ उद्योग, यातायात र भौतिक पूर्वाधार | ४१ |
| ५.८ पर्यटन एंव प्राकृतिक तथा सांस्कृतिक सम्पदा | ४२ |
| | |
| अन्तर बिषयगत सवाल सम्बन्धी कार्ययोजना | ४३ |
| ६.१ अध्ययन अनुसन्धान क्षमता विकास र प्रचार प्रसार | ४३ |
| ६.२ लैङ्गिक योजना तथा बजेट | ४५ |
| ६.३ जलवायु परिवर्तन महासन्धि प्रक्रियामा सहभागिता | ४६ |
| ६.४ अनुगमन तथा मूल्यांकन | ४९ |

# जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना (२०७७-२०८७)

## १. पृष्ठभूमि

नेपाल जलवायु परिवर्तनको उच्च जोखिममा रहेका राष्ट्रहरू मध्येमा पर्दछ। जलवायु संवेदनशील भौगोलिक अवस्था एवं अन्तरनिहित गरिबीका कारण संकटासन्नता थप जटिल बनेको छ। नेपालमा वार्षिक वर्षा-चक्रमा हेरफेर, लामो समयसम्म खडेरी पर्ने तथा तीव्र वर्षात् हुने गरेको छ। सन् १९७४-२०१४ सम्ममा नेपालको तापक्रम औसत ०.५६ डिग्री सेल्सियसले बढेको देखिन्छ। अध्ययन अनुसार शताब्दीको अन्त्य सम्ममा वर्षा औसत ११-२३ प्रतिशत र औसत तापक्रम १.७२-३.५८ डिग्री सेल्सियसले वृद्धि हुने अनुमान गरिएको छ। जलवायु परिवर्तनका असरहरू सवत्र अनुभव गरिए तापनि यसबाट पर्ने प्रभावको असर व्यक्ति, परिवार र समुदायको अनुकूलन क्षमता र संकटासन्नताको आधारमा असमान हुने र विद्यमान अवस्थामा सामाजिक, सांस्कृतिक, आर्थिक र राजनैतिक विभेदको सामना गरिरहेको निश्चित समुदाय तुलनात्मक रूपमा बढी प्रभावित हुने गरेको तथ्य विश्वव्यापी रूपमा स्वीकारिएको छ। जलवायु परिवर्तनबाट सृजित चुनौतीहरूको सामना गर्नका लागि आवश्यक स्रोत, साधन एवं क्षमताको अभावका कारण यी समुदाय/वर्गहरू जलवायु परिवर्तनबाट थप संकटासन्न अवस्थामा रहेका छन्।

जलवायु परिवर्तनको दर, विशेषता, परिमाण र व्यक्ति वा प्रणालीको अनुकूलन क्षमता संकटासन्नताका कारक तत्वहरू हुन्। संकटासन्नताको सर्वमान्य परिभाषा स्थापित भएको पाईंदैन। यो विकास र वातावरणीय परिवर्तनप्रतिको संवेदनशीलतामा आधारित हुन्छ र स्थानीय परिवेश अनुसार फरक हुन्छ। नेपालको संविधानले आर्थिक, सामाजिक र शैक्षिक रूपमा पछाडि परेका समुदायको रूपमा गरीब, महिला, दलित, आदिवासी जनजाति, मधेसी अन्य सीमान्तकृत समुदाय, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, भौगोलिक विकटतामा रहेका बासिन्दाहरू, यौनिक अल्पसंख्यक, नागरिकताविहिन व्यक्तिहरूलाई परिभाषित गरेको छ। उक्त सामाजिक समूहलाई रणनीतिले संकटासन्न समूहको रूपमा उल्लेख गर्दै उनीहरूको अनुकूलन क्षमता वृद्धिलाई विशेष प्राथमिकतामा राखेको छ।

व्यक्ति, परिवार वा समुदायको अनुकूलन क्षमता स्रोत माथिको पहुँच, जीविकोपार्जनको रणनीति तथा निर्णय प्रकृयामा रहने सहभागिताले निर्धारण गरेको हुन्छ। नेपालमा जलवायु परिवर्तनको असर र प्रभाव विशेष गरी महिला, दलित, आदिवासी जनजाति, अल्पसंख्यक र सीमान्तकृत समुदाय तथा भौगोलिक विकटताका क्षेत्रमा बढी परेको छ। महिला तथा सीमान्तकृत समुदायहरूको जीविकोपार्जन तुलनात्मक रूपमा प्राकृतिक स्रोतमा बढी निर्भर रहेको र यी स्रोतहरू जलवायु परिवर्तनका असरप्रति अति संवेदनशील रहेका कारण स्रोतहरूको उपलब्धता र गुणस्तरमा आएको क्रमिक ह्रास एवं क्षतिका कारणले ती समुदायको जीविकोपार्जनमा प्रत्यक्ष असर पारेको छ। साथै जीविकोपार्जनका वैकल्पिक अवसरहरूको अभावका कारण उनीहरू परिवर्तित प्रतिकूल परिस्थितिको सामना गर्न असमर्थ हुने गरेका छन्।

कमजोर आर्थिक, सामाजिक अवस्था, समाजमा स्थापित परम्परागत लैङ्गिक भूमिका, सेवामूलक घरायसी कार्यको जिम्मेवारी, स्रोत तथा सेवामा असमान पहुँच, फरक एवं विशिष्ट शारीरिक र स्वास्थ्य सम्बन्धी आवश्यकता, जीविकोपार्जनका अवसरको सीमितता, निर्णय प्रकृयामा सहभागिताको कमी, लगायत विभेदपूर्ण सामाजिक साँस्कृतिक मान्यता तथा नीतिगत व्यवस्थाहरू नै लैङ्गिक असमानताका प्रमुख कारक तत्वहरू हुन्। विद्यमान लैङ्गिक असमानताको कारण महिलाको अनुकूलन क्षमतामा नकारात्मक असर परेको छ र उनीहरू जलवायु परिवर्तनको असमानुपातिक प्रभावको सामना गरिरहेका छन्।

जलवायु परिवर्तनको बढ्दो असरलाई संवोधन गर्नका लागि नेपालले विभिन्न नीतिहरूको निर्माण गरी कार्यान्वयन समेत गरिसकेको छ। राष्ट्रिय जलवायु परिवर्तन नीतिले जलवायु परिवर्तन सम्बन्धी नीति निर्माण, संस्थागत संरचना तथा कार्यक्रम कार्यान्वयनमा सुशासन र लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्दै जीविकोपार्जनमा सहजीकरण गर्ने प्रावधान समावेश गरेको छ। साथै अनुकूलनका क्षेत्रमा गरिएका विभिन्न अभ्यासहरूबाट हासिल गरिएका अनुभव तथा अध्ययन अनुसन्धानबाट प्राप्त सुझाव अनुसार नेपालका जलवायु परिवर्तन सम्बन्धी नीतिहरूमा समाजमा विद्यमान सामाजिक, आर्थिक, राजनैतिक पक्षहरूलाई थप गहिराईमा पुगेर विश्लेषण गर्दै सामाजिक न्यायको सवाललाई उच्च प्राथमिकतामा राख्नुपर्ने आवश्यकता महसुस गरिएको छ।

## २. राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू

नेपालको संविधानले महिला, संकटासन्न तथा विभिन्न सामाजिक समूहका नागरिकहरूको समान हकलाई सुनिश्चित गरेको छ र लैङ्गिक समानता तथा सामाजिक समावेशिताका लागि पर्याप्त आधारहरू स्थापित गरेको छ। परम्परागत रूपमा समाजमा रहेका विभेदलाई प्रतिवन्ध गर्ने तथा सकारात्मक विभेदका असल प्रावधानहरूलाई प्रोत्साहन गरिएको छ। महिला अधिकार सम्बन्धी दफाले वंशजको समान अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यको अधिकार, राज्यका सबै निकायहरूमा सहभागी हुन पाउने हक, पारिवारिक मामिला तथा सम्पत्ति माथिको हक, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक पहललाई सुनिश्चित गरेको छ। समानताको हक सम्बन्धी दफाले सामाजिक र सांस्कृतिक रूपले पछाडि पारिएका समूहहरूको सुरक्षा, सशक्तीकरण र विकासको लागि विशेष प्रावधानहरूको व्यवस्था गरेको छ भने सामाजिक न्यायको हकले राज्यका अंगहरूमा समावेशी र समानुपातिक प्रतिनिधित्वको आधारमा सहभागी हुन पाउने अधिकार स्थापित गरेको छ।

नेपालको राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ ले जलवायुमैत्री नीति निर्माण तथा कार्यान्वयनमा लैङ्गिक समानता तथा सामाजिक समावेशितालाई मूलप्रवाहीकरण गर्ने कुरा प्राथमिकतामा राखेको छ। यसका साथै नीतिले महिला तथा आधार भूत अधिकारबाट वञ्चित भएका समूहहरूमा जलवायु परिवर्तनका असरहरूको जोखिम न्यूनीकरण र अनुकूलन क्षमता विकासका लागि जोड दिएको छ। जलवायु परिवर्तन बजेट कोडले लैङ्गिक पक्षलाई एउटा महत्वपूर्ण क्षेत्रको रूपमा उल्लेख गरेको छ। नेपालको कृषि विकास रणनीति २०७२ ले महिला तथा गरीब वर्ग जलवायु परिवर्तनका असरहरूबाट सबैभन्दा बढी प्रभावित हुने कुरा उल्लेख गरेको छ। कृषि यान्त्रीकरण प्रवर्द्धन रणनीति २०७१ ले महिला तथा वातावरणमैत्री कृषियन्त्र तथा उपकरणहरूको पहिचान तथा प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ। कृषि जैविक विविधता नीति २०६३ (पहिलो संसोधन) २०७१ ले कृषकको परम्परागत ज्ञानको खोज, प्रवर्द्धन र उपयोगका लागि महिला, आदिवासी जनजाति र विपन्न वर्गहरूको समावेशीकरणलाई उल्लेख गरेको छ। कृषि तथा पशुपंक्षी विकास मन्त्रालयको लैङ्गिक रणनीतिले लैङ्गिक असमानतालाई कम गर्ने तथा कृषि क्षेत्रका विद्यमान कठिनाईका प्रणालीगत ढाँचालाई सुल्झाउने प्रयत्न गरेको छ।

विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ ले विपद्को जोखिममा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित सिमान्तकृत वर्ग तथा समुदाय, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष योजना बनाई कार्यान्वयन गर्नुपर्ने कुरालाई उल्लेख गरेको छ। यसै गरी विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८–२०३० विपद्का घटनाबाट असमानुपातिक रूपमा प्रभावित हुने (Disproportionately affected) लैङ्गिक, उमेर एवं सामाजिक समूह, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरण, समावेशीकरण, सहज पहुँच र विभेदरहित सहभागिताको सुनिश्चितता गर्ने कुरालाई जोड दिएको छ।

राष्ट्रिय रेड प्लस रणनीति २०७५ तथा उत्सर्जन न्यूनीकरण कार्यक्रम २०७५, राष्ट्रिय निर्धारित योगदान २०७३, वनक्षेत्रको रणनीति (२०१६-२०२५) लगायतका दस्तावेजहरूले कार्बन तथा गैरकार्बन लाभांशको न्यायोचित् वितरण र गरीब तथा वनमा आश्रित समुदायको जीविकोपार्जनका अवसरहरूको सुनिश्चितता गर्ने प्रतिवद्धता गरेको पाईन्छ। राष्ट्रिय प्राथमिकताको यस

बिषयलाई सम्बोधन गर्न महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयको संयोजकत्वमा सबै मन्त्रालय र विभागहरूमा लैङ्गिक सम्पर्क व्यक्ति (फोकल प्वाइन्ट) व्यवस्था गरिएको छ ।

जलवायु परिवर्तन एवं लैङ्गिक तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिवद्धताहरू अन्तर्गत संयुक्त राष्ट्रसङ्घीय वातावरण तथा विकास सम्बन्धी सम्मेलन, सन् १९९२ को एजेन्डा २१ को भाग २४, दिगो विकास सम्बन्धी विश्व सम्मेलन, सन् २००२ को जोहानेसवर्ग कार्यान्वयन योजना, मानव अधिकार सम्बन्धी विश्व सम्मेलन (सन् १९९३), जनसंख्या र विकास सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (सन् १९९४), सामाजिक विकास सम्बन्धी विश्व सम्मेलन (सन् १९९५), राष्ट्रसङ्घीय सुरक्षा परिषद् प्रस्ताव १३२५ र १८२०, सहस्राब्दी घोषणा (सन् २०००) र महिला विरुद्धका सबै किसिमका विभेदको उन्मूलन सम्बन्धी महासन्धि (सन् १९७९), बेइजिङ कार्य-मञ्चको अनुच्छेद 'ट', महिला सम्बन्धी चौथो विश्व सम्मेलन (सन् १९९५) र संयुक्त राष्ट्रसंघीय दिगो विकास लक्ष्य २०३० मा नेपालले सहमति जनाई सकेको छ ।

विकासका अवसरहरूबाट कुनै पनि व्यक्ति वा समुदाय वञ्चितीकरणमा नपरून् (Leave no one Behind) भन्ने दिगो विकास लक्ष्य २०३० को आधारभूत सिद्धान्त रहेको छ । जलवायु परिवर्तन अनुकूलन सम्बन्धी लक्ष्य १३ ले गरीब ग्रामीण आदिवासी महिलाहरूको जीविकोपार्जन स्थानीय प्राकृतिक स्रोतमा आधारित रहेको र जलवायु परिवर्तनको कारण उनीहरू भिन्न किसिमले प्रभावित भएको कुरालाई उल्लेख गर्दै जलवायु परिवर्तनका असरलाई न्यूनीकरण गर्न लैङ्गिक समानता अपरिहार्य रहेको कुरा स्पष्ट रूपमा उल्लेख गरेको छ ।

जलवायु परिवर्तन सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि (सन १९९४) को नेपाल पनि पक्ष राष्ट्रको रूपमा रहेको छ । लैङ्गिक समानता तथा सामाजिक समावेशिता उक्त सन्धिको मुख्य सरोकारको विषय रहेको छ । पेरिस सम्झौता (सन् २०१५), लिमा विस्तारित कार्यक्रम तथा महासन्धिको लैङ्गिक कार्यगत योजना लैङ्गिक समानता तथा सामाजिक समावेशिताको हिसावले उच्च महत्वका मानिन्छन् । जसमध्ये पेरिस सम्झौताले संकटासन्न समुदाय र पर्यावरणीय हितलाई ध्यानमा राखि लैङ्गिक उत्तरदायी, सहभागितामूलक तथा पारदर्शी दृष्टिकोणलाई प्रोत्साहन गर्दै स्थानीय तथा राष्ट्रिय आवश्यकताका आधारमा क्षमता अभिवृद्धि तथा संस्थागत आधार तयार गर्नुपर्ने कुरालाई विशेष जोड दिएको छ ।

## ३. नयाँ रणनीति र कार्ययोजनाको आवश्यकता

देशको शासन व्यवस्था संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण भएको छ । यसै क्रममा शासकीय संरचनाहरू केन्द्र, प्रदेश र स्थानीय तहमा पुनःसंरचना भएका छन् । यस अवस्थामा सबै तहका सरकारलाई लैङ्गिक तथा सामाजिक समावेशी जलवायु परिवर्तन अनुकूलनका लागि उत्तरदायी बनाउनु आवश्यक छ । राष्ट्रियस्तरमा कार्यान्वयन भएका अनुकूलनका अभ्यासहरूबाट प्राप्त अनुभव तथा विभिन्न अध्ययन अनुसन्धानहरूले समेत जलवायु परिवर्तनको प्रभाव विभिन्न सामाजिक समूह, लिङ्ग तथा उमेर समूहमा एकैनासको नभै फरक फरक हुन्छ भन्ने तथ्यलाई सावित गरिसकेका छन् । यो असमानतालाई सम्वोधन गर्नका लागि विशिष्ट अवधारणा सहितको नीतिगत दस्तावेजको अपरिहार्यता रहेको छ ।

नेपालको संविधानले सबै नागरिकहरूको समान अधिकार सुनिश्चित गरेको छ र समावेशी राज्यको परिकल्पना गरेको छ । स्थानीय सरकार संचालन ऐन २०७४ ले लैङ्गिक, सीमान्तकृत समुदाय, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक एवं अल्पसंख्यक समुदायको छुट्टाछुट्टै तथ्याङ्क व्यवस्थापन गर्न जोड दिएको छ । यसका साथै ऐनले महिलाका विरुद्ध हुने सबैखाले भेदभावको अन्त्य गर्ने र स्थानीय तहमा गठन हुने विभिन्न समितिहरूमा महिलाका साथै अन्य सामाजिक समूहको अनिवार्य प्रतिनिधित्वलाई सुनिश्चित गर्दै सबै क्षेत्रमा समावेशी निर्णय प्रकृयालाई प्रोत्साहन गरेको छ ।

संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन प्रारूप महासन्धिले जलवायु परिवर्तनका क्षेत्रमा लैङ्गिक समानतालाई उच्च प्राथमिकताका साथ अघि सारेको छ र पक्ष राष्ट्रहरूलाई लैङ्गिक उत्तरदायी नीति निर्माणका लागि प्रोत्साहित गरेको छ । उक्त महासन्धिका

पेरिस सम्झौता र परिमार्जित लिमा लैङ्गिक कार्यक्रम तथा कार्ययोजना (Enhanced Lima work programme on gender and its gender action plan) विशेष मार्गदर्शक नीति तथा कार्यक्रमका रूपमा रहेका छन् । महासन्धिको पक्ष राष्ट्रका हैसियतले नेपालका राष्ट्रियस्तरका नीतिहरूको उल्लेखित निर्णय, सम्झौता तथा कार्ययोजनाहरूसँग तादाम्यता रहनु पनि आवश्यक हुन्छ ।

वन तथा वातावरण मन्त्रालयले जलवायु परिवर्तन सम्बन्धी विभिन्न नीतिगत दस्तावेजहरूलाई अद्यावधिक गर्ने, परिमार्जन गर्ने तथा आवश्यकता अनुसार थप नीति निर्माण समेत गर्ने प्रकृयालाई अगाडि बढाइरहेको छ । जस अन्तरगत राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ तयार भई कार्यान्वयनको प्रकृयामा छ । यसरी, देशको वद्लिदो राजनैतिक संरचना, लैङ्गिक तथा सामाजिक समावेशिताको क्षेत्रमा राज्यले अघि सारेका संवैधानिक र नीतिगत प्रावधानहरू एवं जलवायु परिवर्तनसँग सम्बन्धित विभिन्न क्षेत्रगत नीतिहरू लगायत अन्तर्राष्ट्रिय स्तरमा विकास भएका नीतिहरूसँग सामञ्जस्यता कायम गर्न समयसापेक्ष रणनीतिको अपरिहार्यता महसुस गरिएको छ ।

यस पृष्ठभूमिमा खास गरी राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ ले औंल्याएका क्षेत्रगत तथा उपक्षेत्रगत नीति, रणनीति तथा कार्यनीतिमा लैङ्गिक मूलप्रवाहीकरण गर्न र संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन प्रारूप महासन्धि अन्तर्गतको परिमार्जित लिमा लैङ्गिक कार्यक्रम तथा कार्ययोजना (Enhanced Lima work programme on gender and its gender action plan) मा पक्षराष्ट्र तथा राष्ट्रिय लैङ्गिक तथा जलवायु परिवर्तन सम्पर्क बिन्दु (National Gender and Climate Change Focal Point) लाई तोकिएका जिम्मेवारीहरूलाई आन्तरिकीकरण गरी कार्यान्वयन गर्न यो जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना (२०७७-२०८७) जारी गरिएको छ ।

# ४. परिकल्पना, लक्ष्य तथा उद्देश्यहरू

**परिकल्पना (सोच):**

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सहितको जलवायु उत्थानशील विकास मार्फत् समृद्ध राष्ट्र निमार्णमा योगदान ।

**लक्ष्य:**

जलवायु परिवर्तन अनुकूलन र न्यूनीकरणका निर्णय प्रक्रिया तथा स्रोत र साधनमा महिला तथा संकटासन्न समुदायको पहुँच बढाई उनीहरूको अनुकूलन क्षमता वृद्धि गर्ने ।

**उद्देश्यहरू :**

१) संघीय, प्रादेशिक तथा स्थानीय तहका जलवायु परिवर्तन सम्बन्धी नीति, योजना, बजेट, कार्यक्रम तथा प्रक्रियाहरूमा लैङ्गिक समानता, महिला सशक्तीकरण र सामाजिक समावेशितालाई मूलप्रवाहीकरण गर्ने ।

२) स्थानीय तहमा जलवायु अनुकूलन योजना तर्जुमा र कार्यान्वयन प्रकृयामा लैङ्गिक समानता तथा सामाजिक समावेशिता मूलप्रवाहीकरणलाई संस्थागत गर्ने ।

३) जलवायु परिवर्तनको सामाजिक तथा लैङ्गिक प्रभावको अध्ययन अनुसन्धान लैङ्गिक तथा सामाजिक समावेशीकरणका खण्डिकृत तथ्यांक एवं सूचनाहरू संकलन, भण्डारण एवं विश्लेषण गर्ने ।

४) जलवायु परिवर्तन तथा विपद् उत्थानशील क्षमता विकास गर्न आवश्यक लैङ्गिक मैत्री प्रविधिको विकास र प्रसार गरी प्रविधिमा बञ्चितिमा परेका समूहहरूको पहुँच अभिवृद्धि गर्ने ।

५) जलवायु परिवर्तनको वित्तीय व्यवस्थालाई लैङ्गिक समानता तथा सामाजिक न्याय प्रवर्द्धन गर्ने गरी परिचालन गर्ने ।

६) विभिन्न जाति, वर्ग, क्षेत्र र लिङ्ग बीच रहेको संकटासन्नता र अनुकूलन क्षमताको भिन्नता कम गर्ने ।

७) जलवायु परिवर्तनसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि, सम्झौता वार्ता लगायत समग्र संयन्त्र र प्रक्रियाहरूमा महिलाहरूको नेतृत्व विकास र सहभागिता बढाउने ।

८) जलवायु परिवर्तनको क्षेत्रमा सम्पादित कार्यहरूको नियमित रूपमा लैङ्गिक तथा सामाजिक समावेशिताका सूचकहरूको आधारमा अनुगमन तथा मूल्यांकन गर्ने र लैङ्गिक परीक्षणलाई संस्थागत गर्ने ।

९) जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणको क्षेत्रमा लैङ्गिक समावेशीकरणको दृष्टिकोणले गरिएका अन्तर्राष्ट्रिय प्रतिवद्धताहरूलाई प्रभावकारी कार्यान्वयनका लागि त्यस्ता प्रतिवद्धताहरूको बारेमा सरोकारवालाहरूलाई अभिमूखीकरण गर्ने र नीति कानुन, योजना, कार्यक्रम तथा बजेटमा मूलप्रवाहीकरणलाई संस्थागत गर्ने ।

# ५. क्षेत्रगत रणनीतिहरू

माथि उल्लेखित लक्ष्य तथा उद्देश्यहरू पूरा गर्न राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ को प्राथमिकता अनुसार ८ वटा क्षेत्रमा लैङ्गिक उत्तरदायी तथा समावेशी रणनीतिहरू अबलम्वन गरिनेछ ।

## ५.१ कृषि तथा खाद्य सुरक्षा

जलवायु परिवर्तनको असरबाट कृषि क्षेत्र अति संवेदनशील भएका कारण यस क्षेत्रको संकटासन्नता पनि उच्च रहेको छ । नेपाल लगायत विश्वमा नै कृषियोग्य जमीनमा महिलाको पहुँच तथा स्वामित्व न्यून रहेको छ । यसका साथै उत्पादनशील स्रोतहरू, वित्तीय पूँजी, कृषि सामग्री, बीमा सेवा, प्रसार सेवा, अन्य परामर्श सेवामा संकटासन्न समुदाय र त्यसमा पनि महिलाको पहुँच अत्यन्त कम रहेको छ । कृषि तथा पशुपालन सम्बन्धी पारिवारिक निर्णयमा पनि पुरुषहरू कै भूमिका उच्च रहने गर्दछ । नेपालको कृषिमा महिलाहरू कृषि मजदुरको रूपमा ७०% भन्दा बढी योगदान गर्दछन् तर भूमिमाथिको स्वामित्व भने जम्मा १९.७१% रहेको छ । यस्तो स्वामित्वमा पनि जमीनका मालिकका रूपमा महिलालाई स्थापित गरेको नभई महिलाका नाउँमा जग्गा खरिद गर्दा कर कम लाग्ने वा सगोलका सम्पतिमा नगाभियोस् भन्ने उद्देश्यले परिवारका पुरुष सदस्यकै निर्णयबाट महिलाको स्वामित्वमा राखेको देखिन्छ । यसरी, एकातिर उत्पादनशील स्रोतहरू माथिको पहुँच सिमित छ भने अर्कोतिर अनुकूलनका लागि विकास गरिएका नयाँ प्रविधिहरू पनि लैङ्गिक उत्तरदायी तथा विपन्नमुखी हुन नसक्दा समानताका हिसावले परिणाममुखी हुन सकेका छैनन् ।

प्रायजसो संकटासन्न समुदायहरूको पहुँचमा कम उब्जनी हुने सीमान्तकृत जमीनहरू पर्दछन् जसमा सिंचाई सुविधा पुगेको हुँदैन र खेतीका लागि आकासे पानीमा निर्भर हुनुपर्दछ । आकासे पानी पर्ने मौसमी तालिका, मात्रा र समयावधिमा आएको फेरवदलले उनीहरू बढी मात्रामा प्रभावित हुने गरेका छन् । कम उर्वर बारीहरूमा खन्ने, गोडमेल गर्ने, मलजल गर्ने तथा बिउ संकलन र भण्डारण गर्ने काम प्रायजसो परिवारका महिला सदस्यहरूको जिम्मेवारी अन्तरगत पर्दछन् । माटोको उर्वरा शक्तिमा आएको कमी र रुखोपन व्यवस्थापन गर्न मलजल, सिंचाई र खन्ने काममा महिलाहरूले बढी शारीरिक श्रम लगाउनुपर्ने भएको छ भने नौला किसिमका रोगकीरा तथा झारपातहरूको वृद्धिले वालीनालीको हेरचाह र गोडमेलमा बढी समय र श्रम लगाउनुपर्ने भएको छ । वालीहरूको फुल्ने, फल्ने र पाक्ने समयचक्रमा आएको फेरवदलसँगै रोग कीराको प्रकोप बढ्दा बिउ भण्डारण गर्न कठिनाइ हुँदा महिला तथा किशोरीहरू थप समस्यामा छन् ।

जलवायु परिवर्तनका कारण कृषि उत्पादनमा आएको ह्रासले महिला तथा बालबालिकाहरूको खाद्य असुरक्षा बढेको कुरा विभिन्न अध्ययनहरूले औंल्याएका छन् । कृषि उत्पादनमा आएको ह्रासले महिला तथा संकटासन्न परिवारमा ऋणको बोझ बढेको छ । जीविकोपार्जनको विकल्पको खोजीमा पुरुषहरूको वैदेशिक रोजगारीमा जाने बढ्दो क्रमसँगै एकातिर महिलाहरूमा घरायसी कार्यका साथै कृषि कार्यको थप बोझ परेको छ भने अर्कोतिर दीर्घकालीन रूपमा उनीहरूको जीवनस्तर जटिल बन्दै गईरहेको छ । महिला तथा सीमान्तकृत समुदायको सूचनामा न्यून पहुँच हुने भएकाले जलवायु परिवर्तनमा अनुकूलनका विधि र प्रक्रिया अवलम्बन गर्न असमर्थ रहेका छन् । महिलाहरूको सेवामूलक कामको जिम्मेवारी बढी हुने भएकाले कृषिको

उत्पादन, प्रशोधन, बजारीकरण सम्बन्धी ज्ञान तथा सीप विकासका अवसरहरूमा सहभागी हुने अवसर ज्यादै कम पाउँछन् । यसका साथै लैङ्गिक मैत्री बजार संरचना र संयन्त्रको अभाव र बजारमा पुरुषको परम्परागत भूमिका रहेकोले उत्पादनको बजारीकरणबाट महिलाहरू लाभान्वित हुन सकेका छैनन् ।

**रणनीतिहरू :**

**रणनीति ५.१.१ :** कृषिमा जलवायु परिवर्तनबाट पर्ने असर र अनुकूलन प्रविधिलाई बढी समावेशी, समन्यायिक र उत्पादनमूलक बनाउन महिला तथा संकटासन्न समुदायको सहभागिता र प्राविधिक क्षमता अभिवृद्धि गर्ने ।

**रणनीति ५.१.२ :** महिला तथा संकटासन्न कृषकहरूलाई प्रभावकारी रूपमा जलवायु परिवर्तनका असरहरूसँग सामना गर्न सक्षम बनाउने तथा खाद्य सुरक्षा बढाउने खालका अनुकूलनका प्रविधिहरू उपलब्ध गराउने ।

**रणनीति ५.१.३ :** उत्पादनशील भूमिमाथि महिलाको स्वामित्व बढाउने तथा उत्पादनमूलक स्रोतहरू लगायत अनुकूलन केन्द्रित कृषि प्रसार सेवा तथा सूचनामा महिला र संकटासन्नको पहुँच बढाउने ।

**रणनीति ५.१.४ :** महिला तथा जलवायु संकटासन्न समुदायको कृषि उद्यमशीलता अभिवृद्धि गर्नका लागि बजारसँग जोडिएका भौतिक संरचना, बजार संयन्त्र र बजार सूचना प्रणाली जस्ता विषयलाई लैङ्गिक दृष्टिकोणबाट विष्लेषण गरी महिलाहरूको आर्थिक कृयाकलापमा संलग्नता बढाउने ।

**रणनीति ५.१.५ :** जलवायु परिवर्तनबाट प्रभावित, महिला तथा संकटासन्न घरधुरीहरूलाई कृषि तथा विपद् (जोखिम) बीमा व्यवस्थाको लागि निजी क्षेत्रसँग सहकार्य गर्ने ।

**रणनीति ५.१.६ :** जलवायू परिवर्तनबाट सृजित महिलाको बढ्दो कार्यबोझ कम गर्ने प्रविधिको विकास र विस्तार गर्ने साथै लैङ्गिकमैत्री कृषि औजारमा पहुँच पुऱ्याउने ।

## ५.२ वन, जैविक विविधता तथा जलाधार संरक्षण

जलवायु परिवर्तनको प्रतिकूल असरका कारण पारिस्थितिकीय प्रणालीका सेवा सुविधाको उपलब्धता र गुणस्तरमा आएको ह्रासका कारण प्राकृतिक स्रोतमा आश्रित समुदायको जीविकोपार्जनमा नकारात्मक प्रभाव परेको छ। नेपालका ग्रामीण क्षेत्रका महिला तथा संकटासन्न समुदायहरू वन पैदावारका प्राथमिक उपभोक्ताको रूपमा रहेका छन् र वनजन्य उत्पादनको संरक्षण, व्यवस्थापन र उपभोग सम्बन्धी परम्परागत र व्यवहारिक ज्ञानको एउटा प्रमुख स्रोतको रूपमा समेत रहेका छन् । ऊर्जाको प्रमुख स्रोतको रूपमा रहेको दाउरा संकलन, पशुपालनका लागि घाँसपात लगायत विभिन्न प्रकारका जडिबुटीको महत्व तथा कन्दमूलहरूलाई परिवारको खाद्य सुरक्षाको लागि प्रयोग गर्ने वारे उनीहरूको अनुभव विस्तृत एवं विविधतापूर्ण रहेको छ ।

नेपालको सामुदायिक वन व्यवस्थापन, जैविक विविधता तथा जलाधार संरक्षणमा महिला तथा विपन्नको सहभागिताको हिसावले अनुकरणीय मानिन्छ र अन्य निकायहरूको तुलनामा सामुदायिक वनमा महिलाको सदस्यता र सहभागिता प्रशंसायोग्य पनि मानिन्छ । वनक्षेत्रका लागि लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति (२०६५) ले वन क्षेत्रमा कार्य गर्ने सबै निकायहरूलाई दलित, गरीब, महिला एंव अन्य वञ्चित वर्गप्रति संवेदनशील भई उनीहरूको समावेशीकरण सुनिश्चित गर्ने उद्देश्य राखेको छ ।

यद्यपि, वन, जैविक विविधता तथा जलाधार संरक्षणको समग्र संस्थागत प्रकृया तथा शासन प्रणालीमा महिला तथा विपन्न समुदायको सहभागिता भए पनि नेतृत्वमा उपयुक्त प्रतिनिधित्व भएको पाईदैन ।

बहुमूल्य वन पैदावारहरूको व्यापार व्यवसाय तथा वनमा आधारित उद्यमहरूमा महिला र विपन्नको पहुँच तथा नियन्त्रण स्थापित हुन सकेको छैन र महिलाहरूको वन व्यवस्थापनको प्राविधिक ज्ञानका अवसरहरूमा पहुँचको अभाव रहेको छ । वन, जैविक विविधता तथा जलाधारको संरक्षण र व्यवस्थापनका लागि बढी श्रम-योगदान महिलाले नै गरेपनि यी स्रोतबाट

भएको फाइदा के कसरी वितरण गर्ने भन्ने सवालमा हुने निर्णय प्रक्रियामा चाहिं पुरुषहरू कै मुख्य भूमिका रहने गरेको छ। समग्रमा वन, जैविक विविधता तथा जलाधार व्यवस्थापनमा अझै पनि महिलालाई निर्णय-प्रक्रियामा पहुँच स्थापित गर्न र प्रभाव पार्न कठिनाइ भइरहेको छ।

**रणनीतिहरू**

**रणनीति ५.२.१ :** वन, जैविक विविधता तथा जलाधार संरक्षण र व्यवस्थापनको सबै तहका निर्णय प्रकृयामा महिला सहभागिता तथा नेतृत्व सुनिश्चित गर्ने।

**रणनीति ५.२.२ :** वन, जैविक विविधता तथा प्राकृतिक स्रोतमा आधारित हरित व्यवसायद्वारा आर्थिक अवसरहरूमा महिला तथा संकटासन्नहरूको पहुँच बढाउने।

**रणनीति ५.२.३ :** न्यायोचित वितरण प्रणालीको सुनिश्चितता गरी वनमा आश्रित जीविकोपार्जनको प्रवर्द्धन मार्फत् महिला तथा संकटासन्नहरूको अनुकूलन क्षमता वृद्धि गर्ने।

**रणनीति ५.२.४ :** डढेलो, हावाहुरी जस्ता जलवायुजन्य जोखिमबाट प्रभावित महिला तथा संकटासन्नहरूमा पर्ने असर न्यूनीकरण र व्यवस्थापनको लागि विभिन्न तहमा आवश्यक भौतिक पूर्वाधार, मानव संसाधन र प्रविधिको विकास गर्ने।

**रणनीति ५.२.५ :** वन व्यवस्थापन समूहहरूको कोषलाई महिला तथा संकटासन्नको वैकल्पिक जीविकोपार्जनका अवसरहरूका लागि परिचालन गर्दै जलवायु अनुकूलन क्षमता अभिवृद्धि गर्ने।

## ५.३.जलस्रोत तथा ऊर्जा

जलचक्रमा सम्भावित परिवर्तनसँगै जलस्रोतको परिमाण र गुणस्तरमा आएको ह्रास नेपालले भोग्ने जलवायु परिवर्तनसँग सम्बन्धित सबैभन्दा ठूलो वातावरणीय चुनौती हो। घरायसी प्रयोजन र कृषिकार्यमा चाहिने पानी संकलनकर्ता, उपभोक्ता र व्यवस्थापकको रूपमा महिलाहरूकै भूमिका रहेका कारण यो परिस्थितिले उनीहरूको कार्यबोझ बढेको छ। एउटा अध्ययनका अनुसार पानी खोज्न निस्कने प्रत्येक महिलाले औसतमा प्रत्येक दिन बर्षायाममा १.३ घण्टा र सुख्खा मौसममा २ देखि ३ घण्टा खर्चिनु पर्दछ। पानी संकलनका निम्ति बढी समय व्यतीत गर्नुपर्ने भएका कारण महिलाहरूले आय-आर्जनका क्रियाकलापहरूमा संलग्न हुने अवसरबाट वञ्चित हुनु पर्दछ भने किशोरीहरूका शैक्षिक कृयाकलापहरूमा सम्झौता गर्नुपर्ने हुन्छ। वैकल्पिक स्रोतहरू जस्तै- आकासे पानीको व्यवस्थित संकलन तथा भूमिगत जल उपयोगका लागि प्राविधिक, आर्थिक क्षमताका साथै सामाजिक पहुँचको समेत आवश्यकता पर्ने हुँदा यस्ता विकल्पहरू महिला तथा संकटासन्न समुदायको पहुँचबाट टाढा छन्।

दिगो तथा स्वच्छ ऊर्जाको पहुँच संकटासन्नता तथा अनुकूलन क्षमतासँग प्रत्यक्ष रूपमा सम्बन्धित हुन्छ। नेपालमा ग्रामीण क्षेत्रका ७५.१ प्रतिशत घर-परिवारहरू ऊर्जाका लागि मुख्यरूपमा दाउरामा निर्भर छन्। परम्परागत चुल्होको प्रयोग गर्दा घरभित्रको वायु प्रदूषण अन्तर्राष्ट्रिय मापदण्डभन्दा धेरै माथि हुन्छ। आधुनिक र सहज ऊर्जाको उपलब्धताले प्रविधिको प्रयोग गरी जीविकोपार्जन विविधीकरण गर्न तथा महिलाहरूको परम्परागत कार्यबोझ घटाई उनीहरूको जीवनस्तर सुधार्न समेत सहयोग पुगेका उदाहरणहरू पाइएको छ।

नेपाल सरकारले नविकरणीय ऊर्जा प्रविधिको विकासलाई प्राथमिकता दिंदै आएको छ। हरितगृह ग्याँस उत्सर्जनको न्यूनीकरण मार्फत् जलवायु परिवर्तनको न्यूनीकरण, राष्ट्रिय तहमा ऊर्जा सुरक्षाको खोजी र अवसरविहीन समुदायमाझ स्थानीय तहमै उपयुक्त एवं दिगो ऊर्जाको विकास गर्ने प्रयास समेत संचालन हुँदै आएको छ। यी लक्ष्यहरू हासिल गर्न ऊर्जा उपयोगको परम्परागत दृष्टिकोणमा रूपान्तरण आवश्यक छ। दिगो ऊर्जाको विकासका सन्दर्भमा लैङ्गिक विषयलाई एकीकृत गर्नु अति आवश्यक छ। नवीकरणीय ऊर्जा परियोजना र नीतिहरूमा महिला तथा संकटासन्न समुदायको सहभागितालाई सुनिश्चित गरी उपयुक्त प्रविधि र आवश्यक ज्ञानमा उनीहरूको पहुँच स्थापित गर्नु मूल प्राथमिकताको रूपमा रहनु पर्छ।

**रणनीतिहरू :**

**रणनीति ५.३.१ :** जलस्रोत संरक्षणको लागि महिला सहभागितामा आधारित पानीको बहु उपयोगी प्रणालीको विकास गर्ने तथा पानीका स्रोत संरक्षणका अभियान संचालन गर्ने ।

**रणनीति ५.३.२ :** जलस्रोत तथा स्वच्छ ऊर्जाको स्रोत तथा स्रोतको विकास र व्यवस्थापनमा महिला तथा संकटासन्न समुदायको प्राविधिक क्षमता अभिवृद्धि गर्ने ।

**रणनीति ५.३.३ :** जलवायु, जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी नीति तथा कानूनमा लैङ्गिक दृष्टिकोण मूलप्रवाहीकरण गर्ने तथा निर्णय प्रकृयामा महिला तथा संकटासन्नहरूको सहभागिता अभिवृद्धि गर्ने ।

**रणनीति ५.३.४ :** विद्युत प्रसारणको राष्ट्रिय संजालबाट वञ्चित महिला तथा संकटासन्नहरूको नविकरणीय ऊर्जाका अन्य स्रोतको उपयोग गर्ने प्रविधिको सुलभ पहुँच पुऱ्याउने र घरभित्र नविकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने ।

**रणनीति ५.३.५ :** महिलाको पहुँच र प्रयोगका हिसावले सहज एवं समय र इन्धनको हिसावले किफायती हरित ऊर्जा प्रविधिको विकास तथा विस्तार गर्ने ।

## ५.४. विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन

विपद्का घटनाहरूमा पुरुषको तुलनामा महिला तथा किशोरीहरू बढी मात्रामा प्रभावित हुने गरेका छन् । यसको मुख्य कारण उनीहरूमा निहित संकटासन्नता भन्दा पनि समाजमा स्थापित संरचनागत लैङ्गिक मूल्य मान्यता, असमान शक्ति सम्बन्ध तथा स्रोतमाथिको पहुँच तथा नियन्त्रण आदि रहेका छन् । पूर्वतयारी सम्बन्धी ज्ञान र आकस्मिक सूचनाको पहुँच नभएका कारण उनीहरूको मृत्युदर उच्च हुने गरेको पाईन्छ । विपद्को समयमा महिलाहरूको सेवामूलक, घरायसी तथा सामाजिक समेत कार्यबोझ बढ्ने तथा आधारभूत सेवा सुविधाहरू अवरुद्ध भएका कारण थप कठिनाई सामना गनुपर्ने हुन्छ । राहत सामग्रीहरूको वितरणमा महिलाहरूका विशिष्ट आवश्यकताहरूलाई प्राथमिकतामा नराखिने तथा अस्थाई आवासहरू लैंङ्गिक मैत्री नहुँदा महिलाहरूलाई थप असहजता हुने गर्दछ भने सुत्केरी तथा गर्भवती महिलाहरू विशेष रूपमा प्रभावित हुने गर्दछन् । स्वास्थ्य सेवामा पहुँचको अभावका कारण महिलाहरू सामान्य तथा प्रजनन् स्वास्थ्य सम्बन्धी समस्याको शिकार हुने गरेका छन् । विस्थापित भएको अवस्थामा सुरक्षित आवासको अभावमा महिलाहरू यौनजन्य तथा घरेलु हिंसाको समेत जोखिममा रहने गर्छन् ।

आर्थिक स्रोतमाथि नियन्त्रणको अभावले गर्दा महिला तथा संकटासन्न समुदायहरू विपद् पश्चात् जीविकोपार्जन पुनर्स्थापनाका लागि लगानी गर्न असमर्थ रहने गर्छन् । सामाजिक कृयाकलाप र निर्णय प्रकृयामा सहभागिता कम भएकाले महिला तथा विपन्नहरूको राहत तथा पुनरलाभका कार्यक्रम सम्बन्धी सूचनामा पहुँच न्यून हुने गर्दछ । यसका अलावा राहत तथा पुनर्स्थापनाका कार्यक्रमहरूमा वैधानिक परिचय पत्रहरू (नागरिकताको प्रमाणपत्र) तथा सम्पत्तिमाथिको स्वामित्वको प्रमाणपत्र (लालपुर्जा) जस्ता कागजातहरूलाई आधार बनाईने र यस्ता कागजातहरूको अभावमा महिला, भूमिहीन लगायतका संकटासन्न समूहहरू राहत तथा पुनर्स्थापनबाट वञ्चितीकरणमा पर्ने गरेका छन् । विपद् पूर्वतयारीका कार्यक्रमहरूमा महिलाहरूको प्राविधिक दक्षता बढाउने, आर्थिक कृयाकलाप मार्फत् जीविकोपार्जनलाई सुदृढ गर्ने तथा विपद् व्यवस्थापनमा उनीहरूको नेतृत्व विकास गर्नुपर्ने अपरिहार्यता रहेको छ । समग्र उत्थानशीलता विकासमा उनीहरूको योगदानको पहिचान गर्दै महिलाहरूको औपचारिक वा अनौपचारिक संजाल र त्यस मार्फत् उनीहरूमा रहेको सामाजिक परिवेश र संकटासन्नता सम्बन्धी ज्ञानलाई संस्थागत गर्नु अत्यावश्यक रहेको छ ।

**रणनीतिहरू :**

**रणनीति ५.४.१ :** विपद् व्यवस्थापन सम्बन्धी हरेक तहमा महिला नेतृत्वको सुनिश्चितता सहित संस्थागत संरचनाहरूको निर्माण गर्ने ।

**रणनीति ५.४.२ :** महिलाहरूलाई विपद् प्रतिकार्य सम्बन्धी प्राविधिक ज्ञान तथा सीपहरू उपलब्ध गराउने र नियमित रूपमा कृत्रिम घटना अभ्यासहरू मार्फत् क्षमतालाई अध्यावधिक गर्ने ।

**रणनीति ५.४.३ :** विपद्‌का समयमा आईपर्ने महिला हिंसा तथा त्यसबारे सचेतना वृद्धि गर्नुका साथै सुरक्षा सम्बन्धी आवश्यक संयन्त्रहरूको स्थापना तथा विकास गर्ने ।

**रणनीति ५.४.४ :** पूर्वसूचना प्रणाली तथा विपद् व्यवस्थापन सम्बन्धी सूचना संयन्त्रमा सूचना तथा संचार प्रविधिको माध्यमबाट महिलाको पहुँच बढाउने ।

**रणनीति ५.४.५ :** महिला तथा अति संकटासन्न समुदाय केन्द्रित जोखिम न्यूनीकरण, विपद् व्यवस्थापन तथा समग्र विकासका कार्यक्रमहरू संचालन गर्ने ।

## ५.५. स्वास्थ्य, खानेपानी तथा सरसफाई

जलवायु परिवर्तनका कारण तापक्रम तथा वर्षाको प्रवृत्तिमा आएको प्रतिकूल परिवर्तनबाट विभिन्न पानीजन्य तथा परजीवीजन्य रोगहरूको जोखिम बढ्दै गईरहेको अवस्था छ। स्वास्थ्य सेवामा न्यून पहुँच, स्वस्थ जीवनशैली र संस्कार सम्बन्धी चेतनाको अभाव, घरायसी र सेवामूलक कार्यबोझ, आर्थिक स्रोतको अभाव जस्ता कारणहरूले गर्दा महिलाहरूको सामान्य तथा प्रजनन् स्वास्थ्य जोखिमपूर्ण अवस्थामा गुज्रेको पाईन्छ। जलवायु परिवर्तनका कारण कृषि, ऊर्जा, जलस्रोत, वन लगायतका क्षेत्रमा परेको नकारात्मक असर र यसको परिणाम प्रत्यक्ष र अप्रत्यक्षरूपमा महिला स्वास्थ्यमा देखा परेको अवस्था छ। विश्व स्वास्थ्य संगठनको एक अध्ययन अनुसार जलवायु परिवर्तनले मानव स्वास्थ्यमा पार्ने असर उमेर, सामाजिक-आर्थिक वर्ग, पेशा र लिङ्गका आधारमा फरक हुने गरेको छ।

स्वच्छ पानीको सुलभ आपूर्ति नहुँदा महिला तथा किशोरीहरूको व्यक्तिगत स्वास्थ्य र सरसफाईमा असर पुगेको हुन्छ। खानेपानीको आपूर्ति सुलभ हुने भए कुल बचत गरिएको समयको न्यूनतम ३० प्रतिशतलाई अन्य आर्थिक क्रियाकलापमा लगाउन सकिने कुरा पनि अध्ययनहरूले देखाएका छन्। नेपालमा पानीको आपूर्ति तथा सरसफाई क्षेत्र, विकासका नीति एवं जलस्रोत सम्बद्ध नीतिहरूले लैङ्गिक विषयलाई महत्व दिएका छन्। राष्ट्रिय नीतिले उल्लेख गरेको कार्यादेश अनुरूप कार्यक्रम योजना र बजेट निर्माणमा पनि लैङ्गिक समतालाई सुनिश्चित गर्ने प्रयत्नहरू भईरहेका छन्। महिलाको सहभागितालाई अधिकांश कार्यक्रम/परियोजनाहरूका दस्तावेजहरूमा अभिन्न रूपमा लिईए पनि व्यवहारमा भने महिलाहरूको सहभागितामा अनेकौं व्यवधानहरू रहेका हुन्छन्। निर्णय प्रक्रियामा महिला सदस्यहरूको भूमिकालाई प्राय बेवास्ता गरिन्छ।

सामुदायिक खानेपानी तथा सरसफाई परियोजना सम्बन्धी अध्ययनले महिलाको पूर्ण सहभागितामा योजना निर्माण र सञ्चालन गरिने परियोजनाहरू बढी दिगो र प्रभावकारी हुने देखाएको छ। यसका साथै स्वच्छ पानीको उपलब्धता सामाजिक हैसियतसँग पनि जोडिएका कारण कतिपय जाति र समुदायहरू स्वच्छ पानीबाट वञ्चित रहेका छन् र यसले उनीहरूको संकटासन्नता बढाएको देखिन्छ। तसर्थ, जलवायु परिवर्तनसँग सम्बन्धित संकटासन्नता न्यून गर्न मद्दत गर्ने अनुकूलनका उपायहरूमा महिला तथा संकटासन्न समुदायलाई पूर्णरूपमा संलग्न गराउँदै उनीहरूको पहुँच सुनिश्चित गर्नु आवश्यक छ।

**रणनीतिहरू :**

**रणनीति ५.५.१ :** जलवायु परिवर्तन र लैङ्गिक समावेशीकरणलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका नीति तथा संस्थागत संरचनामा समावेश गर्ने ।

**रणनीति ५.५.२ :** जलवायु परिवर्तन र प्रतिकूल मौसमका कारण जल र रोगवाहक कीटाणुहरूबाट महिला तथा संकटासन्नहरूमा उत्पन्न हुने स्वास्थ्य जोखिम घटाउन आवश्यक नीति तर्जुमा गरी सामुदायिक र व्यक्तिगत तहमा प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

**रणनीति ५.५.३ :** जलवायु परिवर्तनबाट स्वास्थ्य क्षेत्रमा परेको लैङ्गिक असरवारे अध्ययन अनुसन्धान गर्ने तथा अनुकूलनका उपायहरूको पहिचान गर्ने ।

**रणनीति ५.५.४ :** शहरी र ग्रामीण क्षेत्रमा पानी वितरणका लागि महिला तथा संकटासन्न समुदायको सहभागितामा उनीहरूको आवश्यकता पहिचान गरी लैङ्गिक उत्तरदायी संरचना विकास गर्ने ।

## ५.६ ग्रामीण र शहरी बसोबास

जलवायु परिवर्तनका प्रतिकूल असरहरू अन्य क्षेत्रमा जस्तै ग्रामीण र शहरी क्षेत्र, पूर्वाधार तथा यातायातमा पनि प्रत्यक्ष अनुभव गरिएको छ। नेपालमा विगत केही वर्षदेखि शहरीकरण अप्रत्यासित र अव्यवस्थित रूपमा बढेको छ। आवश्यक मापदण्डहरू पूरा नगरी बनाईएका संरचनाहरू, वातावरणीय विनाश तथा शहरी गरिबी जस्ता समस्याहरूले शहरी क्षेत्रमा प्रतिकूल वातावरणीय घटनाहरूको जोखिम बढ्दै गएको अध्ययनहरूले पुष्टि गरेका छन्। खुला स्थानहरूको कमी आपत्कालीन निकास मार्गको अभाव प्रायः सबै शहरहरूको समस्याको रूपमा रहेको छ। शहरी क्षेत्रमा नदी किनारका असुरक्षित र भिराला जमिनहरूमा रहेका सुकुम्वासी वस्तीहरू बढी मात्रामा जोखिममा रहेको पाईन्छ। यी वस्तीहरूमा खुला स्थानहरूको कमी आपत्कालीन निकास मार्गको अभाव, जग्गाको स्वामित्वको अनिश्चितता, घरहरूमा विजुली, खानेपानी तथा सरसफाई जस्ता आधारभूत सुविधाहरूको कमी रहेको छ।

यसका अतिरिक्त, घर निर्माणका लागि निम्न गुणस्तरका निर्माण सामग्रीको प्रयोग भएका कारण पर्याप्त प्रकाश तथा वायुसंचारको कमी छ। प्रकोप न्यूनीकरणका संरचना तथा पानीको निकासको अभावका कारण वर्षायाममा पानीको सतह बढेर डुवानको समस्या हुने गर्दछ। स्वास्थ्य सेवामा पहुँचको कमीका कारण पानीजन्य रोगको प्रकोप पनि समस्याको रूपमा रहेको छ, । मूलधार सहरी समुदायबाट वहिस्करण तथा न्यून आर्थिक तथा सामाजिक सामर्थ्यका कारण अनौपचारिक क्षेत्रमा काम गर्ने महिलाहरूको सामाजिक तथा आर्थिक सुरक्षाको अभाव रहेको छ। यस्ता वस्तीहरूमा राज्यको तर्फबाट सेवामुखी प्रावधानको कमी तथा जोखिम न्यूनीकरणका उपायहरूको पनि अभाव रहेको पाईन्छ। नेपालको पन्ध्रौं योजनाले सुविधासम्पन्न र सुरक्षित आवासलाई महत्व दिएको छ। यसका साथै योजनाले व्यवस्थित र आधुनिक शहरीकरणलाई रूपान्तरणको संवाहकका रूपमा लिएको छ।

**रणनीतिहरू :**

- **रणनीति ५.६.१ :** संकटासन्न शहरी तथा ग्रामीण वस्तीहरूमा विपद् जोखिम न्यूनीकरण तथा समग्र रूपमा उत्थानशीलता अभिवृद्धि गर्ने।
- **रणनीति ५.६.२ :** सुरक्षित एवं जलवायु उत्थानशील शहरी तथा ग्रामीण आवास नीति तथा कार्यक्रममा लैङ्गिक मैत्री अवधारणालाई बढावा दिने।
- **रणनीति ५.६.३ :** आधारभूत सुविधासहितको लैङ्गिक मैत्री सुरक्षित एवं जलवायु उत्थानशील आवासलाई प्रोत्साहन गर्ने।

## ५.७ उद्योग, यातायात र भौतिक पूर्वाधार

नेपालको जलवायु नीतिले भरपर्दो, दिगो र न्यून कार्बन प्रविधियुक्त उद्योग, यातायात र भौतिक पूर्वाधारको विकासद्वारा जलवायु उत्थानशील आर्थिक विकासतर्फ अग्रसर हुने लक्ष्य लिएको छ। उद्योग तथा यातायात क्षेत्रका हरितगृह ग्याँस उत्सर्जन न्यूनीकरण गर्नुपर्ने र हरित उद्यम प्रवर्द्धन मार्फत् महिला तथा संकटासन्न समुदायको आर्थिक उन्नति गर्नुपर्ने प्रमुख आवश्यकता रहेको छ। यसका साथै उद्योगहरूमा प्रयोग भएको प्रविधि महिला मैत्री नभएका कारण समग्र क्षेत्रमा नै महिला सहभागिताको कमी रहेको र महिला मैत्री प्रविधिको विकास गरी यस क्षेत्रमा लैङ्गिक समावेशिता अभिवृद्धि गर्नु आवश्यक देखिन्छ।

यातायातका साधनहरूको पहुँच र प्रयोगमा महिला र संकटासन्न समुदायको कमी रहेको तर यसबाट हुने उत्सर्जनबाट उनीहरू बढी मात्रामा प्रभावित हुने गरेको पाईएको छ। विशेषगरी, सडकमा पैदलयात्रा गर्दा, अन्य जीविकोपार्जनका कृयाकलाप गर्दा साथै स्वास्थ्य सेवामा पहुँच कम भएको कारण यी समस्याहरू देखा परेका छन्। महिला तथा संकटासन्न समुदायको प्रयोगमा र छनौटमा सामूहिक/सार्वजनिक यातायातका साधनहरू पर्ने गरेको विभिन्न अध्ययनहरूले देखाएका छन्। सार्वजनिक यातायात कार्बन उत्सर्जन न्यूनीकरणका लागि पनि महत्वूर्ण हुन्छ। तर पनि शहरी क्षेत्रमा महिला तथा

संकटासन्न समुदायको यातायातको आवश्यकता, साधन छनौट, गन्तव्य सहित समग्र आवागमन सम्बन्धी व्यवहारको सही विश्लेषण गरिएको छैन । यसका साथै सार्वजनिक यातायातलाई महिला बालबालिका र अशक्त मैत्री बनाउनका लागि उक्त क्षेत्रमा हुने हिंसा र दुर्व्यवहार जस्ता कुरालाई नियन्त्रण गर्न उपयुक्त कानुनी व्यवस्थाको आवश्यकता रहेको छ ।

भौतिक पूर्वाधारहरूको निर्माण सम्बन्धी योजना तर्जुमा तथा निर्णय प्रकृयामा महिला तथा संकटासन्न समुदायको सहभागिता नगन्य रहेका कारण उनीहरूका आवश्यकता र सरोकारहरूको संबोधन हुन सकेको छैन र निर्मित संरचनाहरूले उक्त समुदायको अनुकूलन क्षमता वृद्धि गर्नुको सट्टा उल्टै थप संकटासन्नता बढाएको छ । उदाहरणका लागि उपयुक्त र आवश्यक प्राविधिक सुपरिवेक्षण नगरी विस्तार गरिएका ग्रामीण सडकहरूका कारण वर्षात्को समयमा बाढी पहिरोको समस्याका साथै पानीको उपयुक्त निकासको अभावमा महिला बालबालिका र शारीरिक अशक्तहरूको आवागमन असहज हुने गरेको पाईएको छ ।

**रणनीतिहरू :**

**रणनीति ५.७.१ :** उद्योग, यातायात र भौतिक पूर्वाधार विकासका कृयाकलापहरूलाई न्यून कार्बन एवं लैङ्गिक उत्तर दायी बनाउन प्रोत्साहन गर्ने ।

**रणनीति ५.७.२ :** महिला तथा जलवायु संकटासन्न समुदायको सहज आवागमन र सहभागिता वृद्धि मार्फत् आर्थिक उन्नति अभिवृद्धि गर्ने ।

## ५.८ पर्यटन एंव प्राकृतिक तथा सांस्कृतिक सम्पदा

नेपालको पर्यटन व्यवसाय देशको प्राकृतिक र साँस्कृतिक विविधतामा आधारित रहेको छ । जलवायु परिवर्तनको असरका कारण प्राकृतिक सम्पदाहरू जोखिममा पर्न गएका छन् । कुनै पनि भौगालिक क्षेत्रको विशिष्ट साँस्कृतिक पहिचान उक्त क्षेत्रको प्राकृतिक वातावरणमा आधारित हुने भएकोले जलवायु परिवर्तनका कारण विभिन्न भौगोलिक क्षेत्रमा बसोबास गर्ने समुदायको विशिष्ट पहिचान, जीवन शैली र रहनसहनमा परिवर्तन आएको महसुस गरिएको छ । पर्यटन क्षेत्रलाई जलवायु मैत्री बनाउँदै हरित आर्थिक विकासका अवसरहरू अभिवृद्धि गर्नुपर्ने प्रमुख आवश्यकता रहेको छ ।

पानी, दाउरा, घाँस जस्ता प्राकृतिक स्रोतको उपलब्धतामा आएको ह्रासका कारण पर्यटन उद्योगमा संलग्न महिला तथा संकटासन्न समुदायको कार्यबोझ साथै लागत (Cost) बढ्न गई पर्यटन व्यवसायमा नकारात्मक प्रभाव परेको छ भने कतिपय ठाउँमा पानीका स्रोतहरूको अभावमा कतिपय वस्तीहरू नै अन्यत्र स्थानान्तरण गर्नुपर्ने अवस्था समेत उत्पन्न भएको छ । उपयुक्त मौसम पूर्वसूचना प्रणालीको सहज उपलब्धता र पहुँच नभएका कारण वाह्य पर्यटकका साथै आन्तरिक पर्यटकहरू विशेष गरी तिर्थाटनका लागि जाने महिला, बालबालिका, ज्येष्ठ नागरिकहरू उच्च जोखिममा पर्ने गरेका छन् ।

**रणनीतिहरू :**

**रणनीति ५.८.१ :** पर्यापर्यटन व्यवसायमा संलग्न महिलाहरूको जोखिम र संकटासन्नता कम गर्ने ।

**रणनीति ५.८.२ :** महिला तथा संकटासन्न समुदायका विशिष्ट आवश्यकताहरूको पहिचान र संबोधन गर्दै पर्यापर्यटनमा आश्रित जीविकोपार्जनलाई अभिवृद्धि गर्ने ।

# ६. अन्तर विषयगत सवालहरू सम्बन्धी रणनीति

माथि उल्लेखित लक्ष्य तथा उद्देश्यहरू पूरा गर्न राष्ट्रिय जलवायु परिवर्तन नीति २०७६ को प्राथमिकता अनुसार ३ वटा अन्तरबिषयगत क्षेत्रमा लैङ्गिक उत्तरदायी तथा समावेशी रणनीतिहरू अवलम्वन गरिनेछ ।

## ६.१ अध्ययन अनुसन्धान, क्षमता विकास र प्रचार प्रसार

जलवायु परिवर्तन अनुकूलनमा लैङ्गिक समानता तथा सामाजिक समावेशिता सम्बन्धी ज्ञान तथा अनुभवहरूलाई अभिलेखीकरण गर्नु महत्वपूर्ण हुन्छ । यस विषयमा हाम्रो देशमा सीमित सामग्रीहरू मात्रै उपलब्ध छन् । केही स्थानीय तहमा गरिएका अध्ययनहरू उत्साहवर्द्धक भएपनि देशको भौगोलिक विविधता, जलवायुको विविधता तथा सामाजिक सांस्कृतिक परिवेशको विविधताका कारण विशिष्ट परिवेश र शुक्ष्म तहमा भएका अध्ययनहरूलाई समग्र परिवेशमा सामान्यीकरण गर्न कठिनाई महसुस गरिएको छ । यसै गरी अध्ययन र अनुसन्धानका लागि आवश्यक संख्यात्मक तथ्याङ्क (Quantitative data) को पनि अभाव रहेको कुरा विभिन्न अध्ययनहरूले औल्याएका पाईन्छ । पर्याप्त संख्यात्मक (Quantitative) तथा गुणात्मक (Qualitative) तथ्याङ्कहरूको संकलन र व्यवस्थापनका साथै बृहत स्तरका (Large scale) अध्ययनहरूको आवश्यकता महसुस गरिएको छ । यसरी उपलब्ध तथ्याङ्कहरूको विश्लेषणबाट तयार गरिएका सामग्रीहरूलाई उपयुक्त माध्यमबाट लक्षित समुदायसम्म पुऱ्याउनु पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।

सूचना तथा प्रविधिहरूमा रहेका न्यून पहुँचका कारण महिला तथा संकटासन्न समुदायको अनुकूलन क्षमता प्रभावित भएको हुन्छ । विभिन्न तहमा संघ संस्था तथा निर्णय प्रकृयामा महिला तथा विपन्न समुदायको पहुँच न्यून रहेका कारण उनीहरूका सवाल तथा आवश्यकताहरू आवश्यक मात्रामा समेटिन र सम्वोधन हुन सकेका छैनन् । उपयुक्त संस्थागत प्रकृयाद्वारा उनीहरूको सहभागिता र नेतृत्वको सुनिश्चितता गर्नुका साथै उनीहरूको लैङ्गिक तथा समावेशिता सम्बन्धी प्राविधिक क्षमता अभिवृद्धि गर्नु अत्यावश्यक देखिन्छ ।

स्थानीय परिवेशमा आधारित भएर संकटासन्नता तथा अनुकूलन क्षमताको लैङ्गिक विश्लेषण गरी विशिष्ट आवश्यकता, चाहना र अनुकूलन विकल्पहरूको पहिचान गर्नु महत्वपूर्ण हुन्छ । लैङ्गिक विश्लेषणले संकटासन्नता र अनुकूलन क्षमतालाई असर पार्ने संरचनात्मक असमानता तथा शक्ति सम्वन्धहरूलाई पहिचान गर्न सजिलो हुन्छ । यसैले महिला वा पुरुष दुवैलाई उनीहरूले गरिरहेको काममा लैङ्गिक विश्लेषणको महत्वबारे सचेतना जगाउन आवश्यक हुन्छ ।

महिला तथा विपन्न समुदायहरूलाई संकटासन्न समूहको रूपमा लिने गरेको पाईन्छ । यद्यपी प्राकृतिक स्रोतमाथिको प्रत्यक्ष निर्भरता तथा पारिवारिक भूमिकाका अभ्यासको दौरानमा उनीहरूले हासिल गरेको परम्परागत ज्ञान तथा अनुभवलाई भने उचित महत्व दिइएको छैन । प्रविधिको क्षेत्रमा महिलाको पहुँच विश्वव्यापी रूपमा नै कम रहेको पाईन्छ । प्रविधिको विकास तथा प्रयोगमा महिलालाई सरोकारवालाको रूपमा लिने गरिएको छैन र उपलब्ध प्रविधिहरूमा पनि सिमित पहुँच भएको पाइन्छ । फरक लैङ्गिक भूमिका र आवश्यकतालाई सम्वोधन गर्न सक्ने प्रविधिको विकास र विस्तारले महिलाहरूको बढ्दो कार्यबोझ व्यवस्थापन गर्नलाई कार्यदक्षता वृद्धि गर्न तथा समग्रमा परिवारको आर्थिक हैसियत सुधार्न सहयोग पुग्न सक्छ । प्रविधिको छनौटमा लाभान्वित समूहको संलग्नता र निर्णय, पर्यावरणीय हिसावले दिगो तथा सामाजिक हिसावले समतामूलक हुनुपर्दछ ।

**रणनीतिहरू :**

**रणनीति ६.१.१ :** जलवायु परिवर्तनका कारण विभिन्न क्षेत्रमा परेको लैङ्गिक तथा सामाजिक प्रभावहरूको अध्ययन, अनुसन्धान र लेखाजोखा गरी प्राप्त नतिजालाई नीति निर्माण तथा निर्णय प्रकृयासँग समायोजन गर्ने ।

**रणनीति ६.१.२ :** लैङ्गिक तथा सामाजिक उत्तरदायी सूचना र प्रसार सेवाको सुनिश्चित गर्नका लागी जलवायु विपद् व्यवस्थापन सूचना केन्द्रहरू तथा संजालहरूको क्षमता अभिवृद्धि गर्ने ।

**रणनीति ६.१.३ :** क्षेत्रगत रणानीतिहरूको सम्बन्धित क्षेत्रमा जलवायु परिवर्तनका कारण महिला तथा संकटासन्न वर्गमा परेको वा पर्न सक्ने प्रभावको आंकलन तथा पूर्वआंकलन गरी अनुकूलनका रणनीतिहरू तयार गरी कार्यान्वयन गर्ने ।

## ६.२ लैङ्गिक तथा सामाजिक समावेशीकरण योजना तथा बजेट

महिला तथा विपन्न समुदायको स्रोतमाथिको पहुँच न्यून रहेको छ। स्रोतको असमान वितरण संकटासन्नता तथा अनुकूलन क्षमतासँग प्रत्यक्ष रूपमा सम्बन्धित छ। आर्थिक स्रोतमाथि पहुँच तथा नियन्त्रणको अभावका कारण महिला तथा विपन्नहरू विपद्को समयमा जीविकोपार्जन पुनर्स्थापना (Livelihood recovery) का लागि लगानीको अभावका कारण शिघ्र पुनरलाभ गर्न असमर्थ हुने गर्छन्।

लैङ्गिक समानता तथा समावेशी विकासका लागि प्रभावकारी योजना तथा आर्थिक स्रोतको निर्णायक भूमिका रहन्छ। तथापि, आर्थिक स्रोतमा पहुँच तथा स्वामित्वको अभाव, कानूनी सुरक्षा, सूचना तथा बजारमा न्यून पहुँच तथा पारिश्रमिक विनाको सेवामूलक काममा बढी समय खर्चिनुपर्ने जस्ता अवरोधहरूका कारण महिलाहरू जलवायु परिवर्तन सम्बन्धी वित्तीय लाभबाट अझै पनि टाढा नै रहेका छन्। लैङ्गिक उत्तरदायी बजेट महिलाका लागि छुट्टै र थप बजेट नभई लैङ्गिक असमानता र सार्वजनिक वित्त तथा कार्यक्रमहरूको बीचमा सहसम्बन्ध कायम गर्न सहयोग गर्ने बजेट हो। सबै तहमा प्रत्येक कार्यक्रम बजेटमा लैङ्गिक बजेटिङ गर्ने तथा कार्यक्रमका प्रत्येक चरणहरूमा लैङ्गिक परीक्षण गर्नु उपयुक्त हुन्छ। यसका लागि जलवायु परिवर्तन कोषमा लैङ्गिक सम्वेदनशील मापदण्ड तथा सूचकहरूको समेत विकास गर्नु आवश्यक देखिन्छ। महिलाहरूका लागि लक्षित कार्यक्रमहरू तथा त्यसको उल्लेखित सूचकहरूको आधारमा मूल्यांकन गर्ने पद्धतिलाई समेत संस्थागत गर्नुपर्ने आवश्यकता देखिन्छ।

**रणनीतिहरू:**

**रणनीति ६.२.१ :** महिला तथा संकटासन्न समुदायको अनुकूलन क्षमता अभिवृद्धि गर्नका लागि वित्तीय स्रोतमाथिको पहुँच सुनिश्चित गर्ने।

**रणनीति ६.२.२ :** सबै विषयगत क्षेत्रहरूका जलवायु मैत्री कार्यक्रम तथा योजनाहरूमा महिला तथा संकटासन्न समुदायको लाभांश सुनिश्चित गर्ने संस्थागत प्रणालीको विकास गर्ने।

## ६.३ जलवायु परिवर्तन महासन्धी प्रक्रियामा सहभागिता

संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन प्रारूप महासन्धिले जलवायु परिवर्तनका क्षेत्रमा लैङ्गिक समानतालाई विशेष महत्वका साथ प्राथमिकतामा राखेको छ। उक्त महासन्धीको परिमार्जित लिमा लैङ्गिक कार्यक्रम तथा कार्ययोजना (Enhanced Lima work programme on gender and its gender action plan) ले जलवायु परिवर्तनमा लैङ्गिक समानता तथा महिला सशक्तीकरणका लागि पाँच वटा प्राथमिकताका क्षेत्र पहिचान गरेको छ- १) क्षमता विकास, ज्ञानको व्यवस्थापन र संचार (Capacity-building, knowledge management and communication), २) लैङ्गिक सन्तुलन, सहभागिता र महिला नेतृत्व (Gender balance, participation and women's leadership), ३) सँगति (Cohernce), ४) लैङ्गिक उत्तरदायी कार्यान्वयन र कार्यान्वयनको माध्यम (Gender-responsive implementation and means of implementation) र ५) अनुगमन र प्रतिवेदन (Monitoring and reporting)। यस कार्ययोजनामा पक्षराष्ट्रका सरकारहरू (Parties) र तत्तत् देशका राष्ट्रिय लैङ्गिक तथा जलवायु परिवर्तन सम्पर्क बिन्दु (National Gender and Climate Change Focal Points) लाई सन् २०२४ सम्मको समय सीमा भित्र सम्पन्न गर्नु पर्ने जिम्मेवारी समेत तोकेको छ। यसमा क्रमसंख्या १, २ र ४ का प्राथमिकताका क्षेत्रका अधिकाँश कार्ययोजनामा पक्षराष्ट्रका सरकार र राष्ट्रिय लैङ्गिक तथा जलवायु परिवर्तन सम्पर्क बिन्दुलाई जिम्मेवार बनाएको छ भने प्राथमिकता संख्या ३ र ५ मा महासन्धीको क्रमश: सम्बन्धित निकायहरू र सचिवालयलाई जिम्मेवार बनाइएको छ। यिनै क्रमसंख्या १, २ र ४ का प्राथमिकताका क्षेत्रमा पक्षराष्ट्र र लैङ्गिक सम्पर्क बिन्दुले गर्नु पर्ने दायित्वका आधारमा निम्न रणनीतिहरू अवलम्बन गरिनेछ।

**रणनीतिहरू:**

**रणनीति ६.३.१ :** जलवायु परिवर्तन सम्बन्धी क्षमता विकास, ज्ञानको व्यवस्थापन र सूचना प्रसारमा लैङ्गिक समानतालाई संस्थागत गर्ने ।

**रणनीति ६.३.२ :** जलवायु परिवर्तनको अन्तराष्ट्रिय प्रक्रिया र सहभागितामा लैङ्गिक सन्तुलन र महिला नेतृत्व प्रवर्द्धन गर्ने ।

**रणनीति ६.३.३ :** जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय नीति, कार्यक्रम, बजेट, वित्त र प्रविधिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई आन्तरिकीकरण गर्ने ।

## ६.४ अनुगमन तथा मूल्यांकन

जलवायु परिवर्तनको लैङ्गिक प्रभावको मूल्यांकनका लागि महिला, पुरुष तथा यौनिक अल्पसंख्यक र वित्तिय सुविधामा पहुँच सम्बन्धी संख्यात्मक र गुणात्मक छुट्टाछुट्टै तथ्याङ्कको आवश्यकता हुन्छ जसले समाजमा विद्यमान लैङ्गिक भिन्नताको पहिचान गर्ने आधार प्रदान गर्दछ । यस्ता तथ्याङ्कहरूले प्रायजसो विपद्बाट भएको मृत्युको संख्या, ऊर्जाको खपत, निर्णय प्रकृयामा सहभागिताका साथै प्राकृतिक स्रोत तथा वित्तीय सुविधामा पहुँच सम्बन्धी संख्यात्मक फरकलाई उजागर गर्दछन् ।

लैङ्गिक संवेदनशील कार्यक्रम बनाउन, लक्ष्य निर्धारण गर्न तथा कार्यक्रमको प्रभाव मूल्यांकन गर्नका लागि विद्यमान लैङ्गिक असमानता सम्बन्धी सूचनाको आधार (Baseline information) को आवश्यकता पर्दछ । राज्यले संकलन गर्ने जनगणना तथा अनुसन्धानात्मक परियोजनाबाट संकलित तथ्याङ्कहरूलाई पनि लैङ्गिक रूपमा विभाजित गर्नु आवश्यक हुन्छ । यसका अलावा तथ्याङ्कहरूलाई आर्थिक सामाजिक सूचकका हिसावले पनि विभाजित गर्नुपर्ने हुन्छ । महिला, पुरुष, युवा, जेष्ठ नागरिक, धनी, गरीब आदिको जलवायु अनुकूलन सम्बन्धी व्यवहार, प्रणाली तथा संस्कारमा आएको विशिष्ट परिवर्तनवारे जानकारी प्राप्त गर्नका लागि गुणात्मक सूचनाको आवश्यकता हुन्छ र यस्ता जानकारी तथा सूचनालाई लैङ्गिक संवेदनशील नीति निर्माणका लागि प्रयोग गर्ने गरिन्छ ।

**रणनीतिहरू :**

**रणनीति ६.४.१ :** जलवायु परिवर्तनका कार्यक्रमहरूमा लैङ्गिक तथा सामाजिक समावेशीकरण उत्तरदायी अनुगमन तथा मूल्यांकन प्रणालीको विकास गरी संस्थागत गर्ने ।

**रणनीति ६.४.२ :** लैङ्गिक तथा सामाजिक असमानताहरूको वर्तमान आधार (Baseline) तयार गर्ने र केन्द्रीय तथ्याङ्कमा एकीकृत गर्ने, लैङ्गिक तथा सामाजिक खण्डिकृत तथ्यांक संकलन तथा प्रयोगका बिषयहरूलाई प्राथमिकता दिने र राष्ट्रिय संचार प्रतिवेदन (National Communication Report) मा लैङ्गिक समानता र सामाजिक समावेशितालाई आन्तरिकीकरण गर्ने ।

**रणनीति ६.४.३ :** रणनीति तथा कार्ययोजनाको प्रत्येक ५ वर्षमा आवधिक समीक्षा तथा पुनरावलोकन सम्बन्धी व्यवस्था गर्ने ।

# ७. रणनीति र कार्ययोजनाको अवधि र मूल्यांकनका सूचकहरू

यस रणनीति र कार्ययोजनाको अवधि १० वर्षको रहने छ। कार्यान्वयनको पहिलो ५ वर्षपछि मध्यावधि मूल्यांकन गरिने छ र १० वर्षपछि कार्यान्वयनको समीक्षा गरिने छ। रणनीतिका लक्ष्य तथा उद्देश्यहरू प्राप्त भए नभएको कुरा तलका केही महत्वपूर्ण सूचकहरूको आधारमा अनुगमन तथा मूल्यांकन गर्नुपर्दछ।

१ विषयगत मन्त्रालयहरूले रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि विस्तृत कार्यगत योजना (Detail Action Plan) तयार गरी कार्यान्वयन गरेको।

२ सरकार, विकासका साझेदार, निजी क्षेत्र तथा नागरिक समाजको जलवायु अनुकूलनमा लैङ्गिक बजेटमा वृद्धि।

३ लैङ्गिकमैत्री प्रविधिको प्रयोगबाट महिलाको परम्परागत लैङ्गिक भूमिकामा (पारिश्रमिक विनाको सेवामूलक कार्य र कृषि कार्यको बोझ) आएको परिवर्तन, कार्यबोझ न्यूनीकरण, आर्थिक कृयाकलापमा संलग्नता, दैनिक कार्यतालिकामा परिवर्तन।

४ जलवायु अनुकूलनको संस्थागत संरचना, विभिन्न तहका निर्णय प्रकृया, साथै अन्तर्राष्ट्रिय सन्धी सम्झौतामा विभिन्न क्षेत्र, वर्ग र जातीय समुदायका महिलाहरूको नेतृत्वदायी भूमिकामा भएको वृद्धि।

५ सरकार, विकासका साझेदार, निजी क्षेत्र तथा नागरिक समाजको जलवायु अनुकूलन कार्यक्रममा लैङ्गिक विश्लेषण (Gender Assessment) एक आधारभूत प्रकृयाको रूपमा र लैङ्गिक परीक्षण (Gender Audit) अनिवार्य शर्तको रूपमा स्थापित।

६ सामाजिक सुरक्षाका प्रावधानहरू (वित्तीय स्रोतमा पहुँच, बीमा, सहुलियत ऋण आदि) बाट लाभान्वित महिला र संकटासन्न घरधुरीको संख्या।

७ महिला र संकटासन्न समुदायका लागि लक्षित कार्यक्रमहरू (जस्तै- खाद्य सुरक्षा, पोषण, जीविकोपार्जन) र कार्यक्रमबाट लाभान्वित विभिन्न क्षेत्र, वर्ग र समुदायका महिला र संकटासन्न समुदायको (व्यक्तिको) संख्यामा वृद्धि।

८ जलवायु अनुकूलन सम्बन्धी स्थानीय, प्रदेश तथा राष्ट्रिय स्तरमा लैङ्गिक तथ्याङ्कको व्यवस्थापन र केन्द्रीय तथ्याङ्क विभागमा एकीकृत।

९ राष्ट्रिय संचार प्रतिवेदन (National Communication Report) मा लैङ्गिक विषयलाई प्राथमिकता दिईएको।

१० महिला तथा संकटासन्न समुदायको उत्पादनमूलक स्रोत माथिको स्वामित्व र जीविकोपार्जनका विकल्पहरूको वृद्धि।

११ जलवायु परिवर्तन सम्बन्धी लैङ्गिक अध्ययन, अनुसन्धान र प्रकाशनको संख्यामा वृद्धि।

१२ जलवायु परिवर्तनको क्षेत्रमा कार्यरत संघ सस्थाहरूको स्पष्ट लैङ्गिक तथा सामाजिक समावेशीकरण नीति अनिवार्य रूपमा तयार गरी कार्यान्वयन।

१३ जलवायु सम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय गोष्ठी सेमिनार, सभा सम्मेलन तथा अन्य संस्थागत प्रतिनिधित्वमा ५०% महिला सहित संकटासन्न समुदायको समावेशिता सुनिश्चित।

१४ रणनीतिमा उल्लेखित विषयहरू राष्ट्रिय र प्रदेश योजना आयोगको आवधिक कार्यक्रममा एकीकृत भई कार्यान्वयन।

# ८. संस्थागत संरचना

क) यस रणनीति र कार्ययोजनाको लक्ष्य तथा उद्देश्य हासिल गर्न बुँदा ५.१ देखि ५.८ सम्मका नीति,रणनीति तथा कार्यनीतिहरू संघ, प्रदेशका तत् सम्बन्धी विषयगत मन्त्रालय एंव स्थानीय तहबाट ६.१ देखि ६.४ सम्मका अन्तर विषयगत रणनीतिलाई समावेश गर्दै आ-आफ्नो योजना र कार्यक्रमहरूमा एकीकृत गरी कार्यान्वयन गरिने छ ।

ख) रणनीति कार्यान्वयनका लागि केन्द्रमा वन तथा वातावरण मन्त्रालयले र प्रदेशको हकमा उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालयले प्रमुख समन्वयकर्ता एवं सहजकर्ताका साथै अनुगमन तथा मूल्यांकनको समेत भूमिका निर्वाह गर्नेछ । स्थानीय तहको हकमा जलवायु तथा विपद् व्यवस्थापन शाखा भए उक्त शाखा र नभएमा स्थानीय शासन संचालन ऐन २०७४ अनुसार जलवायु र विपद् व्यवस्थापनका लागि तोकिएको निकायले सम्बन्धित शाखाहरूसँगको समन्वय र सहकार्यमा उक्त भूमिका निर्वाह गर्नेछ ।

ग) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका समग्र कामको लागि केन्द्रबिन्दुको रूपमा संघमा महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, प्रदेश तहमा सामाजिक विकास मन्त्रालय र स्थानीय तहमा महिला विकास शाखाले गर्ने भएकोले वन तथा वातावरण मन्त्रालयले यी निकायहरूसँग यो रणनीति र कार्ययोजनाको कार्यान्वयनमा विशेष समन्वय गर्नेछ ।

## तीन तहका सरकारहरूका जिम्मेवारीहरू :

### संघीय सरकार

१ जलवायु परिवर्तनको क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अन्तर्राष्ट्रिय स्तरका नीति, नियमका विषयहरू निर्धारण गर्ने ।

२ अन्तर्राष्ट्रिय तथा राष्ट्रिय मापदण्ड अनुरूपका जलवायु परिवर्तन र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी कार्यक्रमहरू तय गरी कार्यान्वयनको प्रारूप तयार गर्ने ।

३ विषयगत हिसावले विशेष जिम्मेवारी निर्वाह गर्नुपर्ने मन्त्रालय, विभाग तथा कार्यालयहरूमा लैङ्गिक र सामाजिक समावेशीकरण र जलवायु परिवर्तन अनुकूलनको जिम्मेवारी तोकिएको शाखा निर्धारण गर्ने र ती शाखाहरूमा पर्याप्त मात्रामा दक्ष जनशक्ति तोक्ने । कार्यविवरण सहित राष्ट्रिय जलवायु परिवर्तन तथा लैङ्गिक सम्पर्क व्यक्तिको मनोनयन गरी जिम्मेवारी दिने ।

४ रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि मार्गनिर्देशिका तयार गर्ने ।

५ जलवायु परिवर्तन व्यवस्थापनमा लैङ्गिक तथा सामाजिक समावेशीकरणलाई मूलप्रवाहीकरण गर्दै यसलाई संस्थागत गर्नका लागि आवश्यक मार्गनिर्देशन गर्ने ।

६ जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता टोलीलाई लैङ्गिक तथा सामाजिक समावेशी बनाउने । यसका लागि आवश्यक क्षमता अभिवृद्धिका कार्यक्रमहरू गर्ने ।

७ लैङ्गिक तथा सामाजिक समावेशीकरण र जलवायु परिवर्तन शाखालाई यस क्षेत्रको प्राविधिक शाखाको जिम्मेवारी दिने र कर्मचारीहरूमा लैङ्गिक र सामाजिक समावेशीकरणका पद्धति, विधि, प्रक्रिया र औजारहरूको ज्ञान, सीप, अभिप्रेरणा र दक्षता विकास गर्ने ।

८ मन्त्रालय, विभाग र कार्यालयका प्रमुखको कार्यसम्पादन मूल्यांकनमा लैङ्गिक र सामाजिक समावेशीकरण र जलवायु परिवर्तनका सूचकहरू राख्ने र मूल्यांकनको आधार बनाउने ।

९. मन्त्रालयमा नीति, रणनीति, निर्देशिका, परियोजना, बजेट र कार्यक्रमको तर्जुमा गर्दा लैङ्गिक उत्तरदायी तथा जलवायु परिवर्तन उत्तरदायी भए नभएको हेर्न लैङ्गिक मापन (Gender tagging) र जलवायु मापन (Climate tagging) प्रणालीलाई संस्थागत गर्ने ।

**प्रदेश सरकार**

१ प्रदेश तहमा जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरणमा काम गर्ने केन्द्र बिन्दु मन्त्रालय निर्धारण गर्ने र क्षेत्रगत विषयहरूमा काम गर्ने मन्त्रालय, विभाग तथा कार्यालयहरू तोक्ने र जिम्मेवारी निर्धारण गर्ने ।

२ क्षेत्रगत मन्त्रालयहरूमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण र जलवायु परिवर्तन हेर्ने शाखा निर्धारण गरी बजेट सहित कर्मचारीको व्यवस्था गर्ने ।

३ मन्त्रालय तथा मातहत रहेको कार्यालयका प्रमुखको कार्यसम्पादन मूल्यांकनका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण र जलवायु परिवर्तनका सूचकहरू राख्ने र प्रतिवेदन अनिवार्य गर्ने ।

४ प्रदेशस्तरका जलवायु परिवर्तन व्यवस्थापनका कार्यक्रम तथा क्षेत्रगत कार्यक्रम र परियोजनाहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अध्ययन, नियमन तथा अनुगमनका कार्यहरू गर्ने ।

**स्थानीय तह (गाउँ तथा नगरपालिकाहरू)**

१ स्थानीय तहमा जलवायु परिवर्तन विपद् जोखिम न्यूनीकरणका लागि लैङ्गिक उत्तरदायी पूर्वसूचना प्रणाली स्थापना गर्ने ।

२ स्थानीय तहमा लैङ्गिक तथा सामाजिक मैत्री आवश्यकता पहिचान योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने ।

३ जलवायु परिवर्तन सूचना, सामग्री प्रसार सेवा तथा वित्तीय स्रोतहरूमा महिला तथा संकटासन्न समुदायको पहुँच सुनिश्चित गराउने, उद्यम प्रवर्द्धन र लैङ्गिक मैत्री स्थानीय वजार संयन्त्रको विकास गर्ने ।

४ संकटासन्नता तथा लैङ्गिक विश्लेषणका आधारमा लक्षित समूहको पहिचान गरी जीविकोपार्जनका लक्षित कार्यक्रमहरू तर्जुमा एवं कार्यान्वयन गर्ने ।

५ सम्बन्धित समितिका काम हेर्ने शाखाहरूमा कर्मचारी नियुक्ति तथा पदस्थापन गरी उनीहरूको जिम्मेवारीमा परेका कामहरू प्रभावकारी ढंगबाट सम्पादन गर्न अभिप्रेरणा र आवश्यक ज्ञान, सीप र दक्षता अभिबृद्धि गर्ने तालिम प्रदान गर्ने ।

६ स्थानीय अनुकूलन योजना र कार्यक्रमहरूमा अनिवार्य रूपमा लैङ्गिक तथा सामाजिक समावेशीकरणका सवालहरूलाई समेट्ने ।

७ स्थानीय तहमा गठन हुने विभिन्न समिति तथा संयन्त्रहरूमा महिला र संकटासन्न समूहहरूको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने ।

८ गाउँ तथा नगरपालिकाहरूमा गठन भएका विषयगत समितिहरूमा जलवायु परिवर्तन र लैङ्गिक तथा सामाजिक समावेशीकरण हेर्नको लागि सामाजिक विकास समिति र वन, वातावरण तथा विपद् व्यवस्थापन समितिलाई तोक्ने ।

९ स्थानीय स्तरमा भएका जलवायु परिवर्तन अनुकूलन सम्बन्धी असल अभ्यासहरूको लैङ्गिक दृष्टिकोणले अभिलेखीकरण गर्ने ।

**नागरिक समाज, गैरसरकारी संघ, संस्था तथा समुदायमा आधारित संस्थाहरू**

१ रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि विभिन्न तहका सरकारलाई सहयोग पुर्‍याउने ।

२ जलवायु परिवर्तनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको आवश्यकता, महत्व सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने ।

३ लैङ्गिक उत्तरदायी अध्ययन अनुसन्धान तथा लैङ्गिक अवधारणा आन्तरिकीकरण गर्ने विधि पहिचान गर्न सहयोग पुर्‍याउने ।

४ लैङ्गिक विश्लेषणका लागि स्थानीय परिवेश अनुसार विधि र औजारहरूको विकास र प्रयोगमा सहयोग पुर्‍याउने ।

५ लैङ्गिक तथा सामाजिक खण्डिकृत तथ्यांक, आवश्यकता र प्राथमिकताको पहिचान र अभिलेखीकरण गर्न सहयोग पुर्‍याउने ।

# क्षेत्रगत कार्ययोजना

## ५.१ कृषि तथा खाद्य सुरक्षा

| रणनीतिहरू | क्रियाकलापहरू | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.१.१:** कृषिमा जलवायु परिवर्तनबाट पर्ने असर र अनुकूलन प्रविधिलाई बढी समावेशी, समन्यायिक र उत्पादनमूलक बनाउन महिला तथा संकटासन्न समुदायको सहभागिता र प्राविधिक क्षमता अभिवृद्धि गर्ने । | **५.१.१.१** नियमित रूपमा लैङ्गिक असमानताको अवस्था र जलवायु परिवर्तनबाट कृषिमा आश्रित महिला र किशोरीहरूमा पर्ने समस्याहरूको अध्ययन र विश्लेषण गर्ने ।<br><br>**५.१.१.२** कृषि कार्यक्रमको सञ्चालनमा सम्भव हुने सबै तहमा महिला संलग्नता एवं सहभागितालाई ५० प्रतिशत पुऱ्याउने रणनीति र कार्ययोजना तयार गरी लागू गर्ने ।<br><br>**५.१.१.३** जलवायु परिवर्तन सम्बन्धी महिला कर्मचारीहरूको नेतृत्वदायी ज्ञान तथा सीपको सुदृढीकरणमा जोड दिने ।<br><br>**५.१.१.४** महिला कृषक तालिममा सकभर घुम्ती तालिमको प्रबन्ध मिलाई घर गाउँ नजिक पुऱ्याउने व्यवस्था मिलाउने ।<br><br>**५.१.१.५** जलवायुमैत्री कृषि/पशुजन्य उत्पादनका लागि आवश्यक भूमि, पूँजी लगायत कृषि/पशुजन्य उत्पादन सामग्रीहरू (बीउ, मल, पशुपंक्षी, उन्नत प्रविधि, सिंचाई र बजार) मा महिला र संकटासन्न समूहको पहुँच वृद्धि गर्नका लागि रणनीति र कार्ययोजना तयार गरी लागू गर्ने ।<br><br>**५.१.१.६** कृषि र पशुपंक्षी बीमा लागू गरी महिला कृषकहरूको जोखिम न्यूनीकरण र अनुकूलन क्षमता बढाउने । | जलवायु परिवर्तन र कृषिसँग सम्बन्धित लैङ्गिक विश्लेषणबाट महिला तथा किशोरीका समस्या र चुनौतीको पहिचान भई योजना कार्यक्रम र बजेटमा समावेश भएको अवस्था ।<br>सबै तहका कृषि कार्यक्रमको संचालनमा (लाभान्वित समूह तथा सेवा प्रदायक) महिलाको सहभागिता र नेतृत्वमा वृद्धि ।<br><br>क्षमता अभिवृद्धिको अवसर प्राप्त गर्ने महिला कर्मचारीको संख्या तथा कार्य सम्पादनमा आएको सकारात्मक परिवर्तन ।<br>घुम्ती तालिमको संख्या र लाभान्वित संकटासन्न र महिला कृषकको संख्या ।<br><br>कृषि तथा पशुपालनका लागि सहुलियत र सहज वित्तीय सेवा, उन्नत प्रविधि, प्राविधिक सहयोग, बीमा सेवा प्राप्त गरेका महिला तथा संकटासन्न व्यक्ति/परिवारहरू को प्रतिशतमा वृद्धि । | कृषि तथा पशुपन्छी विकास मन्त्रालय,<br><br>गैरसरकारी संस्थाहरू,<br><br>कृषि, सहकारी तथा भूमि व्यवस्था मन्त्रालय (प्रदेश),<br>गाउँपालिका तथा नगर पालिकाहरू,<br><br>समुदाय स्तरका संघ संस्थाहरू,<br><br>महिला समूह, महिला सम्वद्ध संघ सस्था र संजालहरू,<br><br>कृषि सेवा केन्द्रहरू | १ |

| रणनीतिहरू | क्रियाकलापहरू | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.१.२** : महिला तथा संकटासन्न कृषकहरूलाई प्रभावकारी रूपमा जलवायु परिवर्तनका असरहरूसँग सामना गर्न सक्षम बनाउने तथा खाद्य सुरक्षा बढाउने खालका अनुकूलनका प्रविधिहरू उपलब्ध गराउने । | **५.१.२.१** परिवर्तित प्रतिकूल परिस्थिति सहन गर्न सक्ने कृषि वाली तथा पशुपंक्षीका प्रजातीहरूको अनुसन्धान र परीक्षण गरी लक्षित वर्गलाई उपलब्ध गराउने ।<br><br>**५.१.२.२** जलवायु अनुकूलनका हिसावले महत्वपूर्ण (दबाव सहन सक्ने) स्थानीय प्रजातिहरूको संरक्षण गर्नुका साथै खेती विस्तार सम्बन्धी प्राविधिक ज्ञान सीप हस्तान्तरण गर्ने ।<br><br>**५.१.२.३** स्थानीय स्तरमा महिला तथा संकटासन्न कृषकहरूलाई परिचालन गरी सामुदायिक बीऊ बिजन बैंक स्थापना गरी संचालन गर्ने ।<br><br>**५.१.२.४** मौसम पूर्व सूचना प्रणालीमा पहुँच, आपतकालीन राहतकोष, बीउ भण्डारण, तथा कृषि परिस्थितिकीय अवधारणामा आधारित जलवायु उत्थानशील, कृषि प्रणालीको प्रवर्द्धन गर्ने ।<br><br>**५.१.२.५** जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा परेको विषम लैङ्गिक प्रभाव (differential impact) तथा महिला र संकटासन्न समुदायको अनुकूलन क्षमता बढाउने सम्बन्धी कृषि अनुसन्धान र विकासलाई वार्षिक कार्यकम तथा बजेटमा प्राथमिकतामा राख्ने ।<br><br>**५.१.२.६** प्रतिकूल मौसम र जलवायु परिवर्तनका कारण वालीनालीमा लाग्ने रोग कीरा नियन्त्रण गर्ने एकीकृत रोग कीरा व्यवस्थापन, जैविक मल जस्ता स्थानीय परिवेश सुहाउँदो प्रविधि बिकास गरी महिला तथा संकटासन्न कृषकहरू को पहुँच विस्तार गर्ने। | संरक्षण गरिएका स्थानीय प्रजातिको प्रकार र संरक्षणमा संलग्न महिला तथा संकटासन्न परिवारको संख्या ।<br><br>जलवायु अनुकूलनका हिसावले उपयुक्त वाली प्रजाति र आवश्यक ज्ञान सीप हासिल गरेका महिला तथा संकटासन्न कृषकको संख्यामा वृद्धि ।<br><br>कृषि सेवा प्राप्त गर्ने महिला तथा विपन्न परिवारको प्रतिशतमा वृद्धि ।<br><br>जलवायु उत्थानशील कृषि प्रणालीका विभिन्न तत्वहरू जस्तै: पानी संरक्षण, माटो संरक्षण, जैविक खेती, लैङ्गिक मैत्री बजार आदिको अभ्यास गर्ने महिला तथा विपन्न घरपरिवारहरूको प्रतिशतमा वृद्धि ।<br><br>स्थानीय स्तरमा कृषि प्रचारप्रसारको काम गर्ने महिला प्राविधिकहरूको संख्यामा वृद्धि ।<br><br>कृषक पाठशालामा सहभागी भई कार्यगत अनुसन्धानका (Action research) क्रियाकलापमा संलग्न महिला तथा संकटासन्न कृषकको संख्यामा वृद्धि । | नेपाल कृषि अनुसन्धान परिषद्<br>निजी क्षेत्र,<br><br>विभिन्न तहमा कार्यरत गैरसरकारी संघ संस्थाहरू,<br><br>गाउँपालिका तथा नगर पालिकाहरू,<br><br>समुदायस्तरका संघ संस्थाहरू,<br><br>महिला समूह, महिला सम्वद्ध संघ सस्था र सञ्जालहरू | ३ |

| रणनीतिहरू | क्रियाकलापहरू | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| | **५.१.२.७** जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनको प्रभावकारिताको लागि कृषक पाठशाला स्थापना गरी महिला तथा संकटासन्न कृषकहरूबीच सूचना, ज्ञान र सीपको आदानप्रदान गर्ने ।<br><br>**५.१.२.८.** लैङ्गिकमैत्री कृषि औजारहरू को प्रयोग विस्तार गर्ने । | जलवायु परिवर्तनबाट कृषि क्षेत्रमा परेको विषम लैङ्गिक प्रभाव (Differential impact) तथा महिला र संकटासन्न समुदायको अनुकूलन क्षमता बढाउने सम्बन्धी अध्ययन अनुसन्धान र प्रतिवेदनहरूको संख्या | | |
| **रणनीति ५.१.३ :** उत्पादनशील भूमि माथि महिलाको स्वामित्व बढाउने तथा उत्पादनमूलक स्रोतहरू लगायत अनुकूलन केन्द्रित कृषि प्रचार प्रसार सेवा तथा सूचनामा महिला र संकटासन्नको पहुँच बढाउने । | **५.१.३.१** महिला तथा विपन्न वर्गमा पोषणको ज्ञान र खाद्य सुरक्षा सम्बन्धी प्रचार प्रसार गर्ने ।<br><br>**५.१.३.२** जलवायु सम्बन्धी सूचना र कृषि प्रचार प्रसारका क्रियाकलापहरू महिला र विपन्नहरूको पहुँचमा पुऱ्याउने ।<br><br>**५.१.३.३** लक्षित वर्ग केन्द्रित कृषि प्रसारका सामग्री तयार, वितरण र प्रसार गर्ने ।<br>**५.१.३.४** भूमि माथि महिलाहरूको एकल तथा संयुक्त स्वामित्वको वृद्धि गराउन थप सहुलियत र प्रोत्साहन गर्ने नीतिगत क्रियाकलापहरू संचालन र प्रचार प्रसार गर्ने ।<br>**५.१.३.५** खाद्य तथा पोषण सुरक्षाका लागि परम्परागत रैथाने प्रजातिको अध्ययन, संरक्षण र खेती विस्तार सम्बन्धी कृयाकलाप संचालन गर्ने । | पोषण तथा खाद्य सुरक्षाको समस्या रहेका क्षेत्रहरूमा यस सम्बन्धी सूचना र जानकारी प्राप्त महिला तथा संकटासन्न व्यक्तिको संख्यामा वृद्धि ।<br><br>जलवायु सम्बन्धी सूचना र कृषि प्रसारका क्रियाकलापहरूबाट लाभान्वित महिला तथा संकटासन्न घरपरिवारको संख्यामा वृद्धि ।<br><br>कृषि सेवा प्राप्त गरी लाभान्वित हुने महिला तथा संकटासन्न परिवारको प्रतिशतमा वृद्धि ।<br><br>कृषियोग्य भूमिमाथि महिलाको एकल तथा संयुक्त स्वामित्वमा वृद्धि ।<br><br>अध्ययन, संरक्षण र खेती विस्तार गरिएका रैथाने प्रजातिको संख्या ।<br><br>खाद्य तथा पोषण सुरक्षाबाट लाभान्वित परिवार संख्या । | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, विकास नियोगहरू, गैरसरकारी संघ संस्थाहरू, विश्व खाद्य कार्यक्रम, विभिन्न तहमा कार्यरत भूमि अधिकार मञ्च,<br><br>भूमि अधिकारको क्षेत्रमा कार्यरत संघ संस्थाहरू,<br><br>किसान अधिकारका क्षेत्रमा कार्यरत विभिन्न संघ संस्था सञ्जालहरू,<br><br>महिला समूह, महिला सम्वद्ध संघ सस्था र सञ्जालहरू | २ |

| रणनीतिहरू | क्रियाकलापहरू | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.१.४** : महिला तथा जलवायु संकटासन्न समुदायको कृषि उद्यमशीलता अभिवृद्धि गर्नका लागि बजारसँग जोडिएका भौतिक संरचना, बजार संयन्त्र र बजार सूचना प्रणाली जस्ता विषयलाई लैङ्गिक दृष्टिकोणबाट विष्लेषण गरी महिलाहरूको आर्थिक कृयाकलापमा संलग्नता बढाउने । | **५.१.४.१** स्थानीय कृषि उपजको मूल्य श्रृखलाको लैङ्गिक अध्ययन र विश्लेषण गर्ने ।<br><br>**५.१.४.२** लक्षित वर्गलाई सहज कर्जा प्रवाहको लागि बैकल्पिक धितोको नीतिगत व्यवस्था गर्ने ।<br><br>**५.१.४.३** महिला तथा संकटासन्न समुदायलाई कृषि उद्यम संचालन गर्न आवश्यक सहुलियत र सहजीकरण उपलब्ध गराउने ।<br><br>**५.१.४.४** जलवायुमैत्री कृषिको व्यवसायीकरण गरी विपन्न वर्ग, महिला र दलितहरू को सहभागितामा कृषि उद्यम स्थापना तथा सञ्चालनका लागि विशेष कार्यक्रम संचालन गर्ने । | घर, जग्गा, तलब बाहेक अन्य नँया वैकल्पिक धितोबाट बैंकहरूले महिलाहरूलाई कृषि कर्जाको सुविधा उपलब्ध भएको ।<br><br>स्थानीय स्तरमा लैङ्गिक मैत्री बजार संयन्त्र र संरचनाहरू को विकास भएको ।<br><br>कृषि उद्यममार्फत् आर्थिक कृयाकलापमा संलग्न महिला तथा संकटासन्न व्यक्ति तथा परिवारको संख्यामा वृद्धि र जीवनस्तरमा सुधार । | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, स्थानीय सरकार, कृषि सेवा केन्द्रहरू, बित्तीय संस्थाहरू, निजी क्षेत्र, सहकारीहरू | १ |

| रणनीतिहरू | क्रियाकलापहरू | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.१.५ :** कृषि क्षेत्रमा जलवायु परिवर्तनका कारण सृजना हुन सक्ने सम्भावित जोखिम एवं विपद् व्यवस्थापनका लागि विशेष कार्यक्रम जस्तै; कृषि विमा कार्यक्रम तर्जुमा गरी निजी क्षेत्रको सहकार्यमा प्रवर्द्धन गर्ने । | **५.१.५.१** कृषिमा संलग्न महिला, र विपन्नहरूको जोखिम कम गर्नका लागि बीमाका नविन उपकरणहरू बनाउने र ती परिवारहरू को सहभागिता सुनिश्चित गर्ने ।<br><br>**५.१.५.२** कृषि तथा विपद (जोखिम) बिमाको व्यवस्थाको लागि निजी क्षेत्रसगँ सहकार्यको लागी आवश्यक नीति र कार्यविधि तयार गर्ने । | कृषि तथा पशुपालनका लागि सहुलियत र सहज वित्तिय सेवा, उन्नत प्रविधि, प्राविधिक सहयोग, बीमा सेवा प्राप्त गरेका महिला तथा विपन्न घरपरिवारहरू को संख्यामा वृद्धि ।<br><br>संलग्न निजी क्षेत्रको संख्यामा वृद्धि । | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, स्थानीय सरकार, कृषि सेवा केन्द्रहरू, बित्तीय संस्थाहरू, निजी क्षेत्र, सहकारीहरू, बीमा कम्पनीहरू | १ |
| **रणनीति ५.१.६ :** जलवायू परिवर्तनबाट सृजित महिलाको बढ्दो कार्यबोझ कम गर्ने प्रविधिको विकास र विस्तार गर्ने साथै लैङ्गिकमैत्री कृषि औजारमा पहुँच पुऱ्याउने । | **५.१.६.१** स्थानीय आवश्यकतालाई संबोधन गर्न सक्ने लैङ्गिक उत्तरदायी (महिलाको कार्यबोझ कम गर्ने) प्रविधिको अनुसन्धान र विकास गरी महिला तथा संकटासन्न कृषकको पहुँचसम्म पु-याउने ।<br><br>**५.१.६.२** नयाँ प्रविधि सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने ।<br><br>**५.१.६.३** महिलाहरूको कार्यबोझ र कष्टकर श्रम घटाउने खालका उपकरणहरूको विकास, प्रयोग र विस्तार गर्ने । | प्रविधिको प्रयोगले महिलाको औसत समयको वचत तथा वैकल्पिक क्रियाकलापमा संलग्नता र आय आर्जन वृद्धि प्रतिशतमा ।<br><br>जलवायु मैत्री एवं कार्यबोझ कम गर्ने प्रविधिको वारेमा सुसूचित महिलाहरूको संख्यामा वृद्धि ।<br><br>घरपरिवार तथा समुदाय तहमा महिलाको परंपरागत लैङ्गिक भूमिका तथा सामाजिक है सियतमा आएको परिवर्तन । | कृषि तथा पशुपन्छी विकास मन्त्रालय, स्थानीय सरकार, कृषि सेवा केन्द्रहरू, वित्तीय संस्थाहरू, निजी क्षेत्र, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, संचार माध्यमहरू, गैरसरकारी संघ संस्थाहरू | १ |

## ५.२ वन, जैविक विविधता तथा जलाधार संरक्षण

| रणनीतिहरू | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.२.१** : वन, जैविक विविधता तथा जलाधार संरक्षण र व्यवस्थापनको सबै तहका निर्णय प्रकृयामा महिला सहभागिता तथा नेतृत्व सुनिश्चित गर्ने । | **५.२.१.१** वन, जैविक विविधता तथा जलाधार संरक्षण र जलवायु परिवर्तन व्यवस्थापनका लागि गठित संयन्त्र, समिति साथै प्राकृतिक स्रोत व्यवस्थापन समूहहरूका कार्यसमितिमा कम्तिमा ५०% महिला प्रतिनिधित्व सहित संकटासन्न समुदायको समानुपातिक सहभागिता सुनिश्चित गर्ने ।<br><br>**५.२.१.२** जलवायुमैत्री वन, जैविक विविधता तथा जलाधार व्यवस्थापनमा आवश्यक प्राविधिक क्षमता विकास गरी वन क्षेत्रमा दक्ष महिला प्राविधिकहरू को संख्या वृद्धि गर्न आवश्यक रणनीति र कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने ।<br><br>**५.२.१.३** वन, जैविक विविधता तथा जलाधार संरक्षणको क्षेत्रमा समुदाय लगायत विभिन्न तहमा कार्यरत महिलाहरूको संस्थागत विकास तथा नेतृत्व विकास सम्बन्धी क्षमता विकासका कार्यक्रमहरू संचालन गर्ने ।<br><br>**५.२.१.४** संस्थागत प्रतिनिधित्व गरेर सेवा प्रदायक तथा सरो कारवाला संस्थासँग समन्वय गर्ने विभिन्न तहका संयन्त्रहरूमा महिलाको प्रतिनिधित्व कम्तिमा ४०% सुनिश्चित गर्ने ।<br><br>**५.२.१.५** महिला कर्मचारी एवं सामाजिक रूपले वञ्चित समूहका कर्मचारीहरूको काम गर्ने सुरक्षित र सम्मानपूर्ण कार्यस्थल सम्बन्ध समस्याहरू पहिचान गर्न उनीहरूसँगका अन्तरकृया एवं वार्तामा सहजीकरण गर्ने । | वन व्यवस्थापनमा प्राविधिक दक्षता भएका महिलाहरूको संख्यामा ५०% वृद्धि ।<br><br>वन व्यवस्थापन समितिहरूमा अध्यक्ष र सचिव मध्ये कम्तिमा एक जना र खाता संचालनका लागि हस्ताक्षर गर्ने मध्ये कम्तिमा एक जना महिला रहेको ।<br><br>संस्थागत विकास तथा नेतृत्व विकास सम्बन्धी क्षमता विकासका कार्यक्रमहरूबाट लाभान्वित महिलाको संख्या र कार्यसम्पादनमा आएको सकारात्मक परिवर्तन ।<br><br>वन र वातावरणसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूमा सरकारी प्रतिनिधित्व गर्ने महिलाको संख्यामा ५०% वृद्धि भएको ।<br><br>वन उपभोक्ता समूह, महासंघ लगायत वनसँग सम्बन्धित विभिन्न तहका समितिको प्रतिनिधित्व गरेर सेवा प्रदायक तथा सरोकारवालाहरूसँग औपचारिक रूपमा समन्वय र सहकार्य गर्ने महिलाको संख्यामा ५०% वृद्धि भएको । | वन तथा वातावरण मन्त्रालय, प्रदेश उद्योग, पर्यटन तथा वन मन्त्रालय, सामुदायिक वन उपभोक्ता समूह/महासंघ, गैर सरकारी संघ संस्थाहरू, वन तालिम केन्द्रहरू, The United Nations Entity for Gender Equality and the Empowerment of Women (UNWOMEN), Women Organizing for Change in Agriculture and Natural Resource Management (WOCAN); Nepal Federation of Indigenous Nationalities (NEFIN), Himalayan Grassroots Women's Natural Resource Management Association (HIMAWANTI); National Indigenous Women's Federation (NIWF). | १ |

| रणनीतिहरू | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.२.२** : वन, जैविक विविधता तथा प्राकृतिक स्रोतमा आधारित हरित व्यवसायद्वारा आर्थिक अवसरहरूमा महिला तथा संकटासन्नहरूको पहुँच बढाउने । | **५.२.२.१** वन पैदावारमा आधारित उद्योगहरू सञ्चालन गर्दा शेयर र रोजगारीमा महिलाहरूको सुनिश्चतता गर्न नीतिगत दस्ताबेजमा निश्चित प्रतिशत तोक्ने ।<br><br>**५.२.२.२** वहुमूल्य वन पैदावारहरूको व्यापार व्यवसाय तथा वनमा आधारित उद्यमहरूमा महिला र संकटासन्नको सहभागिता वृद्धि गर्ने ।<br><br>**५.२.२.३** वन उद्यम सम्बन्धी आवश्यक प्राविधिक ज्ञान तथा सीपहरू विकास गर्न आवश्यक तालिमहरू संचालन गर्ने ।<br><br>**५.२.२.४** महिलाको नाममा उद्योग दर्ता गर्ने प्रकृयामा सहजीकरण गर्ने । | वनमा आधारित हरित उद्यमबाट शेयर र रोजगारीका अवसर प्राप्त गर्ने महिला तथा संकटासन्न परिवार को संख्या ।<br><br>वन उद्यमी महिलाहरूको संख्या ३० % ले वृद्धि ।<br><br>काष्ठ लगायत वहुमूल्य गैरकाष्ट वन पैदावारको व्यापार व्यवसायमा महिलाहरूको संलग्नता ३०% ले वृद्धि । | वन तथा वातावरण मन्त्रालय, निजी क्षेत्र, वन उपभोक्ता समूह/महासंघ, वित्तीय संस्थाहरू, प्रदेश वन, वातावरण, उद्योग तथा पर्यटन मन्त्रालय, स्थानीय सरकार | १ |
| **रणनीति ५.२.३** : न्यायोचित वितरण प्रणालीको सुनिश्चितता गरी वनमा आश्रित जीविकोपार्जनको प्रवर्द्धन मार्फत महिला तथा संकटासन्नहरूको अनुकूलन क्षमता वृद्धि गर्ने । | **५.२.३.१** महिला तथा संकटासन्न लक्षित कार्यक्रमहरूका लागि बजेट विनियोजन गर्ने ।<br><br>**५.२.३.२** दिगो वन व्यवस्थापनबाट सृजना हुने रोजगारीका अवसरहरूमा कम्तिमा ५०% महिला सहित संकटासन्न समूहको स्थान सुनिश्चित गर्ने ।<br><br>**५.२.३.३** जलवायु परिवर्तन वित्तबाट प्राप्त आर्थिक स्रोतको न्यायोचित बाँडफाँड र महिलाहरूलाई लाभको सम्वन्धमा आवश्यक कार्यविधि बनाई कार्यान्वयन गर्ने । | वन व्यवस्थापनको कार्यक्रमबाट सृजना भएका रोजगारी अवसरहरूमा महिलाको हिस्सा कम्तिमा ५०% ।<br><br>जलवायु अनुकूलन तथा न्यूनीकरणका क्षेत्रमा उपलब्ध वित्तीय स्रोतको लाभांश वाँडफाँड सम्बन्धी प्रष्ट खाका तयार भएको, महिला तथा संकटासन्नको लाभांश सुनिश्चित भएको ।<br><br>वन व्यवस्थापन र यसको कोष परिचालन लैङ्गिक उत्तरदायी र विपन्नमूखी भए नभएको निश्चित गर्नका लागि लैङ्गिक परिक्षणको अभ्यास गर्ने गरिएको । | वन तथा वातावरण मन्त्रालय, वन उपभोक्ता समूह/महासंघ, वन र वातावरण क्षेत्रमा कार्यरत विकासका साझेदारहरू, वित्तीय संयन्त्रहरू, गैसस | १ |

| रणनीतिहरू | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.२.४** : डढेलो, हावाहुरी जस्ता जलवायुजन्य जोखिमबाट प्रभावित महिला तथा संकटासन्नहरूमा पर्ने असर न्यूनीकरण र व्यवस्थापनको लागि विभिन्न तहमा आवश्यक भौतिक पूर्वाधार, मानव संसाधन र प्रविधिको विकास गर्ने । | **५.२.४.१** डढेलो, हावाहुरी जस्ता जलवायुजन्य जोखिमबाट प्रभावित महिला तथा संकटासन्नहरूमा पर्ने असर न्यूनीकरण र व्यवस्थापनको लागि महिला तथा संकटासन्नहरू केन्द्रित चेतनामुलक कार्यक्रमहरू संचालन गर्ने ।<br><br>**५.२.४.२** स्थानीय स्तरमा र समुदाय केन्द्रित पूर्व-सूचना प्रणाली विकास गरी महिलाहरूको सहभागिता वृद्धि गर्ने ।<br><br>**५.२.४.३** जोखिम न्यूनीकरणका लागि स्थानीय र समुदाय स्तर मा दक्ष महिला जनशक्ति तयार गर्नको लागि सीपमूलक तालिम संचालन गर्ने ।<br><br>**५.२.४.४** आगलागि र वन डढेलोको निरन्तर अनुगमन प्रणाली स्थापना गरी महिलाहरूको सूचनामा पहुँच बढाउने ।<br><br>**५.२.४.५** मुख्य पूर्वाधार संरचना र सेवाहरूमा आगलागी र वनडढेलो विरूद्ध महिलाहरूको सचेतना निर्माणका लागि जानकारीमूलक सामग्रीको विकास गर्ने । | महिला तथा संकटासन्न समुदायहरू हावाहुरी तथा वन डढेलोका कारण, यसको असर र नियन्त्रणका स्थानीय उपायहरूबारे जानकार रहेको/अभ्यास गरेको र क्षति न्यूनीकरण भएको ।<br><br>हावाहुरी तथा वन डढेलो सम्बन्धी सबै महिला उपभोक्ता/स्थानीय वासिन्दा, असहाय र अपाङ्गको पहुँच पुग्ने सूचना प्रणालीको विकास गरी अभ्यास गरिएको/ क्षति न्यूनीकरण भएको ।<br><br>समुदायस्तरमा वन डढेलो र यसको नियन्त्रण सम्बन्धी ज्ञान तथा सीपयुक्त महिला/पुरुषको संख्या ।<br><br>महिलाहरूको सकृय सहभागितामा सामुदायिक अनुगमन प्रणाली स्थापना भई प्रभावकारी कार्यान्वयन भएको । | वन तथा वातावरण, वन उपभोक्ता समूह/महासंघ गैसस, स्थानीय विपद् व्यवस्थापन समितिहरू, सुरक्षा निकायहरू, महिला संवद्ध सँगठन तथा सञ्जालहरू | १ |

| रणनीतिहरू | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.२.५ :** वन व्यवस्थापन समूहहरूको कोषलाई महिला तथा संकटासन्नको वैकल्पिक जीविकोपार्जनका अवसरहरूका लागि परिचालन गर्दै उनीहरूको जलवायु अनुकूलन क्षमता अभिवृद्धि गर्ने । | **५.२.५.१** महिला तथा संकटासन्नहरूको वैकल्पिक जीविकोपार्जनका अवसरहरू प्रवर्द्धन गर्न वन व्यवस्थापन समूहहरूको कोष परिचालन निर्देशका र मापदण्डलाई समयसापेक्ष परिमार्जन गर्ने ।<br><br>**५.२.५.२** वन व्यवस्थापन समूहहरूको कोष परिचालन गर्दा जोखिमबाट प्रभावित महिला तथा संकटासन्नहरूमा पर्ने असर न्यूनीकरण र व्यवस्थापनको लागि परिचालन गर्ने व्यवस्था गर्ने ।<br><br>**५.२.५.३** वन व्यवस्थापन समूहहरूको कोषलाई महिलाहरूको जलवायु अनुकूलन क्षमता अभिवृद्धि गर्ने कार्यहरू जस्तै जलवायुमैत्री कृषि वन प्रविधि, एकीकृत पानीको व्यवस्थापनजस्ता कृयाकलापमा लगानी गर्ने । | सामुदायिक वनको कोषमध्ये ३५ % रकम अनिवार्य रूपमा महिला तथा संकटासन्न लक्षित कार्यक्रममा मात्र खर्च गर्ने अभ्यास स्थापित भएको ।<br><br>सामुदायिक वन उपभोक्ता समूहको सम्पन्नता स्तरीकरण गर्दा जलवायु तथा विपद्को संकटासन्नतालाई पनि आधार बनाई कार्यक्रम तय गरिएको ।<br><br>जीविकोपार्जनका वैकल्पिक अवसर हरूबाट लाभान्वित महिला तथा संकटासन्न परिवारको संख्या ।<br><br>समूहका अति विपन्न/ घरधुरीको संख्यामा क्रमिक रूपमा न्यूनीकरण भएको । | वन तथा वातावरण मन्त्रालय, प्रदेश उद्योग, पर्यटन तथा वन मन्त्रालय, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सामुदायिक वन उपभोक्ता समूह/महासंघ, गैर सरकारी संघ संस्थाहरू, UNWOMEN, WOCAN, NEFIN, HIMAWANTI, NIWF | १ |

## ५.३ जलस्रोत तथा ऊर्जा

| रणनीतिहरू | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.३.१ :** जलस्रोत संरक्षणको लागि महिला सहभागितामा आधारित पानीको बहु उपयोगी प्रणाली विकास गर्ने,पानीका स्रोत संरक्षणका अभियान संचालन गर्ने । | **५.३.१.१** जलस्रोत संरक्षणमा महिलाहरूको सहभागिता र पहुँच वृद्धि गर्नका लागि अध्ययन गरी कार्ययोजना बनाउने ।<br><br>**५.३.१.२** खानेपानीका मुहानहरू संरक्षण तथा वैकल्पिक पानीको स्रोतको पहिचान गरी पानीको उपलब्धता र पहुँचमा महिलाको अधिकार सुनिश्चित गर्ने उपायहरू पहिचान गरी कार्यान्वयन गर्ने ।<br><br>**५.३.१.३** जलवायु परिवर्तनले पानीको उपलब्धता र पहुँचमा पार्ने लैङ्गिक असरलाई दृष्टिगत गर्दै महिला सहभागितामा आधारित वर्षात्को पानी सोस्न र भूमिगत जल पुर्नभरण गर्न गरिने कुलेसा, पोखरी निर्माण संकलन र भण्डारण गर्ने । जस्तै पानीको संकलन र समुचित व्यवस्थापनको लागि पानी घट्ट, प्लास्टिक पोखरी, पोखरी, तलाऊ र शुक्ष्म जलाशयहरू निर्माण गरी प्रवर्द्धन गर्ने ।<br><br>**५.३.१.४** पानीका स्रोत संरक्षण र सदुपयोग सम्बन्धी स्थानीय स्तरमा भईरहेका असल अभ्यासहरूलाई पहिचान गर्ने, संस्थागत गर्ने, प्राविधिक रूपमा स्तरोन्नती गर्ने र विस्तार गर्ने ।<br><br>**५.३.१.५** पानीको दिगो र न्यायोचित प्रयोग तथा लैङ्गिक प्रयोगका साथै, लैङ्गिक समानता र सामाजिक समावेशिता सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने । | घरायसी तथा कृषि कार्यका लागि पानीको सुलभ पहुँच वृद्धि भएका महिला तथा संकटासन्न घरधुरी संख्यामा वृद्धि ।<br><br>महिलाको नेतृत्वमा भू तथा जलाधार संरक्षणमा संलग्न स्थानीय समूहहरू को संख्यामा वृद्धि ।<br><br>पुर्नजिवित गरिएका, सुधार गरिएका र मर्मत गरिएका पानीका स्रोतहरूको संख्यामा वृद्धि ।<br><br>स्थानीय समुदायद्धारा संरक्षित जलाधारको संख्या ।<br><br>नवीन प्रविधिको विकास र विस्तार सम्बन्धी घटना अध्ययन प्रतिवेदनहरू, लाभान्वित महिलाका प्रतिकृयाहरू ।<br><br>पानीसँग सम्बन्धित लैङ्गिक समानता र सामाजिक समावेशिता सम्बन्धी सुसूचित व्यक्तिहरूको संख्या । | ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय मन्त्रालय, स्थानीय सरकार,<br>गैरसरकारी संघ संस्था, नागरिक समाज, निजी क्षेत्र, स्थानीय संचार माध्यमहरू, महिला समूहहरू, सम्वद्ध संजालहरू, सामुदायिक वन उपभोक्ता समूहहरू, अध्ययनकर्ता, शोधकर्ताहरू | १ |

| रणनीतिहरू | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.३.२ :** जलस्रोत तथा स्वच्छ ऊर्जाको स्रोत तथा स्रोतको विकास र व्यवस्थापनमा, महिला तथा संकटासन्न समुदायको प्राविधिक क्षमता अभिवृद्धि गर्ने । | **५.३.२.१** जलस्रोत तथा ऊर्जासँग सम्बन्धित विकास निर्माणका कृयाकलापमा हरेक तहमा महिलाको न्यूनतम ४०% सहभागिता सहितको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने ।<br><br>**५.३.२.२** पानीका संरचनाहरूको मर्मत संभार सम्बन्धी प्राविधिक क्षमता विस्तार गर्ने (प्लम्बीङ्ग, मेशिनरी, सुपरिवेक्षण, सेवा प्रदायक महिलाहरूको संख्या वृद्धि गर्ने) ।<br><br>**५.३.२.३** पानीको गुणस्तर अनुगमन र नियन्त्रण गर्नका लागि स्थानीय स्तरमा महिला र संकटासन्न समुदायको क्षमता अभिवृद्धि गर्ने ।<br><br>**५.३.२.४** जलवायु परिवर्तन, जलस्रोत तथा ऊर्जाको क्षेत्रमा लैङ्गिक उत्तरदायी अध्ययन र अनुसन्धानका लागि महिला शोधकर्ताहरूका लागि बजेट सहित निश्चित कोटाको व्यवस्था गर्ने । | पानीका संरचनाहरूको मर्मत संभार सम्बन्धी महिला प्राविधिक र सेवा प्रदायकको संख्या ।<br><br>जलवायु परिवर्तन र पानीको उपयोग तथा पानीका स्रोत संरक्षण सम्बन्धी अध्ययन अनुसन्धानको संख्यामा वृद्धि ।<br><br>जलवायु परिवर्तन र पानीका विषयमा महिला अनुसन्धानकर्ताको संख्यामा वृद्धि, अनुसन्धानबाट लाभान्वित महिला तथा संकटासन्न व्यक्तिको संख्यामा वृद्धि । | ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय, स्थानीय सरकार, गैरसरकारी संघ संस्था, नागरिक समाज, निजी क्षेत्र, महिला समूहहरू, सम्वद्ध संजालहरू, अध्ययनकर्ता, शोधकर्ताहरू | १ |

| रणनीतिहरू | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.३.३ :** जलवायु, जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी नीति तथा कानुनमा लैङ्गिक दृष्टिकोण मूलप्रवाहीकरण गर्ने तथा निर्णय प्रकृयामा महिला तथा संकटासन्नहरूको सहभागिता अभिवृद्धि गर्ने । | **५.३.३.१** जलवायु, जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी नीति तथा कानुनमा लैङ्गिक दृष्टिकोण मूलप्रवाहीकरण कसरी गर्न सकिन्छ भनेर अध्ययन गर्ने ।<br><br>**५.३.३.२** अध्ययनको आधारमा जलवायु, जलस्रोत तथा ऊर्जा विकास सम्बन्धी नीति तथा कानूनमा लैङ्गिक दृष्टिकोण मूलप्रवाहीकरण गर्ने ।<br><br>**५.३.३.३** जलवायु, जलस्रोत तथा ऊर्जा विकाससम्बन्धी नीति तथा कानुन निर्माण तथा निर्णय प्रकृयामा महिला तथा संकटासन्नहरूको सहभागिता अभिवृद्धि गर्ने।<br><br>**५.३.३.४** संकटासन्नहरूको सहभागिताको लागि महिला कर्मचारीहरू र प्राविधिकहरूको क्षमता अभिवृद्धि गर्ने ।<br><br>**५.३.३.५** जलस्रोत तथा ऊर्जाका क्षेत्रमा रहेका विद्यमान नीति तथा कानुनहरूको आवश्यक परिमार्जन गरी लैङ्गिक उत्तरदायी बनाउने ।<br><br>**५.३.३.६** पानीसँग सम्बन्धित क्षेत्रमा निर्णायक तहमा काम गर्ने महिला कर्मचारीको पानी र पानीका स्रोतको दिगो व्यवस्थापन सम्बन्धी प्राविधिक र व्यवस्थापकीय क्षमता अभिवृद्धि गर्ने | जलस्रोत तथा ऊर्जाका क्षेत्रमा रहेका सम्पूर्ण नीति नियमहरू लैङ्गिक उत्तरदायी रहेको ।<br><br>क्षमता अभिवृद्धिको अवसर प्राप्त गर्ने महिला कर्मचारीको संख्या र कार्यसम्पादनमा आएको सकारात्मक परिवर्तन । | ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय, स्थानीय सरकार, गैरसरकारी संघ संस्था, नागरिक समाज, निजी क्षेत्र, स्थानीय संचार माध्यमहरू, महिला समूहहरू, सम्वद्ध संजालहरू, सामुदायिक वन उपभोक्ता समूहहरू, अध्ययनकर्ता, शोधकर्ताहरू | १ |

| रणनीतिहरू | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति** **५.३.४ :** विद्युत प्रसारणको राष्ट्रिय संजालबाट वञ्चित महिला तथा संकटासन्नहरूको नवीकरणीय ऊर्जाका अन्य स्रोतको उपयोग गर्ने प्रविधिको सुलभ पहुँच पुऱ्याउने र घरभित्र नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने । | **५.३.४.१** हरेक घरमा स्वच्छ ऊर्जाको पहुँच विस्तार का लागि स्थानीय र समुदाय स्तरमा महिला तथा संकटासन्नहरूका लागि लघु जलविद्युत, सौर्य ऊर्जा, बायो ग्यांस, पानी घट्टा, वायु ऊर्जा, बायो ब्रिगेट, सुधारिएको चुलो लगायतका प्रविधि पहिचान गरी प्रवर्द्धन गर्ने।<br><br>**५.३.४.२** नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्दै महिला सहभागिता सुनिश्चित गर्नको लागि आवश्यक चेतनामुलक र क्षमता अभिवृद्धिका कार्यक्रम संचालन गर्ने ।<br><br>**५.३.४.३** महिला तथा संकटासन्नहरू का लागि लक्षित नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने, आवश्यक सहुलियत तथा आर्थिक लाभको कार्यक्रम ल्याउने ।<br><br>**५.३.४.४** नवीकरणीय ऊर्जा प्रविधिको डिजाइन, उत्पादन, स्थापना, संचालन र मर्मत संभार सम्बन्धी महिलाको क्षमता अभिवृद्धि गर्ने । | पहिचान भएका प्रविधि, सहुलियतका कार्यक्रम तथा लाभान्वित महिला तथा संकटासन्न घरधुरी संख्या ।<br><br>नवीकरणीय ऊर्जा प्रविधिवारे सुसूचित संकटासन्न महिलाको संख्या ।<br><br>नवीकरणीय ऊर्जा प्रविधिको डिजाइन, उत्पादन, स्थापना, संचालन र मर्मत संभार सम्बन्धी प्राविधिक दक्षता भएका महिलाको संख्यामा वृद्धि । | ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र, नेपाल विद्युत प्राधिकरण, निजी क्षेत्र, स्थानीय समुदायहरू | २ |
| **रणनीति ५.३.५:** महिलाको पहुँच र प्रयोगका हिसावले सहज एवं समय र इन्धनको हिसावले किफायती हरित ऊर्जा प्रविधिको विकास तथा विस्तार गर्ने । | ५.३.५.१ घरभित्र हुने धुवाँ र यसबाट विशेष गरी महिलामा हुने असरलाई न्यूनीकरण गर्न उपयुक्त प्रविधिलाई प्रोत्साहन गर्ने जस्तै सुधारिएको चुलोको प्रर्वधन गर्ने ।<br><br>५.३.५.२ परम्परागत ईन्धनको प्रयोग र स्वास्थ्य तथा सरसफाईमा पर्ने असरको बारेमा जनचेतना अभिवृद्धि गर्ने । | सुदृढ, परिस्कृत र उपयुक्त परम्परागत इन्धन प्रविधिको विकास र उपयोगमा वृद्धि ।<br><br>परम्परागत ईन्धनको प्रयोगशैलीमा आएको परिवर्तन । | ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय, स्थानीय सरकार, गैरसरकारी संघ संस्था, नागरिक समाज, निजी क्षेत्र, स्थानीय संचार माध्यमहरू, महिला समूहहरू, सम्वद्ध संजालहरू, सामुदायिक वन उपभोक्ता समूहहरू, अध्ययनकर्ता, शोधकर्ताहरू | २ |

## ५.४ विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन

| रणनीतिहरू | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.४.१** विपद् व्यवस्थापन सम्बन्धी हरेक तहमा महिला नेतृत्वको सुनिश्चिता सहित संस्थागत संरचनाहरूको निर्माण गर्ने । | **५.४.१.१** विभिन्न तहमा भएका विपद् व्यवस्थापन सम्बन्धी संस्थाहरूलाई लैङ्गिक र समावेशी हिसावले सबलीकरण गर्ने र नयां बन्ने समितिहरूमा अध्यक्ष वा सचिव सहित ५०% महिला सहभागिता सुनिश्चित गर्ने ।<br><br>**५.४.१.१** पदीय प्रतिनिधित्व हुने ठाउँमा महिलाको हकमा एक तहमुनिको कर्मचारी भए पनि प्रतिनिधित्वको लागि प्रोत्साहन गर्ने । | विभिन्न तहमा विपद् व्यवस्थापन कार्यका लागि गठन भएका कुनै पनि समितिहरूमा अध्यक्ष वा सचिव सहित ५०% महिला सहभागिता भएको ।<br><br>हरेक तहका विपद् व्यवस्थापन समितिमा महिलाको नेतृत्वदायी भूमिकामा आएको परिवर्तन । | गृह मन्त्रालय, स्थानीय सरकार, प्रदेश सरकार, विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरू, स्थानीय समुदाय | १ |
| **रणनीति ५.४.२** : महिलाहरूलाई विपद् प्रतिकार्य सम्बन्धी प्राविधिक ज्ञान तथा सीपहरू उपलब्ध गराउने र नियमित रूपमा कृत्रिम घटना अभ्यासहरू मार्फत् क्षमतालाई अध्यावधिक गर्ने । | **५.४.२.१** विभिन्न तहमा विपद् प्रतिकार्यका लागि कार्यदलहरू गठन गर्ने र त्यसमा ५०% महिलाको सहभागिता सुनिश्चित गर्ने ।<br><br>**५.४.२.२** कार्यदलहरूलाई आधारभूत प्रतिकार्य तालिम उपलब्ध गराउने (प्राथमिक उपचार, खोज तथा उद्धार,शीविर व्यवस्थापन, खाद्यान्न र पोषण, खानेपानी र सरसफाई सम्बन्धी तालिमहरू) ।<br><br>**५.४.२.३** महिलाको नेतृत्वमा समुदायस्तरमा विपद् प्रतिकार्य सामग्रीको पहिचान, संकलन र व्यवस्थापन गर्नुका साथै सामग्री प्रयोग सम्बन्धी व्यवहारिक ज्ञान उपलब्ध गराउने ।<br><br>**५.४.२.४** उच्च जोखिम रहेको प्रकोपमा आधारित भएर महिलाको सकृय सहभागितामा नियमित रूपमा कृतिम घटना अभ्यासहरू गराउने । | विपद् प्रतिकार्य सम्बन्धी तालिम प्राप्त महिला तथा संकटासन्न व्यक्तिको संख्या ।<br><br>समुदायस्तरमा विपद् प्रतिकार्य सामग्रीको व्यवस्थापन ।<br><br>कृतिम घटना अभ्यासका कार्यक्रमहरू, सहभागी महिलाहरूको संख्या र अभ्यासबाट प्रतिकार्य क्षमतामा आएको आत्मविश्वास तथा सकारात्मक परिवर्तनका उदाहरणहरू । | गृह मन्त्रालय, स्थानीय सरकार, प्रदेश सरकार, सुरक्षा निकाय, विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरू, स्थानीय समुदाय, रेडक्रस | ३ |

| रणनीतिहरू | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.४.३** : विपद्‌का समयमा आई पर्ने महिला हिंसा तथा त्यसबारे सचेतना वृद्धि गर्नुका साथै सुरक्षा सम्बन्धी आवश्यक संयन्त्रहरूको स्थापना तथा विकास गर्ने । | **५.४.३.१** औपचारिक तथा अनौपचारिक शिक्षाका विभिन्न माध्यमबाट विपद्‌का समयमा आई पर्ने महिला हिंसा तथा त्यसबारे सचेतना वृद्धि गर्ने ।<br><br>**५.४.३.२** महिला हिंसा रोक्न समुदाय स्तरमा महिला, पुरुष र स्थानीय पदाधिकारी सम्मिलित समिति गठन गरी परिचालन गर्ने ।<br><br>**५.४.३.३** विपद्‌का समयमा आई पर्ने महिला हिंसालाई रोक्न आवश्यक कानुन निर्माण गर्ने ।<br><br>**५.४.३.४** विपद्‌का समयमा आई पर्ने महिला हिंसालाई रोक्न स्थानीय स्तरमा सुरक्षा सम्बन्धी आवश्यक संयन्त्रहरूको स्थापना तथा विकास गर्ने ।<br><br>**५.४.३.५** विपद्‌का समयमा हुने महिला हिंसाबारे घरपरिवार, समुदाय तथा प्रतिकार्य र पुनर्लाभका चरणमा काम गर्ने विभिन्न स्तरका सरकारी तथा गैरसरकारी क्षेत्रका कर्मचारीहरूका लागि आचारसंहिताको तयार गरी लागू गर्ने । | विपद् र महिला हिंसा सम्बन्धी सचेतना कार्यक्रमबाट लाभान्वित महिला तथा किशोरीहरूको संख्यामा वृद्धि ।<br><br>महिला हिंसा सम्बन्धी प्रेषण संयन्त्र (Refferral Mechanism) तथा कानुनी सेवाका लागि उपयुक्त र छरितो सेवाको प्रावधान भएको ।<br><br>विपद्‌का समयमा हुने महिला हिंसावारे घरपरिवार, समुदाय तथा प्रतिकार्य र पुनर्लाभका चरणमा काम गर्ने विभिन्न स्तरका सरकारी तथा गैरसरकारी क्षेत्रका कर्मचारीहरूका लागि आचारसंहिताको तयारी र कार्यान्वयन भएको । | स्थानीय सरकार, महिला आयोग, महिला कानुनी सहायता केन्द्रहरू, महिला अधिकारका क्षेत्रमा कार्यरत संघ संस्थाहरू, प्रदेश सरकार, विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरू, स्थानीय समुदाय | २ |

| रणनीतिहरू | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.४.४** : पूर्वसूचना प्रणाली तथा विपद् व्यवस्थापन सम्बन्धी सुचना संयन्त्रमा सूचना तथा संचार प्रविधिको माध्यमबाट महिलाको पहुँच बढाउने । | **५.४.४.१** मौसम पूर्वानुमानमा पहुँच र बिषम मौसमी अवस्था (खडेरी, अति गर्मी, शीत लहर आदि) तथा घटनाहरूका (लु - तातो हावा, आँधिवेहरी, चट्याङ, असिना, अतिबृष्टि आदि) बारेमा महिलाहरूमा सचेतना जगाउने ।<br><br>**५.४.४.२** पूर्व सूचना तथा चेतावनी प्रणालीको स्थानीय संयन्त्र स्थापना र सञ्चालन र यस सम्बन्धी कार्य गर्दा महिला सहभागिता सुनिश्चित गर्ने ।<br><br>**५.४.४.३** सुरक्षित आश्रयस्थल, आकस्मिक उद्दार तथा उपचार सेवा जस्ता विपद् प्रतिकार्यको पूर्वतयारी र कार्यान्वयन गर्दा महिला र संकटासन्न व्यक्तिहरूको सहभागिता सुनिश्चित गर्ने ।<br><br>**५.४.४.४** महिला, वृद्धवृद्धा, बालबालिका, अपाङ्ग र अन्य संकटासन्न समूहसँग जोखिम सूचना साझेदारी गर्न संचार तथा प्रसार कार्यविधि तयार गर्ने । | पूर्वसूचना प्रणालीको स्थापना महिलाको सहभागिता र क्षति न्यूनीकरणका उदाहरणहरू ।<br><br>प्रतिकूल मौसम र पूर्वानुमान सम्बन्धी ज्ञान प्राप्त गरी सूचना प्रविधि प्रयोग गर्न सक्षम संकटासन्न महिलाको संख्यामा वृद्धि ।<br><br>सुरक्षित आश्रयस्थल, आकस्मिक उद्दार तथा उपचार सेवा जस्ता विपद् प्रतिकार्यको पूर्वतयारी र कार्यान्वयन गर्दा महिला र संकटासन्न व्यक्तिहरू को सहभागितामा भएको वृद्धि ।<br><br>सूचना साझेदारी गर्न संचार तथा प्रसार कार्यविधि तयार गरी लागू गरिएको । | गृह मन्त्रालय, मौसम पूर्वानुमान महाशाखा, संचार माध्यमहरू, नेपाल टेलिकम, सूचना प्रविधिको क्षेत्रमा कार्यरत संघ संस्थाहरू, विपद् व्यवस्थापन समितिहरू लगायत विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरू, स्थानीय समुदायहरू, रेडकस | ३ |

| रणनीतिहरू | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.४.५ :** महिला तथा अति संकटासन्न समुदाय केन्द्रित जोखिम न्यूनीकरण तथा विपद् व्यवस्थापन तथा समग्र विकासका कार्यक्रमहरू संचालन गर्ने । | **५.४.५.१** प्रत्येक तह तथा क्षेत्रमा विपद् जोखिम न्युनीकरण तथा व्यवस्थापनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्य योजना तयार गर्ने ।<br><br>**५.४.५.२** संकटासन्नता विश्लेषण तथा विपद् व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन प्रकृयामा महिलाको नेतृत्व र सहभागितालाई सुनिश्चित गर्ने ।<br><br>**५.४.५.३** महिला र संकटासन्न समूहहरूका लागि प्राथमिकताका आधारमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी विशेष कार्यक्रमहरू पहिचान गरी संचालन गर्ने ।<br><br>**५.४.५.४** लैङ्गिक उत्तरदायी विपद् प्रतिकार्य संयन्त्रको सुनिश्चितता गर्ने, प्रकृया, प्याकेज, गुनासो तथा उजूरी व्यवस्थापन संयन्त्र सुनिश्चित गर्ने ।<br><br>**५.४.५.५** जलवायुजन्य विपद्बाट महिला तथा संकटासन्न समुदायलाई हुने क्षति तथा हानी नोक्सानीमा बीमाको व्यवस्था गर्ने ।<br><br>**५.४.५.६** विपद् पश्चातका पुनर्निर्माणका कार्यक्रमहरू तथा संकटासन्न वस्तीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउँदा लैङ्गिक आवश्यकता र महिलाको जीविकोपार्जन लगायत अन्य सेवा सुविधाको पहुँच सुनिश्चित गर्न कार्यविधि तयार गरी लागू गर्ने । | संकटासन्नता विश्लेषण तथा विपद् व्यवस्थापन योजना तर्जुमा र कार्यान्वयन प्रकृयामा महिलाको नेतृत्व र सहभागितामा ५०% वृद्धि ।<br><br>जलवायुजन्य क्षति तथा हानी नोक्सानीमा बीमाको सुविधा प्राप्त गर्ने संकटासन्न महिलाको संख्या ।<br><br>विपद् पश्चात् जीविकोपार्जन पुर्नलाभको लागि वित्तीय स्रोत तथा अन्य उत्पादनमूलक स्रोतमा पहुँच वृद्धि भएका महिलाको संख्यामा वृद्धि ।<br><br>आकस्मिक कोषको स्थापना, संचालन कार्यविधि सहित कार्यान्वयन भएको ।<br><br>विपद् व्यवस्थापन कोषको व्यवस्था, संचालन कार्यविधि सहित उपयुक्त परिचालन भएको अवस्था ।<br><br>पुनर्निर्माणको कार्यक्रमबाट जीविकोपार्जनको अवसर प्राप्त गर्ने महिलाको संख्या । | गृह मन्त्रालय, प्रदेश सरकार, विपद् व्यवस्थापन समितिहरू लगायत विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरू, स्थानीय समुदायहरू, रेडक्रस | २ |

## ५.५ स्वास्थ्य, खानेपानी तथा सरसफाई

| रणनीतिहरू | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.५.१ :** जलवायु परिवर्तन र लैङ्गिक समावेशीकरणलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका नीति तथा संस्थागत संरचनामा समावेश गर्ने । | **५.५.१.१** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा एक प्रभावकारी जलवायु परिवर्तन उत्तरदायी ईकाई खडा गर्ने ।<br><br>**५.५.१.२** जलवायु परिवर्तन सम्बन्धी कृयाकलापलाई लैङ्गिक तथा सामाजिक समावेशीकरण ईकाइसँगको समन्वयमा काम गर्ने ।<br><br>**५.५.१.३** जलवायु परिवर्तनको समस्यालाई सम्वोधन गर्न आवश्यक दक्ष महिला कर्मचारीको बिकास गर्ने उचित रणनीति बनाई कार्यान्वयन गर्ने । | इकाई खडा भई कार्यान्वयनमा आएको ।<br><br>समन्वयमा भएका कृयाकलापको संख्या र प्रभावकारिता ।<br><br>रणनीति तयार भई कार्यान्वयन भएको ।<br><br>जलवायु परिवर्तनको समस्यालाई सम्वोधन गर्न आवश्यक दक्ष महिला कर्मचारीको संख्यामा वृद्धि । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तरगतका कार्यालयहरू | १ |

| रणनीतिहरू | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.५.२ :** जलवायु परिवर्तन र प्रतिकूल मौसमका कारण जल र रोगवाहक कीटाणुहरूबाट महिला तथा संकटासन्नहरूमा उत्पन्न हुने स्वास्थ्य जोखिम घटाउन आवश्यक नीति तर्जुमा गरी सामुदायिक र व्यक्तिगत तहमा प्रभावकारी ¿kमा कार्यान्वयन गर्ने । | **५.५.२.१** जलवायु परिवर्तनबाट सृजित रोगवाहक कीटाणु तथा संक्रामक रोगको महामारीको बारेमा महिला र संकटासन्न समुदायका साथै अन्य सरोकारवालालाई सुसूचित गर्ने ।<br><br>**५.५.२.२** जलवायु परिवर्तनबाट सृर्जित रोगवाहक कीटाणु तथा संक्रामक रोगको महामारी फैलिन नदिन महिला र संकटासन्न समुदाय स्तरमा पूर्वतयारी आवश्यक संयन्त्रको विकास गरी कार्यान्वयन गर्ने ।<br><br>**५.५.२.३** संक्रामक रोगको नियन्त्रणको लागि स्थानीय संरचनाको जस्तै हेल्थ पोष्ट, स्थानीय अस्पतालको सेवा सुबिधामा महिला र संकटासन्न समूहको पहुँच विस्तारका लागि आवश्यक सुधार गर्ने ।<br><br>**५.५.२.४** महिला तथा संकटासन्न समुदायको स्वास्थ्य बीमामा पहुँच वृद्धि गर्ने।<br><br>**५.५.२.५** तातो हावा (लु), सितलहर, अति गर्मी र अति जाडोबाट हुने जलवायुजन्य स्वास्थ्य सम्वन्धी समस्याबाट बच्न र यसको समाधानको लागि स्थानीय स्तरमा जोखिम न्यूनीकरणका कार्यक्रम संचालन गर्ने ।<br><br>**५.५.२.६** लिङ्ग र अपाङ्गताका आधारमा महामारी जोखिमयुक्त क्षेत्रहरूमा प्रविधि समेत प्रयोग गरी जोखिम र संकटासन्नता आंकलन गर्ने र सार्वजनिक रूपमा उपलब्ध गराउने ।<br><br>**५.५.२.७** स्थानीय स्कूल र शैक्षिक संस्थाहरूमा जलवायु परिवर्तनका कारण स्वास्थ्य तथा सरसफाईमा पर्ने असरको बारेमा जनचेतना अभिवृद्धि गर्ने ।<br><br>**५.५.२.८** महिलाको स्वास्थ्यमा लगानी अभिवृद्धि गर्न आवश्यक नीति तथा कार्यक्रम ल्याउने । | जलवायु परिवर्तनबाट सृजित रोगवाहक कीटाणु तथा संक्रामक रोगको महामारीका कारण भएको महिला तथा बालबालिकाको मृत्यु दरमा गिरावट ।<br><br>महिला र संकटासन्न समुदायमा पूर्वतयारीका लागि आवश्यक संयन्त्रको विकास भई कार्यान्वयन भएको ।<br>स्थानीय संरचनामा गरिएको सुधार र लाभान्वित महिला तथा संकटासन्नहरूको संख्या ।<br><br>स्वास्थ्य बीमामा पहुँच भएका महिला तथा संकटासन्न व्यक्तिको संख्यामा वृद्धि ।<br><br>जोखिम न्यूनीकरणका लागि संचालन गरिएका कार्यक्रम र प्रभावकारिता ।<br><br>लिङ्ग र अपाङ्गताका आधारमा महामारी जोखिमयुक्त क्षेत्रहरूमा जोखिम र संकटासन्नताको जानकारी सम्बन्धी प्रतिवेदन/प्रकाशनहरू ।<br><br>जनचेतना अभिवृद्धिका कार्यक्रमहरू र लाभान्वित छात्र छात्राहरूको संख्या ।<br><br>महिलाको स्वास्थ्यमा भएको लगानीमा वृद्धि । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, जनस्वास्थ्य कार्यालयहरू, स्थानीय सरकार, निजी क्षेत्रहरू, स्वास्थ्य बीमा कम्पनीहरू, संचार माध्यमहरू, विकासका साझेदारहरू, गैरसरकारी संघ संस्थाहरू, स्वास्थ्य क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरू | २ |

| रणनीतिहरू | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.५.३ :** जलवायु परिवर्तनबाट र स्वास्थ्य क्षेत्रमा परेको लैङ्गिक असरवारे अध्ययन अनुसन्धान गने तथा अनुकूलनका उपायहरूको पहिचान गर्ने । | **५.५.३.१** जलवायू परिवर्तनबाट र स्वास्थ्य क्षेत्रमा परेको लैङ्गिक असरबारे अध्ययन अनुसन्धान गर्ने ।<br><br>**५.५.३.२** अध्ययन अनुसन्धानका आधारमा लैङ्गिक मैत्री अनूकूलनका उपायहरूको पहिचान गर्ने ।<br><br>**५.५.३.३** अध्ययन अनुसन्धानका आधारमा स्वास्थ्य क्षेत्रको नीति तथा कार्यक्रममा लैङ्गिक मैत्री अनुकूलनलाई समायोजन गर्ने । | जलवायु परिवर्तनबाट र स्वास्थ्य क्षेत्रमा परेको लैङ्गिक असरबारे भएका अध्ययन अनुसन्धान र प्रकाशनको संख्यामा वृद्धि ।<br><br>स्वास्थ्य क्षेत्रमा पहिचान भएका लैङ्गिक मैत्री अनुकूलनका उपायहरूको अभिलेख ।<br><br>स्वास्थ क्षेत्रको नीति तथा कार्यक्रममा लैङ्गिक मैत्री अनुकूलनलाई समायोजन गरिएको । | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, विश्व स्वास्थ्य सँगठन, शैक्षिक संस्थाहरू | १ |
| **रणनीति ५.५.४ :** शहर र ग्रामीण क्षेत्रमा पानी वितरणका लागि महिला तथा संकटासन्न समुदायको सहभागितामा उनीहरूको आवश्यकता पहिचान गरी लैङ्गिक उत्तरदायी संरचना विकास गर्ने । | **५.५.४.१** शहर र ग्रामीण क्षेत्रमा पानी वितरण र यसबाट महिलालाई पर्ने असर र कार्यबोझको बारेमा अध्ययन गर्ने ।<br><br>**५.५.४.२** पानीमा महिलाहरूको सहज पहुँच विस्तार गर्न विद्यमान संरचनाहरूको आवश्यक परिमार्जन गर्दै लैङ्गिक उत्तरदायी संरचना विकास गर्ने ।<br><br>**५.५.४.३** पानीका संरचनाहरूको डिजाईन, स्थान छनौट तथा निर्माण जस्ता कार्यहरूमा महिलाको सकृय सहभागिता सुनिश्चित गर्ने ।<br><br>**५.५.४.३** पानीका संरचनाहरू महिला तथा संकटासन्न समूहका लागि पायक पर्ने उपयुक्त दुरीमा स्थापना गर्ने ।<br><br>**५.५.४.४** संरचनाहरू (सार्वजनिक धाराहरू) निर्माण गर्दा फरक लैङ्गिक आवश्यकताहरूलाई संवोधन गर्न सक्ने गरी बनाउने । | निर्णय प्रकृयामा नेतृत्व गर्ने र सकृय सहभागी हुने महिलाको संख्या ।<br><br>निर्मित संरचनाहरूप्रति महिलाको अपनत्व र जिम्मेवारी सम्बन्धी प्रतिकृया ।<br><br>पानी संकलनका लागि लाग्ने समयको वचत (घटना अध्ययन महिला र किशोर हरूको प्रतिकृया, उत्पादनशील वै कल्पिक कृयाकलापको लागि समय उपलब्ध भएको) ।<br><br>सार्वजनिक स्थानमा निर्मित संरचनाहरूमा महिला पुरुष दुवैको सहज उपयोग भएको अवस्था (महिला, किशोरीहरूको प्रतिकृया) | | १ |

## ५.६ ग्रामीण र शहरी बसोबास

| रणनीतिहरू | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.६.१ :** संकटासन्न शहरी तथा ग्रामीण वस्तीहरूमा विपद् जोखिम न्यूनीकरण तथा समग्र रूपमा उत्थानशीलता अभिवृद्धि गर्ने । | **५.६.१.१** शहरी तथा ग्रामीण महिला तथा संकटासन्न समुदाय तथा वस्तीहरूको पहिचान र अभिलेखीकरण गने ।<br><br>**५.६.१.२** अति प्रतिकूल मौसमले महिला (सुत्केरी, गर्भवती), किशोरी, बालबालिका, अपाङ्ग तथा वृद्धवृद्धाहरूमा परेका असरहरूको जानकारी संकलन गर्ने ।<br><br>**५.६.१.३** महिला एवं संकटासन्न समुदाय र वस्तीहरूलाई लक्षित जीविकोपार्जनका कार्यक्रमहरू पहिचान गरी कार्यान्वयन गर्ने ।<br><br>**५.६.१.४** महिला तथा संकटासन्न समुदायलाई लक्षित गरी सुरक्षित स्थानमा वसाई सराई गर्नका लागि कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।<br><br>**५.६.१.५** न्यून आय भएका र संकटासन्न महिलाहरूको हितलाई ध्यानमा राखि भू-उपयोग सम्बन्धी नीतिहरू माथि पुर्नविचार गर्ने ।<br><br>**५.६.१.६** विभिन्न समिति तथा सञ्जालहरूमा संकटासन्न समुदायका महिला तथा पुरुषलाई सहभागी गराउने (जस्तै : विपद् व्यवस्थापन समिति) । | संकटासन्न वस्तीहरूको पहिचान तथा अभिलेखीकरण भएको ।<br><br>प्रतिकूल मौसम र महिला एवं अन्य संकटासन्न समूहमा पर्न सक्ने असरहरूको वारेमा आवश्यक सूचना र जानकारी अद्यावधिक गरी योजना र कार्यक्रममा एकीकृत गरिएको ।<br><br>जीविकोपार्जनका वैकल्पिक अवसर प्राप्त गरेका संकटासन्न महिला पुरुषको संख्यामा वृद्धि ।<br><br>सुरक्षित स्थानमा वसाईं सराईं गर्ने परिवारको संख्या ।<br><br>सामाजिक प्रतिनिधित्व हुने विभिन्न समिति तथा सञ्जालहरूमा संकटासन्न समुदायका महिला तथा पुरुषलाई सहभागी गराउने (जस्तैः विपद् व्यवस्थापन समिति) ।<br><br>भू-उपयोग सम्बन्धी नीति कार्यक्रमहरूमा लैङ्गिक प्रावधानहरू राखिएको । | शहरी विकास मन्त्रालय,<br>स्थानीय सरकार,<br>विकासका साझेदारहरू,<br>पुनर्निर्माण प्राधिकरण,<br>गृह मन्त्रालय,<br>विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघ संस्थाहरू, भू-उपयोग सम्बन्धी अध्ययन अनुसन्धान गर्ने विज्ञहरू | १ |

| रणनीतिहरू | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.६.२ :** सुरक्षित एवं जलवायु उत्थानशील शहरी तथा ग्रामीण आवास नीति तथा कार्यक्रममा लैङ्गिक मैत्री अवधारणलाई बढावा दिने । | **५.६.२.१** सुरक्षित शहरी तथा ग्रामीण आवास नीति तथा योजनाहरूमा आवश्यक परिमार्जन गर्ने, जस्तै भवन निर्माण आचारसंहिता र शहरी विकास रणनीतिलाई लैङ्गिक मैत्री बनाउने ।<br><br>**५.६.२.२** लैङ्गिकमैत्री सुरक्षित एवं जलवायु उत्थानशील शहरी तथा ग्रामीण आवास कार्यक्रमहरू पहिचान गरी कार्यान्वयन गर्ने ।<br><br>**५.६.२.३** सुरक्षित शहरी तथा ग्रामीण आवास डिजाइनमा महिला, अपाङ्गता र अशक्तहरूको विशिष्ट आवश्यकतालाई संवोधन गर्ने र डिजाइन प्रकृयामा सरोकारवाला समूहको सहभागितालाई प्रोत्साहन गर्ने ।<br><br>**५.६.२.४** अति प्रतिकूल मौसम प्रतिरोधी आवास निर्माणका लागि भवन निर्माणका उपयुक्त मापदण्ड सुनिश्चित गर्ने । | भवन निर्माण आचारसंहिता र शहरी विकास रणनीतिलाई लैङ्गिक मैत्री बनाउन आवश्यक परिमार्जन गरिएको ।<br><br>सुरक्षित शहरी तथा ग्रामीण आवास डिजाइनमा महिला, अपाङ्गता र अशक्तहरूको विशिष्ट आवश्यकतालाई सम्वोधन गरिएको ।<br><br>डिजाइन प्रकृयामा सरोकारवाला समूहको सहभागितामा भएको वृद्धि ।<br><br>प्रतिकूल मौसम प्रतिरोधी आवास निर्माणको मापदण्ड तयार भई कार्यान्वयन भएको । | शहरी विकास मन्त्रालय, भवन निर्माण विभाग, स्थानीय सरकार, विकासका साझेदारहरू, पुनर्निर्माण प्राधिकरण, गृह मन्त्रालय, भौतिक योजना मन्त्रालय, विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघ संस्थाहरू | ३ |

| रणनीतिहरू | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.६.३ :** आधारभूत सुविधासहितको लैङ्गिक तथा सामाजिक मैत्री सुरक्षित एवं जलवायु उत्थानशील आवासलाई प्रोत्साहन गर्ने । | **५.६.३.१** सुरक्षित एवं जलवायु उत्थानशील आवासको अवधारणा तथा सुरक्षित संरचनाहरूको निर्माण सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने ।<br><br>**५.६.३.२** सुरक्षित आपतकालीन स्थानहरूको पहिचान गरी लैङ्गिक मैत्री संरचनाहरूको निर्माण गर्ने ।<br><br>**५.६.३.३** पुराना शहरहरूमा आपत्कालीन अवस्थामा भेला हुने खुला ठाउँको पहिचान र पिउने पानी, विद्युत, शौचालय आदि जस्ता आधारभूत संरचनाको प्रवन्ध गर्ने ।<br><br>**५.६.३.४** नयाँ वस्ती विकास हुँदै गरेका, हुने क्रममा रहेका र अव गरिने वस्ती विकासका स्थानहरूमा खुला ठाउँहरू पर्याप्त मात्रामा राख्नुपर्ने प्रावधानहरूलाई अनिवार्य गर्ने ।<br><br>**५.६.३.५** अव्यवस्थित सुकुम्बासी वस्तीहरूको व्यवस्थापन र शहरी विपन्नहरूको लागि सुरक्षित आवासको आवश्यक नीति तथा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने । | सुरक्षित र उत्थानशील वस्तीका सूचकहरूका वारेमा जानकार संकटासन्न महिला तथा पुरुषको संख्या ।<br><br>सुरक्षित स्थानहरूको पहिचान भई आवश्यक लैङ्गिक मैत्री संरचनाहरूको निर्माण भएको ।<br><br>सुकुम्वासी वस्तीहरूको स्तरोन्नती तथा सुरक्षित आवासका लागि तय भएका कार्यक्रमहरू र लाभान्वित महिला पुरुषको संख्या । | शहरी विकास मन्त्रालय,<br>भवन निर्माण विभाग,<br>स्थानीय सरकार,<br>विकासका साझेदारहरू,<br>पुनर्निर्माण प्राधिकरण,<br>गृह मन्त्रालय,<br>विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संघ संस्थाहरू | ३ |

## ५.७ उद्योग, यातायात र भौतिक पूर्वाधार

| रणनीतिहरू | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.७.१** उद्योग, यातायात र भौतिक पूर्वाधारका कृयाकलापहरूलाई न्यून कार्बन एवं लैङ्गिक उत्तरदायी बनाउन प्रोत्साहन गर्ने । | **५.७.१.१** हरित उद्योगको क्षेत्रमा महिलामैत्री प्रविधि र साधनको विकास गरी यस क्षेत्रमा लैङ्गिक उत्तरदायी बनाउन प्रोत्साहन गर्ने ।<br><br>**५.७.१.२.** लैङ्गिकमैत्री सवारी साधन प्रयोग तथा भौतिक पूर्वाधार डिजाइन र निमार्ण गर्ने साथै जलवायुजन्य जोखिम न्यूनीकरणका उपायहरू अनुसरण गर्ने ।<br><br>**५.७.१.३** सडक संजाल विस्तारका क्रममा गरिने वातावरणीय प्रभाव मूल्यांकन गर्दा यसबाट महिला तथा जलवायु संकटासन्न समुदायमा पर्नसक्ने जोखिमको समेत विश्लेषण गर्ने र न्यूनीकरणका उपायहरू पहिचान गर्ने । | विकास गरिएका प्रविधि र साधनका साथै हरित उद्यममा भएको महिला सहभागिताको वृद्धि प्रतिशत ।<br><br>लैङ्गिकमैत्री सवारी साधन प्रयोग तथा भौतिक पूर्वाधार डिजाइन र निर्माण साथै जलवायुजन्य जोखिम न्यूनीकरणका उपायहरू अनुसरण वृद्धि प्रतिशत ।<br><br>वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदनमा महिला तथा जलवायु संकटासन्न समुदायमा पर्नसक्ने जोखिमको समेत विश्लेषण पनि समावेश भएको । | वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र सम्वद्ध कार्यालयहरू, सडक विभाग, स्थानीय सरकार, प्रदेश सरकारका सम्बन्धित निकायहरू | ३ |
| **रणनीति ५.७.२** महिला तथा जलवायु संकटासन्न समुदायको सहज आवागमन र सहभागिता वृद्धि मार्फत् आर्थिक उन्नति अभिवृद्धि गर्ने । | **५.७.२.१** महिला तथा संकटासन्न समुदायको सहज यातायातका लागि सार्वजनिक यातायात सेवालाई प्रवर्द्धन गर्ने । यसमा हुने हिंसा विभेद र दुर्व्यवहारलाई नियन्त्रण गर्नका लागि विशेष कानुनी व्यवस्था गर्ने ।<br><br>**५.७.२.२** ग्रामीण सडक संजाल विस्तारमा, महिला तथा संकटासन्न समुदायका वासिन्दाहरूको (आधारभूत सेवा केन्द्रहरू, स्वास्थ्य चौकी, विद्यालय, कृषि सेवा केन्द्र जस्ता ठाँउ लगायत स्थानीय बजारसम्मको) सहज आवागमनलाई ध्यानमा राखी शाखा सडकहरू, गोरेटो सुधार, पुल पुलेसा निर्माण तथा वर्षात्को पानी निकासको उचित व्यवस्थालाई सुनिश्चित गर्ने । | सहज सार्वजनिक यातायातमा पहुँच प्राप्त गर्ने महिला तथा संकटासन्नहरूको संख्यामा वृद्धि, सहजताका लागि राखिएका प्रावधानहरू र प्रयोगकर्ताको सकारात्मक प्रतिकृया ।<br>ग्रामीण सडक संजाल विस्तारमा, महिला तथा संकटासन्न समुदायका वासिन्दाहरूको सहज आवागमन सुनिश्चित भएको । | वन तथा वातावरण मन्त्रालय, उद्योग तथा यातायात मन्त्रालय र सम्वद्ध कार्यालयहरू, सडक विभाग, स्थानीय सरकार, प्रदेश सरकारका सम्बन्धित निकायहरू | २ |

# ५.८ पर्यटन एंव प्राकृतिक तथा सांस्कृतिक सम्पदा

| रणनीतिहरू | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ५.८.१** पर्यापर्यटन व्यवसायमा संलग्न महिलाहरूको जोखिम र संकटासन्नता कम गर्ने । | **५.८.१.१** पर्यटन, प्राकृतिक तथा साँस्कृतिक सम्पदाहरूको संरक्षण र विकासमा जलवायुमैत्री तथा लैङ्गिक अवधारणाहरूलाई अवलम्बन गर्ने ।<br><br>**५.८.१.२** भरपर्दो, सुरक्षित एवं जलवायु उत्थानशील अवधारणा तथा सुरक्षित पर्यापर्यटन सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने ।<br><br>**५.८.१.३** पर्यटकीय क्षेत्रमा महिला तथा संकटासन्न समुदायका लागि उपयुक्त मौसम पूर्वसूचना प्रणालीको स्थापना गरी उनीहरूको पहुँच विस्तार गर्ने । | अवलम्बन गरिएको जलवायुमैत्री तथा लैङ्गिक अवधारणाहरू ।<br><br>सुरक्षित र उत्थानशील पर्यापर्यटन सूचकहरू का वारेमा जानकार संकटासन्न महिला तथा पुरुषको संख्या ।<br><br>स्थापना गरिएका/ स्तरोन्नति गरिएका पूर्वसूचना प्रणालीको संख्या र प्रभावकारिता । | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, शैक्षिक संस्थाहरू, राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरू, स्थानीय सरकार, प्रदेश सरकार, पर्यटन तथा जीविकोपार्जनको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरू, विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत संघ संस्थाहरू | ३ |
| **रणनीति ५.८.२** महिला तथा संकटासन्न समुदायका विशिष्ट आवश्यकताहरूको पहिचान संवोधन गदै पर्यापर्यटनमा आश्रित जीविकोपार्जनलाई अभिवृद्धि गर्ने । | **५.८.२.१** जलवायु परिवर्तनका कारण पर्यापर्यटनमा संलग्न महिला तथा संकटासन्न समुदायको जीविकोपार्जनमा परेको प्रभावहरूको पहिचान र विश्लेषण गर्ने ।<br><br>**५.८.२.२** पर्यापर्यटन व्यवसायमा संलग्न महिला तथा संकटासन्न समुदायका जीविकोपार्जनलाई अभिवृद्धि गर्ने विशेष सहुलियतका कार्यक्रमहरू निर्धारण गरी कार्यान्वयन गर्ने । | सम्बन्धित विषयमा गरिएका अध्ययन प्रतिवेदनहरूको संख्या ।<br><br>पहिचान गरिएका तथा संचालन गरिएका कार्यक्रम र लाभान्वित महिला तथा संकटासन्नहरूको संख्या । | संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, शैक्षिक संस्थाहरू, राष्ट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संघ संस्थाहरू, स्थानीय सरकार, प्रदेश सरकार, पर्यटन तथा जीविकोपार्जनको क्षेत्रमा कार्यरत विभिन्न संघ संस्थाहरू, विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत संघ संस्थाहरू | ३ |

# अन्तर बिषयगत सवाल सम्बन्धी कार्ययोजना

## ६.१ अध्ययन अनुसन्धान क्षमता विकास र प्रचार प्रसार

| रणनीतिहरू | क्रियाकलापहरू | सूचकहरू | जिम्मेवार निकाय | समयसीमा* |
|---|---|---|---|---|
| ६.१.१: जलवायु परिवर्तनका कारण विभिन्न क्षेत्रमा परेको लैङ्गिक तथा सामाजिक समावेशीकरणमा प्रभावहरूको अध्ययन, अनुसन्धान र लेखाजोखा गरी प्राप्त नतिजालाई नीति निर्माण तथा निर्णय प्रकृयासँग समायोजन गर्ने । | ६.१.१.१ जलवायु परिवर्तन सम्बन्धी अध्ययनहरूलाई लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बनाउन विश्वविद्यालय तथा शैक्षिक संस्था लगायत जलवायु परिवर्तनको क्षेत्रमा कार्यरत विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय संघ संस्थासँग समन्वय र सहकार्य गर्ने रणनीति बनाई कार्यान्वयन गर्ने ।<br><br>६.१.१.२ जलवायु परिवर्तनको क्षेत्रमा काम गर्ने सम्पूर्ण संघ संस्थाहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशिता सम्बन्धी संस्थागत अवधारणा र नीतिलाई अनिवार्य गर्ने ।<br><br>६.१.१.३ लैङ्गिक तथा सामाजिक उत्तरदायी जलवायु अनुकूलनसँग सम्बन्धित अध्ययन अनुसन्धानका लागि अनुदानको प्रावधान राख्ने ।<br><br>६.१.१.४ लैङ्गिक उत्तरदायी जलवायु परिवर्तनलाई विश्वविद्यालय, विद्यालय तथा अनुसन्धानका निकायहरूका पाठ्यक्रम र शैक्षिक सामग्रीहरूमा समायोजन गर्ने ।<br><br>६.१.१.५ जलवायु अनुकूलन सम्बन्धी महिला तथा संकटासन्न समुदायको प्रविधिको क्षेत्रमा सहभागिता वृद्धि गरी अनुकूलन क्षमता अभिवृद्धि गर्ने । | समन्वय र सहकार्यमा भएका कृयाकलापहरू र उपलब्धिहरू ।<br><br>जलवायु परिवर्तनको क्षेत्रमा काम गर्ने सम्पूर्ण संघ संस्थाहरूमा लैङ्गिक समानता तथा सामाजिक समावेशिता सम्बन्धी संस्थागत अवधारणा र नीति तयार गरी लागू गरिएको ।<br><br>अनुदानका कार्यक्रमहरू, लैङ्गिक सहभागिता र अनुसन्धानबाट प्राप्त परिणामहरू ।<br><br>पाठ्यक्रम र शैक्षिक सामग्रीहरूमा समायोजन गरिएको ।<br><br>सहभागिता वृद्धि गरिएका प्रविधिका क्षेत्रहरू र अनुकूलन क्षमतामा आएको परिवर्तन । | वन तथा वातावरण मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, विषयगत मन्त्रालयहरू, शैक्षिक संस्थाहरू, विज्ञहरू, प्रदेश र स्थानीय सरकारका सम्बन्धित निकायहरू, गैरसरकारी संघ संस्थाहरू | १ |

| रणनीतिहरू | क्रियाकलापहरू | सूचकहरू | जिम्मेवार निकाय | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ६.१.२ :** लैङ्गिक तथा सामाजिक उत्तरदायी सूचना र प्रसार सेवाको सुनिश्चित गर्नका लागि जलवायु विपद् व्यवस्थापन सूचना केन्द्रहरू तथा संजालहरूको क्षमता अभिवृद्धि गर्ने । | **६.१.२.१** जलवायु विपद् व्यवस्थापन सूचना केन्द्रहरू स्थापना तथा सञ्जालहरूको क्षमता अभिवृद्धि गर्नका लागि कार्ययोजना तयार गर्ने ।<br><br>**६.१.२.२** लैङ्गिक तथा सामाजिक उत्तरदायी सूचना र प्रसार सेवाको लागि सञ्जालहरू स्थापना गर्ने ।<br><br>**६.१.२.३** जलवायु विपद् व्यवस्थापन सूचना केन्द्रहरू तथा संजालहरूको लैङ्गिक उत्तरदायी सूचना र प्रसार सेवा सम्बन्धी क्षमता अभिवृद्धि गर्ने ।<br><br>**६.१.२.४** पहिचान भएका कृयाकलापलाई कार्यान्वयनका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने । | स्थापना गरिएका सञ्जालहरू र प्रभावकारिता ।<br><br>कार्ययोजना तयार भई कार्यान्वयन भएको ।<br><br>क्षमता अभिवृद्धिका लागि गरिएका कार्यक्रमहरू र कार्यसम्पादनमा आएको सकारात्मक परिवर्तन ।<br><br>कृयाकलाप संचालन गर्नका लागि गरिएको आर्थिक तथा प्राविधिक सहयोगको विवरण । | वन तथा वातावरण मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, विषयगत मन्त्रालयहरू, जल तथा मौसम विज्ञान महाशाखा, प्रदेश र स्थानीय सरकार का सम्बन्धित निकायहरू | १ |
| **रणनीति ६.१.३ :** क्षेत्रगत रणानीतिहरूको सम्बन्धित क्षेत्रमा जलवायु परिवर्तनका कारण महिला तथा संकटासन्न वर्गमा परेको वा पर्न सक्ने प्रभावको आंकलन तथा पूर्वआंकलन गरी अनुकूलनका रणनीतिहरू तयार गरी कार्यान्वयन गर्ने । | **६.१.३.१** क्षेत्रगत रणानीतिहरूको सम्बन्धित क्षेत्रमा जलवायु परिवर्तनका कारण महिला तथा संकटासन्न वर्गमा परेको वा पर्न सक्ने प्रभावको आंकलन गर्ने ।<br><br>**६.१.३.१** क्षेत्रगत रणानीतिहरूको सम्बन्धित क्षेत्रमा जलवायु परिवर्तनका पर्न सक्ने प्रभावको आंकलन तथा पूर्वआंकलन गरी अनुकूलनका रणनीतिहरू तयार गरी कार्यान्वयन गर्ने । | जलवायु परिवर्तनका कारण महिला तथा संकटासन्न वर्गमा परेको वा पर्न सक्ने प्रभावको आंकलन विवरण ।<br><br>अनुकूलनका रणनीतिहरू तयार भएको ।<br>अनुकूलनका रणनीतिहरू कार्यान्वयन भएको । | वन तथा वातावरण मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, विषयगत मन्त्रालयहरू, जल तथा मौसम विज्ञान महाशाखा, प्रदेश र स्थानीय सरकार का सम्बन्धित निकायहरू | २ |

## ६.२ लैङ्गिक योजना तथा बजेट

| रणनीति | कृयाकलाप | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ६.२ १** : महिला तथा संकटासन्न समुदायको अनुकूलन क्षमता अभिवृद्धि गर्नका लागि वित्तीय स्रो तमाथिको पहुँच सुनिश्चित गर्ने । | **६.२.१.१** जलवायु परिवर्तनसँग सम्बन्धित सबै क्षेत्रगत योजनाहरूमा लैङ्गिक उत्तरदायी बजेट तर्जुमा, कार्यान्वयन र अभिलेखीकरण गर्न आवश्यक खाका तयार गरी कार्यान्वयन गर्ने । सम्पन्न गरिएका सम्पूर्ण कार्यक्रमहरूको अनिवार्य रूपमा लैङ्गिक परीक्षण गर्ने ।<br><br>**६.२.१.२** महिला तथा संकटासन्न समुदायको अनुकूलन क्षमता वृद्धि गर्नका लागि बजेट विनियोजन गर्ने ।<br><br>**६.२.१.३** जलवायु परिवर्तन कोषमा लैङ्गिक सम्वेदनशील मापदण्ड तथा सूचकहरूको विकास गर्ने ।<br><br>**६.२.१.४** कार्यान्वयन गरिएका कार्यक्रमहरूको अनिवार्य रूपमा लैङ्गिक परीक्षण गर्ने । | खाका तयार गरी कार्यान्वयन गरिएको । सम्पन्न गरिएका सम्पूर्ण कार्यक्रमहरूको लैङ्गिक परीक्षण गर्ने अभ्यास संस्थागत भएको ।<br><br>महिला तथा संकटासन्न समुदायको अनुकूलन क्षमता वृद्धि गर्नका लागि बजेट विनियोजन गरिएको ।<br><br>जलवायु परिवर्तन कोषमा लैङ्गिक सम्वेदनशील मापदण्ड तथा सूचकहरूको विकास गरी प्रयोग गरिएको ।<br><br>लैङ्गिक परीक्षण गर्ने अभ्यास स्थापित भएको । | वन तथा वातावरण मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, विषयगत मन्त्रालयहरू, जलवायु अनुकूलनका क्षेत्रमा विभिन्न तहमा कार्य गर्ने गैरसर कारी संघ संस्थाहरू, जलवायु वित्त संयन्त्रसँग सम्बन्धित संघसंस्थाहरू, UN Women, WOCAN, नागरिक समाज | १ |
| **रणनीति ६.२ २** : सबै विषयगत क्षेत्रहरूका जलवायुमैत्री कार्यक्रम तथा यो जनाहरूमा महिला तथा संकटासन्न समुदायको लाभांश सुनिश्चित गर्ने प्रणालीको विकास गर्ने । | **६.२.२.१** लैङ्गिक विश्लेषणलाई एक आधारभूत प्रकृयाको रूपमा स्थापित गर्ने र यसका आधारमा जलवायुमैत्री लक्षित कार्यक्रमहरू निर्धारण गर्ने ।<br><br>**६.२.२.२** लैङ्गिक उत्तरदायी योजनाको तयारी र कार्यान्वयन सम्बन्धी निर्देशिका तयार गरी लागु गर्ने ।<br><br>**६.२.२.३** जलवायु अनुकूलनका कार्यक्रमहरू मा ५०% कार्यक्रम र बजेट महिला तथा संकटासन्नका लागि छुट्ट्याउने ।<br><br>**६.२.२.४** जलवायु वित्तको न्यायोचित लाभांश सम्बन्धी अध्ययन गर्ने, कार्ययोजना बनाउने र कार्यान्वयन गर्ने ।<br><br>**६.२.२.५** लाभांश बाँडफाँडको प्रभावकारिता हेर्नका लागि महिला तथा संकटासन्न समुदायको सहभागितामा अनुगमन र मूल्यांकन प्रणाली विकास गरी लागु गर्ने । | कार्यक्रमको पहिचान र योजना तर्जुमा गर्दा लैङ्गिक विश्लेषणका आधारमा गर्ने प्रकृया स्थापित भएको ।<br><br>निर्देशिका तयार गरी लागु गरिएको ।<br><br>अनुकूलनका कार्यक्रमहरूमा ५०% कार्यक्रम र बजेट महिला तथा संकटासन्नका लागि छुट्ट्याइएको ।<br><br>न्यायोचित लाभांश सम्बन्धी गरिएका अध्ययन प्रतिवेदनहरू, कार्ययोजना र कार्यान्वयनको अवस्था ।<br><br>अनुगमन प्रणालीको विकास र प्रभावकारी कार्यान्वयन । | वन तथा वातावरण मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, विषयगत मन्त्रालयहरू, जलवायु अनुकूलनका क्षेत्रमा विभिन्न तहमा कार्य गर्ने गैरसरकारी संघ संस्थाहरू, जलवायु वित्त संयन्त्रसँग सम्बन्धित संघसंस्थाहरू, UN Women, WOCAN। | १ |

## ६.३ जलवायु परिवर्तन महासन्धि प्रक्रियामा सहभागिता

| रणनीतिहरू | कृयाकलापहरू | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ६.३.१** जलवायु परिवर्तन सम्बन्धी क्षमता विकास, ज्ञानको व्यवस्थापन र सूचना प्रसारमा लैङ्गिक समानतालाई संस्थागत गर्ने | **६.३.१.१** सरकारी र अन्य सरोकारवालाहरूलाई उनीहरूका जलवायु परिवर्तन सम्बन्धी नीति, योजना, रणनीति र कार्यक्रमको तर्जुमा, कार्यान्वयन, पुनरावलोकन र अनुगमनमा लैङ्गिक मूलप्रवाहीकरण गर्न क्षमता विकासका कार्यक्रम संचालन गर्ने । | तालिम, गोष्ठी, सेमिनारहरूको संख्या, लैङ्गिक विषय समेटिएका जलवायु परिवर्तन सम्बन्धी नीति, योजना, रणनीति, कार्यक्रमहरूको संख्या । | वन तथा वातावरण मन्त्रालय, जलवायु परिवर्तन वित्तबाट नेपालमा संचालित आयोजना, परियोजनाहरू, राष्ट्रिय लैङ्गिक तथा जलवायु परिवर्तन सम्पर्क व्यक्ति | १ |
| | **६.३.१.२** अधिकार, कर्तव्य, साधन, सुविधा सहित स्पष्ट कार्यविवरण भएको राष्ट्रिय लैङ्गिक तथा जलवायु परिवर्तन सम्पर्क व्यक्तिको मनोनयन । | वेबसाइटमा राष्ट्रिय लैङ्गिक सम्पर्क व्यक्तिको नाम, कार्यविवरण । | वन तथा वातावरण मन्त्रालय, जलवायु परिवर्तन महासन्धिका सम्पर्क बिन्दु | |
| | **६.३.१.३** राष्ट्रिय लैङ्गिक तथा जलवायु परिवर्तन सम्पर्क व्यक्तिको ज्ञानको आदानप्रदान, गोष्ठी, तालिम लगायतका क्षमता विकासका कार्यक्रम । | सम्पर्क व्यक्ति सहभागी भएका क्षमता विकास कार्यक्रमको संख्या, सम्पर्क व्यक्तिले पेश गरेका प्रतिवेदनका संख्या । | जलवायु महासन्धि सचिवालयको समन्वयमा वन तथा वातावरण मन्त्रालय | |
| | **६.३.१.४** जलवायु परिवर्तनको क्षेत्रमा काम गर्ने सरकारी निकाय तथा अन्य सरोकारवालाहरूलाई लैङ्गिक रूपले भिन्न तथ्यांक (Sex dissegregated data) को संकलन, विश्लेषण र प्रयोग गर्न क्षमता अभिवृद्धि गर्ने । | तालिमहरूको संख्या, लैङ्गिक रूपले भिन्न तथ्यांक भएका जलवायु परिवर्तन सम्बन्धी प्रतिवेदन तथा प्रकाशनहरू । | वन तथा वातावरण मन्त्रालय | |
| | **६.३.१.५** जलवायु परिवर्तनले महिला र पुरुषमा पारेका भिन्न प्रभावहरू, महिलाहरूले परिवर्तनका बाहकका रूपमा खेलेका भूमिका र महिलाहरूलाई उपलब्ध अवसरहरूको अध्ययन अनुसन्धान र दस्तावेजीकरण गरी अन्तराष्ट्रिय मञ्चहरूमा प्रचार गर्ने । | दस्तावेजहरूको संख्या, प्रचार गरिएका कार्यक्रमहरूको संख्या । | वन तथा वातावरण मन्त्रालय, जलवायु परिवर्तन महासन्धिका सम्पर्क बिन्दु | |
| | **६.३.१.६** राष्ट्रिय निर्धारित योगदान (Nationallly Determined Contribution), राष्ट्रिय अनुकूलन योजना (National Adaptation Plan), राष्ट्रिय संचार (National Communication) लगायत जलवायु परिवर्तन महासन्धिसँग सम्बन्धित दस्तावेजहरूमा लैङ्गिक विषयलाई समावेश गर्ने । | दस्तावेजहरूमा भएका लैङ्गिक विषयका परिच्छेदहरू । | वन तथा वातावरण मन्त्रालय, जलावायु परिवर्तन महासन्धिका सम्पर्क बिन्दु, राष्ट्रिय लैङ्गिक तथा जलवायु परिवर्तन सम्पर्क व्यक्ति | |

| रणनीतिहरू | कृयाकलापहरू | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ६.३.२** जलवायु परिवर्तनको अन्तराष्ट्रिय प्रक्रिया र सहभागितामा लैङ्गिक तथा सामाजिक सन्तुलन र महिला नेतृत्व प्रवर्द्धन गर्ने | **६.३.२.१** जलवायु परिवर्तन महासन्धिको अन्तर्राष्ट्रिय प्रक्रियामा महिला सहभागिता बढाउन र प्रभावकारी बनाउन महिला प्रतिनिधिहरूलाई नेतृत्व विकास, अन्तराष्ट्रिय वार्ता तथा सम्झौताका सीप सम्बन्धी तालिम संचालन गर्ने ।<br><br>**६.३.२.२** जलवायु परिवर्तन महासन्धिसँग सम्बन्धित सबै सम्मेलन तथा बैठकहरूमा भाग लिने टोलीमा महिलाहरूको समान सहभागिताका लागि भ्रमण खर्चको व्यवस्था गर्ने, भ्रमण खर्च उपलब्ध हुन सक्ने स्रोतहरूको सूचना सार्वजनिक गर्ने ।<br><br>**६.३.२.२** देशका आदिवासी जनजाति तथा स्थानीय समुदायबाट जलवायु परिवर्तन महासन्धिसँग सम्बन्धित सम्मेलन तथा बैठकहरूमा भाग लिने व्यवस्थाका लागि प्रोत्साहित गर्ने, भ्रमण खर्च उपलब्ध हुन सक्ने स्रोतहरूको सूचना सार्वजनिक गर्ने । | तालिमहरूको संख्या, अन्तर र्राष्ट्रिय प्रक्रियामा सहभागी हुने महिलाहरूको संख्या, अन्तर्राष्ट्रिय प्रक्रियामा भाग लिने महिला प्रतिनिधिहरूले बैठकमा उठाएका विषयवस्तु ।<br><br>सहभागी हुने महिला र पुरुष प्रतिनिधिहरूको अनुपात ।<br><br>भाग लिएका आदिवासी जनजाति तथा स्थानीय समुदायका प्रतिनिधिहरूको संख्या । | जलवायु महासन्धि सचिवालयको समन्वयमा वन तथा वातावरण मन्त्रालय, जलवायु परिवर्तन वित्तबाट नेपालमा संचालित आयोजना, परियोजनाहरू, राष्ट्रिय लैङ्गिक तथा जल वायु परिवर्तन सम्पर्क व्यक्ति<br><br>जलवायु महासन्धि सचिवालयको समन्वयमा वन तथा वातावरण मन्त्रालय<br><br>जलवायु महसन्धि सचिवालयको समन्वयमा वन तथा वातावरण मन्त्रालय, सम्बन्धित क्षेत्रमा काम गर्ने संघसंस्थाहरू | २ |

| रणनीतिहरू | कृयाकलापहरू | सूचकहरू | जिम्मेवार निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ६.३.३** जलवायु परिवर्तन सम्बन्धी राष्ट्रिय नीति, कार्यक्रम, बजेट, वित्त र प्रविधिमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई आन्तरिकीकरण गर्ने । | **६.३.३.१** राष्ट्रिय बजेट प्रणालीमा लैङ्गिक बजेटिङ र जलवायु परिवर्तन बजेटिङ लागु गर्न वा सुदृढ गर्न सम्बद्ध कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्ने ।<br><br>**६.३.३.२** जलवायु वित्तमा महिला सञ्जालहरू, आदिवासी जनजाति र स्थानीय समुदायका संघ संस्थाको पहुँचका लागि सहजीकरण गर्ने ।<br><br>**६.३.३.३** जलवायु परिवर्तन सम्बन्धी विज्ञान, प्रविधि, अनुसन्धान र विकासमा महिला तथा किशोरीहरूको पूर्ण सहभागिता र नेतृत्व विकास गर्ने<br><br>**६.३.३.४** जलवायु उत्थानशीलतामा सहयोग पुग्ने स्थानीय, आदिवासी तथा परम्परागत ज्ञान, सिप र अभ्यासहरूको सुदृढीकरण, सुरक्षा र संरक्षण गर्ने ।<br><br>**६.३.३.५** जलवायु परिवर्तन सम्बन्धी नीति, रणनीति, योजना र कार्यक्रम तर्जुमा, कार्यान्वयन र परिमार्जन गर्दा महिला समूहहरू, र ाष्ट्रिय स्तरका महिला संगठनहरू तथा लैङ्गिक क्षेत्रमा काम गर्ने संघसंस्थाहरूको सहभागिता सुनिश्चित गर्ने | लैङ्गिक बजेटिङ र जलवायु बजेटिङमा तालिम प्राप्त जनशक्ति, राष्ट्रिय बजेट प्रणालीमा लैङ्गिक उत्तरदायी र जलवायु परिवर्तन उत्तरदायी बजेटको अनुपात ।<br><br>जलवायु वित्त प्राप्त गरी महिला, आदिवासी जनजाति तथा स्थानीय समुदायका संघसंस्थाबाट संचालित कार्यक्रमको संख्या ।<br><br>जलवायु परिवर्तन सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने संस्थाहरूमा नेतृत्व तहमा पुगेका नेपाली महिलाको संख्या, जलवायु सम्बन्धी वैज्ञानिक लेख रचना प्रकाशन गर्ने नेपाली महिला तथा किशारीहरूको संख्या ।<br><br>त्यस्ता ज्ञान, सीप र अभ्यासहरूको अभिलेख र प्रकाशित दस्तावेजहरूको संख्या ।<br><br>नीति तर्जुमा, कार्यक्रम कार्यान्वयनमा सहभागीहरूको लैङ्गिक अनुपात । | वन तथा वातावरण मन्त्रालय, अर्थ मन्त्रालय, राष्ट्रिय योजना आयोग ।<br><br>वन तथा वातावरण मन्त्रालय, जलवायु वित्तबाट नेपालमा संचालित आयोजना, परियोजनाहरू<br><br>वन तथा वातावरण मन्त्रालय, जलवायु वित्तबाट नेपालमा संचालित आयोजना, परियोजनाहरू, जलवायु परिवर्तन विषयमा नेपालमा शोध, अनुसन्धान गर्ने संस्थाहरू<br><br>वन तथा वातावरण मन्त्रालय, जलवायु वित्तबाट नेपालमा संचालित आयोजना, परियोजनाहरू ।<br><br>वन तथा वातावरण मन्त्रालय, जलवायु वित्तबाट नेपालमा संचालित आयोजना, परियोजनाहरू । | १ |

## ६.४ अनुगमन तथा मूल्यांकन

| रणनीतिहरू | कृयाकलापहरू | सूचकहरू | सरोकारवाला निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ६.४.१** : जलवायु अनुकूलनका क्षेत्रमा लैङ्गिक तथा सामाजिक उत्तरदायी अनुगमन तथा मुल्यांकन प्रणालीको विकास गरी यसलाई संस्थागत गर्ने । | **६.४.१.१** लैङ्गिक विश्लेषण, लैंङ्गिक परीक्षण र लैंङ्गिक तथ्याङ्क, सूचना र जानकारीको संकलन र व्यवस्थापन सम्बन्धी सम्वद्ध कर्मचारीको क्षमता अभिवृद्धि गर्ने ।<br><br>**६.४.१.२** सबै विषयगत क्षेत्र तथा कार्यक्रमहरूमा लैङ्गिक हिसावले मापनयोग्य लक्ष्य तथा उपयुक्त औजारहरूको विकास गर्ने ।<br><br>**६.४.१.३** कर्मचारीको जिम्मेवारी तथा सम्पादित कार्यक्रमहरूको<br>लैङ्गिक परिणामलाई कार्य सम्पादन मुल्यांकनसँग समायोजन गर्ने ।<br><br>**६.४.१.४** स्थानीय, प्रदेश तथा केन्द्र तहमा लैङ्गिक परिणाम सुनिश्चित गर्नको लागि कार्यक्रमहरूको डिजाइनमा निश्चित लैङ्गिक लक्ष्य तथा कार्यगत योजना तयार गर्ने ।<br><br>**६.४.१.५** लैङ्गिक परिणाम विश्लेषण गर्नका लागि हरेक तहमा संख्यात्मक तथा गुणात्मक तथ्याङ्क र सूचनाहरूको संकलन र व्यवस्थापन गर्ने । | क्षमता अभिवृद्धिका लागि संचालन गरिएका कार्यक्रम र कार्यसम्पादनमा आएको सकारात्मक परिवर्तन ।<br><br>लक्ष्य तथा उपयुक्त औजारहरूको विकास भई कार्यान्वयनमा आएको ।<br><br>कर्मचारीको जिम्मेवारी तथा सम्पादित कार्यक्रमहरूको<br>लैङ्गिक परिणामलाई कार्य सम्पादन मुल्यांकनसँग समायोजन गरिएको ।<br><br>कार्यक्रमहरूको डिजाइनमा निश्चित लैङ्गिक लक्ष्य तथा कार्यगत योजना (Gender Action Plan) तयार गरी लागु गरिएको ।<br><br>हरेक तहमा संख्यात्मक तथा गुणात्मक तथ्याङ्क र सूचनाहरूको संकलन र व्यवस्थापन भएको, सूचनाको सहज उपलब्धता । | वन तथा वातावरण मन्त्रालय<br>महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय,<br>विषयगत मन्त्रालयहरू,<br>विकासका नियोगहरू,<br>राष्ट्रिय ⁄ अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू, UN Women, WOCAN | १ |

| रणनीतिहरू | कृयाकलापहरू | सूचकहरू | सरोकारवाला निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ६.४.२** : लैङ्गिक तथा सामाजिक असमानताहरूको वर्तमान आधार (Baseline) तयार गर्ने र केन्द्रीय तथ्याङ्कमा एकीकृत गर्ने, लैङ्गिक तथा सामाजिक खण्डिकृत तथ्यांक संकलन तथा प्रयोगका विषयहरूलाई प्राथमिकता दिने र राष्ट्रिय संचार प्रतिवेदन (National Communication Report) मा लैङ्गिक समानता र सामाजिक समावेशितालाई आन्तरिकीकरण गर्ने । | ६.४.२.१ लैङ्गिक तथा सामाजिक तथ्याङ्क संकलन र व्यवस्थापन सम्बन्धी सम्बन्धित निकायहरू र सम्बद्ध कर्मचारीको क्षमता अभिवृद्धि गर्ने ।<br><br>६.४.२.२ जलवायु परिवर्तनका कारण विभिन्न लैङ्गिक तथा सामाजिक समूहलाई परेको असमान असरहरूवारे तथ्याङ्कहरू संकलन, व्यवस्थापन र अद्यावधिक गर्ने ।<br><br>६.४.२.३ जलवायु परिवर्तनका कारण विभिन्न लैङ्गिक तथा सामाजिक समूहलाई परेको असमान असरहरू वारे सम्बन्धित सबै विषयगत क्षेत्रहरूको आधार (Baseline) तयार गर्ने र केन्द्रीय तथ्याङ्कमा एकीकृत गर्ने ।<br><br>६.४.२.४ राष्ट्रिय संचार प्रतिवेदन (National Communication Report) मा लैङ्गिक समानता र सामाजिक समावेशितालाई समायोजन गर्ने ।<br><br>६.४.२.५ लैङ्गिक तथा सामाजिक खण्डिकृत तथ्यांक संकलन तथा प्रयोगका बिषयहरूलाई प्राथमिकता दिने ।<br><br>६.४.२.६ लैङ्गिक समानता र सामाजिक समावेशिता सम्बन्धी उपलब्धिहरू लाई सार्वजनिकीकरण गर्ने । | क्षमता अभिवृद्धिका कार्यक्रमहरू, लाभान्वित संस्था तथा कर्मचारीको संख्यासँगै तथ्याङ्क संकलन र व्यवस्थापनमा आएको सकारात्मक परिवर्तन ।<br><br>लैङ्गिक तथा सामाजिक समूहलाई परेको असमान असरहरूवारे आवश्यक तथ्याङ्कहरूको सहज उपलब्धता ।<br><br>जलवायु परिवर्तनका कारण विभिन्न लैङ्गिक तथा सामाजिक समूहलाई परेको असमान असरहरू बारे सम्बन्धित सबै बिषयगत क्षेत्रहरूको आधार (Baseline) तयार भई केन्द्रीय तथ्याङ्कमा एकीकृत भएको ।<br><br>लैङ्गिक तथा सामाजिक खण्डिकृत तथ्यांक संकलन तथा प्रयोगका बिषयहरूलाई प्राथमिकता दिईएको ।<br><br>राष्ट्रिय संचार प्रतिवेदन (National Communication Report) मा लैङ्गिक समानता र सामाजिक समावेशितालाई समायोजन भएको ।<br>राष्ट्रिय संचार प्रतिवेदन (National Communication Report) का उपलब्धीहरूलाई उपयुक्त माध्यमद्वारा सरोकारवालाहरूसम्म पुग्ने गरी सार्वजनिकीकरण गरिएको । | वन तथा वातावरण मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, विषयगत मन्त्रालयहरू, जलवायु अनुकूलनका क्षेत्रमा विभिन्न तहमा कार्य गर्ने गैरसरकारी संघ संस्थाहरू, जलवायु वित्त संयन्त्रसँग सम्बन्धित संघ संस्थाहरू, UNWomen, WOCAN | १ |

| रणनीतिहरू | कृयाकलापहरू | सूचकहरू | सरोकारवाला निकायहरू | समयसीमा* |
|---|---|---|---|---|
| **रणनीति ६.४.३:** रणनीति तथा कार्ययोजनाको प्रत्येक ५ वर्षमा आवधिक समीक्षा तथा पुनरावलोकन सम्बन्धी व्यवस्था गर्ने । | **६.४.३. १**. रणनीति तथा कार्ययोजनाको आवधिक समीक्षा तथा पुनरावलोकन सम्बन्धी व्यवस्था गर्ने । | आवधिक समीक्षा तथा पुनरावलोकन सम्बन्धी व्यवस्था भएको । | वन तथा वातावरण मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, विषयगत मन्त्रालयहरू, जलवायु अनुकूलनका क्षेत्रमा विभिन्न तहमा कार्य गर्ने गैरसरकारी संघ संस्थाहरू, जलवायु वित्त संयन्त्रसँग सम्बन्धित संघ संस्थाहरू, UNWomen, WOCAN | ५ |

(*समयसीमाः १: ३ बर्ष भित्र, २: ५ बर्ष भित्र र ३: ५ बर्ष +)

# References


- ADB. (2018). *Gender Equality and Social Inclusion Assessment of the Energy Sector*, Enhancing Social Sustainability of Energy Development in Nepal.
- Andrea J. Nightingale. (2016). Power and politics in climate change adaptation efforts: Struggles over authority and recognition in the context of political instability, Geoforum 84 (2017) 11–20.
- CBS, (2017). *National Climate Change Impact Survey 2016: Statistical Report*. Central Bureau of Statistics, Government of Nepal: Kathmandu
- Charlotte L. Sterrett. (2016). Climate Concern, Gender Equality, Women's Voice and Resilience, Guidance note for practitioners.
- CIFOR. (2013). Gender in the CGAIR Research Program on Forest, Trees and Agroforestry, A strategy for research and action (2013), Center for International Forestry Research.
- Damptey, P. T. M., & Essel, A. K. (2014). Gender Perspectives of Climate Change: Coping and Adaptive Strategies in Ghana. ABANTU for Development.
- Ensor, J. E., Park, S. E., Hoddy, E. T., & Ratner, B. D. (2015). *A rights-based perspective on adaptive capacity*. Global Environmental Change, 31, 38-49.
- FAO. (2018). Promoting gender-responsive adaptation in the agriculture sectors: Entry points within National Adaptation Plans; Briefing Note.
- Flegel, T., Alber, G., Rohr, U., Mungai, C., Davis, F., & Hemmati, M. (2009). Gender into climate policy: toolkit for climate experts and decision-makers. Druckerei Chmielorz Gmbh, Wiesbaden. [Google Scholar].
- Gama, S., Teeluck, P. and Tenzing, J. (2016) Strengthening the Lima Work Programme on Gender: perspectives from Malawi and the CBD. IIED, London.
- GESI Working Group, (2017). Gender Equality and Social Inclusion Working Group, International Development Partners Group, Nepal.
- GGCA. (2016). *Gender and Climate Change*, *A Closer Look at Existing Evidence*, Global Gender and Climate Alliance.
- GoN and UN Women. (2017). Nepal Gender Equality and Social Inclusion Profile for Humanitarian Action and Disaster Risk Reduction, Government of Nepal, Ministry of Women Children and Social Welfare and UN Women.
- GoN, (2011). *National Framework on Local Adaptation Plans for Action*. Government of Nepal, Ministry of Environment: Kathmandu
- GoN, (2017). *Climate Finance Handbook for the Federal Parliament, Provincial and Local Assemblies.* Government of Nepal and UNDP, Nepal
- Goodrich, C.G., Mehta, M., Bisht, S. (2017) Status of gender, vulnerabilities and adaptation to climate change in the Hindu Kush Himalaya: Impacts and implications for livelihoods, and sustainable mountain development. ICIMOD Working Paper 2017/3. Kathmandu: ICIMOD.
- IDS. (2008). Gender and climate change: mapping the linkages, A scoping study on knowledge

and gaps, Institute of Development Studies, University of Sussex.

- IIED/CLACC. (2009). Climate Change and the Urban Poor: Risk and Resilience in 15 of the World's Most Vulnerable Cities, International Institute for Environment and Development (IIED).
- MoALD, (2011). *Longterm Vision on Seeds and Planting Materials*. Ministry of Agriculture and Livestock Development, Government of Nepal: Kathmandu
- MoALD, (2011). *Policy on Agro-biodiversity*. Ministry of Agriculture and Livestock Development, Government of Nepal: Kathmandu
- MoALD, (2016). *Agriculture Development Strategy*. Ministry of Agriculture and Livestock Development, Government of Nepal: Kathmandu
- MoALD, (2016). *Agriculture Mechanization Strategy*. Ministry of Agriculture and Livestock Development, Government of Nepal: Kathmandu
- MoALD, (2017). *Gender and Social Inclusion Strategy for Agriculture Sector*. Ministry of Agriculture and Livestock Development, Government of Nepal: Kathmandu
- MoF, (2017). *Climate Change Financing Framework: A roadmap to systematically strengthen climate change mainstreaming into planning and budgeting*. Ministry of Finance, Government of Nepal: Kathmandu
- MoFALD (2017). *Local Governance Act*. Ministry of Federal Affairs and General Administration; Government of Nepal: Kathmandu
- MoFALD, (2018). *Synopsis of district climate public expenditure and institutional review*. Ministry of Federal Affairs and Local Development, Government of Nepal: Kathmandu
- MoFE, (2018). *Nepal National REDD+ Strategy*. Ministry of Forest and Environment, Government of Nepal: Kathmandu
- MoFE, (2019). *National Climate Change Policy*. Ministry of Forest and Environment, Government of Nepal: Kathmandu
- MoFE, (2019). *Revised LAPA framework*. Ministry of Forest and Environment, Government of Nepal: Kathmandu
- MoFSC, (2008). *Gender and Social Inclusion Strategy for Forestry Sector*. Ministry of Forests and Soil Conservation, Government of Nepal: Kathmandu
- MoFSC, (2016). *Forestry Sector Strategy (2016-2025)*. Ministry of Forests and Soil Conservation, Government of Nepal: Kathmandu
- MoHA, (2017). *Disaster Risk and Management Act*. Ministry of Home Affairs Government of Nepal: Kathmandu
- MoHA, (2018). *National Disaster Response Framework*. Ministry of Home Affairs Government of Nepal: Kathmandu
- MoHP, (2009). *Gender and Social Inclusion Strategy for Health Sector*. Ministry of Health and Population, Government of Nepal: Kathmandu
- MoHP, (2014). *National Health Policy*. Ministry of Health and Population, Government of Nepal: Kathmandu
- MoPE, (2010). *National Adaptation Programme of Action*. Kathmandu, Nepal

- MoPE, (2016). *Approach Paper of National Adaptation Plan Preparation Process*. Ministry of Population and Environment, Government of Nepal: Kathmandu
- Nepal Climate Change Support Programme (NCCSP). (2017), Annual Progress Report.
- NPC, (2011). *Climate Resilience Planning (Working Document)*. National Planning Commission, Government of Nepal: Kathmandu
- NPC, (2012). *Climate Change Budget Code, Documenting the National Process of Arriving at Multi-sectoral Consensus, Criteria and Method*. National Planning Commission, Nepal: Kathmandu
- NPC, (2013). *Thirteenth Periodic Plan*. National Planning Commission, Nepal: Kathmandu
- NPC, (2017). National Review of SGD Goals. National Planning Commission, Government of Nepal: Kathmandu
- NPC, (2019). *Approach Paper of Fifteenth Periodic Plan*. National Planning Commission, Nepal: Kathmandu
- NPC, (2019). *Long Term Vision of Nepal*. National Planning Commission, Nepal: Kathmandu
- NPC. (2017). Nepal's Sustainable Development Goals Status and Roadmap: 2016-2030, (2017), Nepal Government, National Planning Commission.
- Swim, J. K., Vescio, T. K., Dahl, J. L., & Zawadzki, S. J. (2018). Gendered discourse about climate change policies. Global environmental change, 48, 216-225.
- UN. Sustainable Development Goal (SDG), 2030 United Nations.
- UNDP. (2018). Human Development Indices and Indicators: 2018 Statistical Update, Briefing note for countries on the 2018 Statistical Update, UNDP.
- UNFCCC. (2015). Paris Agreement, UNFCCC.
- UNFCCC. (2016). Lima Work Programme on Gender, UNFCCC.


## Abbreviation of the Reference

ADB: Asian Development Bank; CBS: Central Bureau of Statistics; CIFOR: Center for International Forestry Research; CLACC: Capacity Strengthening in Least Developed Countries for Adaptation to Climate Change; FAO: Food and Agriculture Organization; GGCA: Global Gender and Climate Alliance; GoN: Government of Nepal; IDS: Integrated Development Society; IIED: International Institute for Environment and Development; MoALD: Ministry of Agriculture and Livestock Development; MoF: Ministry of Finance; MoFALD: Ministry of Federal Affairs and General Administration; MoFE: Ministry of Forests and Environment; MoFSC: Ministry of Forests and Soil Conservation; MoHA: Ministry of Home Affairs; MoHP: Ministry of Health and Population; MoPE: Ministry of Population and Environment; NPC: National Planning Commission; UNDP: United Nations Development Program; UNFCCC: United Nations Framework Convention on Climate Change.